# मधेशी आयोगको ६ वर्ष

## (२०७५-८१)

# अवसर तथा चुनौतीहरू

## (Six Years of the Madheshi Commission (2075-81)

मधेशी आयोग, नेपाल

ज्वागल, ललितपुर

# मधेशी आयोगको ६ वर्ष (२०७५-८१): अवसर तथा चुनौतीहरू

## एक विश्लेषणात्मक प्रतिवेदन

**प्रकाशकः** मधेशी आयोग, नेपाल, ज्वागल, ललितपुर

**फोन नं.:** +९७७-०१-५२६११८५

**टोल फ्रिः** १६६०० ११६१८५

**Website:** www.madheshicommission.gov.np

**Email:** madheshicommission@gmail.com

**सर्वाधिकार © मधेशी आयोग**

**कम्प्युटर मुद्रणः दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, काठमाडौँ**

# आयोगका पदाधिकारी




डा. विजय कुमार दत्त
मा. अध्यक्ष
मो. ९८५४०२२८८२



जीवछ साह
मा. सदस्य
मो. ९८५२८३३३४४



रेणु देवी साह
मा. सदस्य
मो. ९८४२८२०३२७



विजय कुमार गुप्ता
मा. सदस्य
मो. ९८४८०२४३५३



आभा कुमारी सिंह
मा. सदस्य
मो. ९८५२८२०७७९



नरेश राज खरेल
सचिव
मो. ९८४१८१३१०२

# मन्तव्य

मानव र मानवताका लागि चैतन्य विज्ञान र पदार्थ विज्ञानको मुलमन्त्र नै जीवस्य जीवो जीवनम् को रहेको छ। यी मुलमन्त्रले  मानव अधिकार र मानवीय अधिकारको मानवमैत्री र मानवीय मुल्यलाई पुर्णरुपेण् अंगीकार र स्वीकार गरेको छ । कर्मादित्य र फलादित्यको पथगामिनी हुनको लागि जयार्थी, योगार्थी, लगायतका जनरक्षार्थीको स्पन्दन र प्रतिस्पन्दनको परार्थ र परमार्थलाई व्यक्तिगत र संस्थागत भाव, भावना र भविष्यगामी हुनै पर्ने देखिन्छ । अपरिहार्य र अर्द्ध–अपरिहार्ययतालाई विभक्तियुक्तामा राख्नुपर्छ। मानवलाई मानवताको प्रबलीकरण र सबलीकरणको विद्वता मात्र हैन प्रज्ञतालाई अर्हिनस उपकरणको विनियोग हुनु पर्ने देखिन्छ । सत्यम् वदः  प्रियम् वदः जनमुखि भवः को सहि मार्गचित्र बनाउनु विकल्परहित विकल्प र अत्योत्तम पथ हुन । अदेहीमा देहि र विदेहीमा देहिको दिव्यदृष्टि पथका सबै अधिकारवादी आयोग, संघ, संस्था र सङ्गठनहरू पथिक रहेका छन्/बनेका छन् । सन्यस्थ, ज्ञानस्थ र एकलव्यी ध्यानस्थले सुर्योदयमा सौन्दर्यमात्र हैन सुर्यास्तमा पनि सौन्दर्य को परम् ध्येय र उद्देश्य देखिने समत्वमा एकत्व र एकत्वमा समत्वकै लागि मधेशी आयोगको स्थापना भएको छ।

कुनै पनि संस्था निर्माणका लागि विचार–उद्देश्य, नीति, सङ्गठन, संरचना, मानवस्रोत, भौतिक स्रोत, अनुगमन, मुल्याङ्कन र सो अनुसार पुनः कार्यसञ्चालनको आवश्यकता हुन्छ।

मानव अधिकारका सिद्धान्त र मानवीय मुल्यका अवधारणानुसार सोऽहम् पथका पथिक हुनु पर्ने हुन्छ जसवाट समाजवादको हुँदै साम्यवादतिरको वाटो अग्रसारित हुन्छ । तर, व्यवहार र आचरणमा दासोऽहम् पथ अवलम्वन गरेको देखिन्छ। कालान्तरमा वा कुनै कालखण्डमा सो सिद्धान्त यदि राज्यले अवलम्वन गरेको थियो भने सो अवस्थालाई सुधार्न पापोऽहम् को भावनालाई आत्मिकरुपले नै राज्य स्वीकार्यगरि मानवोचित्त भावना अंगीकारगरि समाधानार्थ पथका पथिक हुन्थ्ये र हुनुपर्ने हुन्छ। यसै अवस्थालाई नै सर्वस्वीकार्य गरिएको देखिन्छ। तर, नेपालीय परिपेक्षमा यि भावनालाई निषेधित गर्न प्रयास गरेको पाइन्छ। व्यक्त गर्न सक्ने लाई नै व्यक्ति भनिन्छ र सो नै मानव अधिकारको आधारभुत तत्व हुन। तर, अव्यक्तताको भुमरी यत्र, तत्र र सर्वत्र रहेको छ। वृषभको रुपधारण अझै रहेकै छ।

निश्चल र कलकल धारा प्रवाहित कहिले हुन्छ 'यक्ष जिज्ञासु' जन जन रहेका छन्। आयोग कर्मानुबन्ध र त्रृणानुबन्धमाको भावनावाट प्रेषित र सम्प्रेषित छ। त्वदियंवस्तु बाट युक्ति र तृप्ति निर्वासनाको अवस्था जटिल रहेको छ। भावशालीको अवस्था हुनुपर्नेमा रुधिरान्धताको शक्तिले आक्छादित गरेको छ।

संविधानको धारा ४२ मा सामाजिक न्याय सम्बन्धी व्यवस्था गरिएको छ र सोहि अनुसार पहिचान, पहुँच र प्रतिनिधित्वको को व्यवस्था लिखतममा गरिएको भएतापनि सो व्यवस्था उचितरुपमा व्यवहारपरक हुन नसकेको यर्थाथता लुकाएर पनि लुकिन्न ! विद्यमान अवस्थामै पहिचानभित्रको पहिचान, पहुँचभित्रको पहुँच र प्रतिनिधित्वभित्रको प्रतिनिधित्वमा गम्भिर संकट देखा परेका छन् ! वस्तुतः वर्गीयताको अवस्था 'कोसौं' टाढा रहेको छ। तथ्यपरक रोग अनुसारको औषधी जसले सामाजिक न्याय निरुपणमा प्रभावकारी भई काम गर्छ। सो अग्नितापी हुन सकेको छैन। Beating the Drum without reason & rhythm को यर्थातता विद्यमान छ। अमावशमा पुर्णिमाको खोजीको उर्ध्यण्यगमनको खोजी हुनु पर्ने हुन्छ।

अधिकार र कर्तव्यलाई हेर्न जात भित्रका वर्ग र वर्गभित्र रहेका जातहरूको यथार्थपरक समस्या समीचिनतः निदान गर्नु आवश्यक छ।

आयोगले तथ्यपरक समस्या समाधार्थ अहोरात्र कार्यमा लागेको छ ! सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय न्याय, प्रशासनिक, राजनितिक, शैक्षिक र आरक्षित अवस्थाको अध्ययन आयोगले गरि संवैधानिक दायित्व अनुसार अग्रसारित गरेको छ। अति न्युन स्रोत र साधनका बावजुद पनि स्थापनाकाल देखि नै यसले कानुनीरुपमा परिभाषित जिम्मेदारी अनुसार समस्या पहिचान, वर्ग पहिचान, लोगो निर्माण, पदाधिकारीदेखि कर्मचारी सम्म प्रविधियुक्त व्यवस्था, पञ्चवर्षिय रणनितिक योजना निर्माण, उजुरी संकलन तथा कार्वाहीको सिफारिश, मघेशको परिभाषा र जातजातिको थरको निरुपण, खण्डीकृत तथ्यांकको प्रकाशन, राज्यमा मधेशी समुदायको पहुँच र मधेश प्रोफाइल अद्यावधिक गरि प्रकाशन गरेको छ। स्थापनाको छैठो वर्षमा पनि आयोगको वेरुजु शुन्य रहेको छ र, आयोग पुरष्कृत र सम्मानित समेत भएको छ।

प्राप्त कानुनी अधिकार अनुसार, आयोगले नीति निर्माणमा सहयोगी र जनचेतनामुलक कार्यक्रम सम्पादन गर्दै आएको छ। आयोगले जनअपेक्षा अनुसार अझै धेरै गर्नु पर्ने छ तर, दक्ष मानवस्रोतमा विपन्नताको पराकाष्ठा नै रहेको छ। जनताको माग र सेवा प्रवाह आपुर्तिमा ठुलो खाल्डो रहेको छ।

यि हिमालयसरि चुनौतीहरूलाई अवसरमा रुपान्तरण गर्नु नै आयोगको र्निविकल्प विकल्प रहेको छ।

अविरामित पथका अथकित पथिक भई आयोगले कार्यहरू सम्पादन गरेको छ । नेपालीय माटोको सुगन्धलाई अझ वढि सुगन्धित गर्नु नै निसन्देह First Nation then Emotion को पवित्र भावना आयोगको रहेको छ। मुलुक दर्शन अत्यावश्यक छ । तर, मुलुकभित्र रहेका रैथाने भुमिपुत्रहरूलाई अधिकारमुखी र कर्तव्यमुखी बनाउने कार्य र जिम्मेवारी पनि लोकतान्त्रिक राज्य कै रहेको छ,समुचित हुन सकेको छैन।

मुलुकभित्र खासगरि मधेशी लक्षित र केन्द्रित दीर्घकालीन समस्या जरैदेखि समाधान गर्नका लागि सकारात्मक सोचलाई गुणात्मक शिक्षासँग, गुणात्मक शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक शीपलाई रोजगारसँग, रोजगारलाई गुणस्तर उत्पादनसँग गुणस्तरीय उत्पादनलाई उचित बजारसम्ममा, उचित बजारलाई समग्र मुलुकको विकाससँग समन्वय गर्नुपर्ने हुन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता आधारभुत आवश्यकताहरूलाई राज्यले नै सञ्चालन गर्नु श्रेयस्कर हुनेछ।

आद्रा/अदरा/अरदरा पर्वको सम्बन्धी आयोगले नवउत्खनन् गर्रे प्रयास गरेको छ जुन यसप्रकार रहेको छ :

कृषि कर्म र धर्मको लागि आवश्यक नक्षत्र आर्दा/अदरा/अरदरा नक्षत्र अत्यावश्यक नक्षत्र  हो। यस नक्षत्रमा कृषकहरूले सनातनीहरूले मात्र हैन प्रत्येक समुदायले ‘धान संस्कृति’ मा आधारित ‘कृषिकर्म’ को कार्यको प्रारम्भ गर्दछ।

नेपालको सामाजिक,सांस्कृतिक र पारम्परिक जीवनमा कृषिमै मुख्यतः आधारित रहेको कुरा सर्वविदितै रहेको छ । यस नक्षत्रमा ‘अवनी’ मा अरणीले आर्द्रता प्रदानगरि उर्जाको उर्द्धरोहन गर्दछ।

वर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्र हुन।

यी नक्षत्रहरूमा तराई–मधेशका भुगोल मिथिला,भोजपरा, अवध लगायतका क्षेत्रमा पारम्परिक संस्कृतिको रुपमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवता हरूको सामाजिक, सांस्कृतिक, धार्मिक तथा पारम्परिक भावनाहरूसँग नैतिक तथा

कर्तव्यमुखी अनुशासनमा सम्वद्धताका लागि श्रद्धापुर्वक पुजन गर्ने परम्परा रहेको छ ।

यस्तो जीवनसँग अपरिहार्य रहेको नक्षत्रको महात्विक संचारिकरण दिनानुदिन ओझेलमा पर्दै गएको छ।

मधेशी आयोगको ऐनमा अक्षरांकित अधिकार, ईतिहास र संस्कृतिको पहिचान र त्यसको संरक्षण, सम्वर्द्धन, संरक्षण र प्रवर्द्धन गर्न कार्य रहेकोले आर्दा पर्वको महत्वलाई पुर्नजागरणको लागि मधेशी आयोगले अन्तरक्रिया कार्यक्रम गरेको छ । यसरी तराई मधेशका भुगोलमा रहेका विभिन्न परम्परा, पर्व, मेला, महोत्सवलाई उजागर गर्दै जाने अठोट गरेको छ। स्थापना कालदेखी नै "नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा" तथा सरकारी सेवामा मधेशी समुदायको पहुँच विषयक कार्यक्रमहरू पूर्ण सफल भएका छन्।

**स्थापनाकालदेखि आयोगले गरेको मुख्य–मुख्य केही कार्यहरू**

१. आयोगको लागि आवश्यक पर्ने बैठक सञ्चालन नियमावली, कार्यविधि,नियमावली लगायत कानुनी दस्तावेज तयार गरि कार्यान्वयन गरिएको,

२. आयोगको पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यन्वयनको लागि नेपाल सरकारमा पेश गरिएको,

३. आयोगको लोगो, वर्षतालिका निर्माणगरि कार्यान्वयन गरिएको,

४. समुदायको वस्तुस्थिति विवरण प्रकाशित गरि सिफारिश गरिएको,

५. जनतालाई आयोगसँग सहज पहुँचका लागि आयोगलाई पूर्ण प्रविधिमैत्री बनाइ (वेबसाइट, फेसबुक पेज, एप, टोल फ्री, हटलाइन) कार्यान्वयन गरिएको,

६. न्यून स्रोत साधन तथा बजेटको अभाव भएपनि नेपालमा पहिलो मधेशी को हुन् भन्ने अध्ययन गरी मधेशी समुदायको थर सुचिकरण अध्ययन प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गरिएको,

७. हाल सम्म (६ आर्थिक वर्ष) मा आयोग शुन्य वेरुजु रहेको र आयोग सम्मानित र पुरष्कृत भएको,

८. दक्ष मानवीय जनशक्तिको आयोगमा लगभग खडेरी भएतापनि आयोगले परिभाषित कार्य अक्षरशः सुसम्पादन गरेको,

९. विज्ञहरूको सहयोगमा मधेशी समुदायको राज्यमा पहुँच अध्ययन प्रतिवेदन प्रकाशन गरि कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिश गरिएको,

१०. मधेशी समुदायका युवाहरूलाई सशक्तीकरण गर्नको निमित्त काठमाडौंमा निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको,

११. युवाहरूलाई लक्षित गरेर विभिन्न प्रदेशहरूमा लोकसेवा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको,

१२. स्थापनाकालदेखि नै 'नैतिकवान्' मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको,

१३. विभिन्न संवैधानिक निकायहरूसँग सुमधुर समन्वय गरी सहकार्यमा काम गरिएको,

१४. समन्वय र सहकार्यमा मुलुक दर्शन कार्यक्रम सञ्चालन गरि तराई–मधेशसँग हिमाल र पहाड तथा हिमाल–पहाडका जनतालाई तराई–मधेशका जनतासँग आर्थिक, सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्ध प्रबर्द्धन गर्न सहयोगी भुमिका निर्वहन गरिएको,

१५. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, नेपाली सेना जस्ता सुरक्षा निकायका प्रमुख तथा उच्चपदस्थ अधिकारीहरूसँग समय–समयमा समसामयिक विषय बारे गहन छलफल गरी नतिजामुखी निष्कर्षहरू निकालिएको र सिफारिश गरिएको,

१६. राष्ट्रिय गौरवका आयोजनाका उच्चपदस्थ अधिकारीहरूसँग कार्यान्वयनको अवस्था बारेमा गहन विमर्शगरि यथाशीघ्र कार्यान्वयन हेतु सिफारिश गरिएको,

१७. आयोगमा प्राप्त उजुरी उपर तुरुन्त कारवाहीको लागि सम्बन्धित निकायलाई सिफारिश गरिएको र सो प्रतिशत ९० प्रतिशतभन्दा बढि रहेको,

१८. आयोगले गरेका निर्णयहरूको कार्यान्वयन ९५% भन्दा बढि रहेको,

१९. सामाजिक दुर्व्यवहार तथा भेदभाव सम्बन्धी घटनाहरूमा तुरुन्त सिफारिशगरि कारवाही गराईएको,

२० नेपाल सरकारलाई समय–समयमा विभिन्न घटनाहरूबारे गम्भीर ध्यानकर्षण गराइएको,

२१. विभिन्न सरकारी तथा गैर–सरकारी संस्थाहरूसँग सहकार्य गरी लक्षितवर्गको लागि विभिन्न कार्यक्रमहरू आयोजना गरिएको,

२२. विभिन्न मुलुकहरूका NHRIs सँग Virtual र Physical तवरले सम्बन्ध स्थापितगरि लक्षित वर्गका समस्या समाधान तर्फ कार्य सम्पादन गरिएको,

२३. माटोको सुगन्ध लाई अझ अझबढि सुवासित गर्न र कानुनद्वारा परिभाषित कार्य र आयोगका १०० भन्दा बढि बैठकहरू सर्वसम्मति ढंगले सुसम्पादन गरिएको।

२४. मुलुकमा One Nation, One Constitution को एकलव्यी भावनामा कानुनको निर्माण र प्रयोग हुनुपर्ने जसबाट मुलुकको एकता, अखण्डता र सामिप्यतामा अभिवृद्धि हुनेछ जस्ता कालजयी कार्य सम्पादन गरिएको।

२५. आयोगको लोकप्रिय Slogan जहाँ समस्या त्यही आयोग । अक्षरशः कार्यान्वयनको प्रयास।

२६. आयोग सँग–सँगै रहेको वहुआयामिक समृद्धि र सुशासनको अभियान, पहुँच,रुपान्तरण र सशक्तिकरणको सुप्रस्थान आत्मसात् गरेको।

२७. आदिकालिन विश्व सभ्यताका उदगम विन्दु जनक दर्शन को अध्ययन – प्रकाशन।

२८. स्थापनाकालदेखि नै आयोगको कार्यको मुल्याङ्कन आयोगले गराएको छ।

२९. आयोगले प्राप्त उत्तरदायित्वलाई राष्ट्रिय भावका साथ अक्षरशः जिम्मेवारी निर्वहन गरेको छ।

यो अध्ययन प्रतिवेदन तयारी गर्न सम्पुर्ण प्राज्ञजन, पदाधिकारी, कर्मचारीलाई कोटीकोटी नमन र नमस्कार !

**जय जानकी, जय जनपाल**

**जय वुद्ध, जय नेपाल ।**

डा. विजयकुमार दत्त

अध्यक्ष

मधेशी आयोग।

vijay.dutta2011@gmail.com

drvijaydutta@hotmail.com

# विषयसूची


**परिच्छेद–१ः मधेशी आयोगको सिफारिसको उपलब्धि, अवसर, चुनौती र समस्या** १

१.१ पृष्ठभूमि १

१.२ मधेशी आयोगको उद्देश्य ३

१.३ मधेशी आयोगको काम, कर्तव्य र अधिकार ४

१.४ मधेशी आयोगको संरचनात्मक सङ्गठन ६

१.५ मधेशी आयोगको महत्त्व तथा प्रभाव ९

१.६ सिफारिस प्रतिवेदन २०७५–२०८१ १०

**परिच्छेद–२ः संघीयता, मधेश र मधेशी आयोग** १२

**परिच्छेद–३ः मधेश, मधेशी र समावेशीकरण** २०

**परिच्छेद–४ः मधेशी आयोगको ६ वर्षः चुनौती तथा अवसरहरू** ३५

४.१ सिफारिस तथा सुझावहरूको वर्गीकरण तथा विश्लेषण ३५

४.२ सिफारिस तथा सुझावहरूको समूहगत विश्लेषण ३६

४.३ मधेशी आयोग प्रतिवेदन सिफारिसहरू २०७६–८१ ९४

४.३.१ चुनौती ९४

४.३.२ समस्या ९९

४.३.३ उपलब्धि ११०

४.३.४ अवसर ११२

४.३.५ अपेक्षा १२१

४.३.६ सुझाव १२५

४.३.७ भावी कदमहरू १३३

**परिच्छेद–५ः खोज तथा निष्कर्ष (Findings and Conclusion)** १४०

५.१ खोज (Findings) १४०

५.२ निष्कर्ष (Conclusions) १५८

**सन्दर्भ सामग्री** १६३

# परिच्छेद–१

## मधेशी आयोगको सिफारिश (२०७५–८१) को चुनौती, समस्या अवसर र उपलब्धि (Challenges, Problems, Opportunities and Achievements of the Reports (2075-81) the Madheshi Commission)

### १.१ पृष्ठभूमी

नेपालको एकीकरणदेखि तत्कालीन राजाहरूले प्रयोग गर्दै आएको सार्वभौमसत्ता र राजकीयसत्ता विक्रम सम्वत १९०३ बाट राणाहरूमा हस्तान्तरण भएको भन्ने नेपालको संवैधानिक इतिहासको विकाशक्रमले देखाउँदछ । नेपालको अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ ले सार्वभौमसत्ता र राजकीयसत्ता राजसंस्थामा केन्द्रित गरेको हो । नेपालको संविधान, २०४७ ले राज्यशक्तिको स्रोत जनता नै हो भन्ने किटान गरे तापनि संविधानमा राजालाई प्रदान गरिएको स्वविवेकको अधिकारले गर्दा सार्वभौमसत्ता र राजकीयसत्ता राजसंस्थामा पनि निहित छ भन्ने व्याख्यामा प्रयोग हुन पुग्यो । नेपालको अन्तरिम संविधान, २०६३ ले राजसंस्थालाई विधिवत् अन्त्य गऱ्यो । सार्वभौमसत्ता र राजकीयसत्ताको लामो विवादलाई नेपालको अन्तरिम संविधान, २०६३ ले सुल्झाए तापनि संविधानको प्रस्तावनामा नै प्रवेश गेरका नयाँ विषयहरू मूलतः संविधान सभा र सङ्घीयताको सवालमा राज्यको तयारी नदेखिएकाले पहिलो संविधान सभा असफल हुन पुग्यो भने दोस्रो संविधान सभाले २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गरेको हो ।

नेपालको संविधान, २०७२ को प्रस्तावनामा नै सङ्घीयताबारे उल्लेख गरिएको छ – "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन

व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकाश र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौँ ।" यो संविधानको धारा ४ ले नेपाल "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य" घोषणा गरेको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, विशेषतायुक्त र भौगोलिक विविधता रहेको राष्ट्र हो ।

सङ्घीयता र गणतन्त्रको उपलब्धिको रूपमा सबै समुदायहरूको समुचित विकाशका लागि विभिन्न आयोगहरूको परिकल्पना गरिएको छ । नेपालको संविधान, २०७२ को भाग २७ बमोजिम विभिन्न आयोगहरूबारे व्यवस्था गरिएको छ । राष्ट्रिय महिला आयोग (धारा २५२), रााष्ट्रिय दलित आयोग (धारा २५५), राष्ट्रिय समावेशी आयोग (धारा २५८), आदिवासी जनजाति आयोग (धारा २६१), मधेशी आयोग (धारा २६२), थारु आयोग (धारा २६३) र मुस्लिम आयोग (धारा २६४) नेपालको संविधानका अति राम्रा प्रावधानहरू हुन् ।

नेपालको संविधान, २०७२ को भाग २७ धारा २६२ बमोजिम मधेशी आयोगको गठन गरिएको छ । प्रावधानअनुसार यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन् । २०७४ साल असोज २७ गते मधेशी आयोग ऐन प्रमाणित भयो । २०७५ चैत्र ७ गते यस आयोगमा प्रथम अध्यक्षको पदमा मा. डा. विजयकुमार दत्त नियुक्त हुनुभयो । अध्यक्षको पदबहाली भएको करिब दुई वर्षपछि २०७७/१०/२१ मा सदस्यको रूपमा मा. जीवछ साह, मा. रेणु देवी साह र मा. विजयकुमार गुप्ता र २०७८/३/१० मा मा. आभा कुमारी नियुक्त भई आयोगले पूर्णता पायो । तत्पश्चात् मधेशी आयोगले आफ्नो कार्य सञ्चालन गर्दै आएको छ ।

## १.२ मधेशी आयोगको उद्देश्य

मधेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामा लेखिएअनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नका लागि मधेशी आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ । यस अर्थमा, मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

मधेशी आयोगले तराई मधेशमा सामाजिक कुरीतिका रूपमा रहेको महिला हिंसा, घरेलु हिंसा, बालविवाह लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व न्यूनीकरण, दाइजो प्रथा, बोक्सी/बोक्सा प्रथा, शिक्षा, स्वास्थ्य, रोजगारी, औधोगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, चुरे क्षेत्रको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षासम्बन्धी समस्या, मिटरब्याजपीडित, पर्यावरणजन्य न्याय, बाढीपीडित, सुकुम्बासी समस्या, मानव अधिकारको अवस्था र भौतिक पूर्वाधारहरूको अवस्था, सांस्कृतिक स्थल निर्माणार्थ प्रभावकारी रूपमा कार्य गर्न, चुरेको विनाशलाई रोक्न, तराई–मधेशमा रहेका पुरातात्विक महत्त्वका मठ–मन्दिरलाई उचित संरक्षण र विकाश गर्न, विश्व–सम्पदा सूचीमा सूचीकृत गर्न र अन्य धेरै कार्यहरू गर्न अहम् भूमिका खेल्दै आएको छ ।

## १.३ मधेशी आयोगको काम, कर्तव्य र अधिकार

मधेशी आयोग ऐन, २०७४ (संशोधनसहित) को परिच्छेद ३, दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ ।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने ।

(ख) मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिश गर्ने,

(ग) मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकाश र सशक्तीकरणका लागि विशेष

कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिश गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययनअनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकाशका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिश गर्ने,

(झ) मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिश गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्षबाट भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिश गर्ने वा सुझाव दिने ।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने ।

(ढ) मधेशी समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ

संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

मधेशी आयोग ऐन, २०७४ (संशोधनसहित) को दफा ८, ९, १० र ११ ले समेत केही थप अधिकारहरू दिइएका छन् ।

(क) आयोगले आफ्नो कामकारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानूनबमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानूनबमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनका लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकताअनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।


## १.४ मधेशी आयोगको संरचनात्मक सङ्गठन

नेपालको संविधान, २०७२ को धारा २६२ ले मधेशी आयोगको सङ्गठनको व्यवस्थापन गरेको छ । यसअनुसार नेपालमा एक मधेशी आयोग रहने छ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने छन् । आयोगको प्रशासनिक कार्यका लागि नेपाल सरकारबाट व्यवस्था भएअनुसार रा. प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को

सचिवलगायत २६ जना कर्मचारी रहने गरी दरबन्दी स्वीकृत भएको छ ।

## अनुसूची १ः (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको सङ्गठन संरचना र कर्मचारी विवरण




## करार सेवा

निजी सहायक–५ जना

ह.स.चा.–५ जना

का.स.–२ जना

## कर्मचारी सङ्ख्या

| सि.नं | पद | श्रेणी | सेवा | समूह / उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | २ | |
| ४ | नायब सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | २ | |
| ५. | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६. | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७. | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | – | ५ | करार |
| ८ | ह.स.चा. | श्रेणीविहीन | | | २ | ७ | करार |
| ९ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहीन | | | ३ | ६ | करार |
| | जम्मा | | | | १३ | २६ | |

## १.५ मधेशी आयोगको महत्त्व तथा प्रभाव

नेपालको पूर्वदेखि पश्चिम, दक्षिणी भूभागमा अवस्थित मधेशका बासिन्दाको हकहितका लागि तत्परताका साथ काम गर्ने सहयोगी संस्था मधेशी आयोग हो । यस आयोगको कार्यक्षेत्र मधेश प्रदेश मात्र होइन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म करिब ८०० कि. मि. क्षेत्रमा मधेशीको बसोबास रहेको छ । राष्ट्रिय जनगणना, २०७८ बमोजिम नेपाल सरकारको सूचीअनुसार मधेशी समुदाय (थारु र मुसलमानसमेत गरी) को जनसङ्ख्या नेपालको जनसङ्ख्याको ३५.३% अर्थात् १०२९६९७० रहेको छ ।

नेपालको संविधान, २०७२ को भाग २७ को धारा २५२ मा राष्ट्रिय महिला आयोग, २५५ मा राष्ट्रिय दलित आयोग, २५८ मा राष्ट्रिय समावेशी आयोग, २६१ मा आदिवासी जनजाति आयोग, २६३ मा थारु आयोग, २६४ मा मुस्लिम आयोग र २६२ मा मधेशी आयोगको प्रावधान राखेको छ । यी सबै आयोगहरूलाई राम्रो उपलब्धि र अवसरको रूपमा हेर्नु राम्रो कुरा हो तर यहाँ चुनौती पनि छन् । यी सबै आयोगहरू कुनै न कुनै किसिमले एकअर्कासँग खप्टिएको (Overlapping) अवस्थामा छन् । मधेश क्षेत्रमा बसोबास गरिरहेका महिला दलित, थारु, मुस्लिम र आदिवासी जनजाति सबै मधेशी हुन् । मधेशका महिलाले महिलाको पहिचानको सुविधा मात्र होइन, मधेशी पहिचानको सुविधासमेत प्राप्त गर्छन् । मधेशका दलितले मधेशी र दलित दुवै पहिचानको सुविधा प्राप्त गर्छन् । थारु, मुस्लिम र आदिवासी जनजातिले पनि सो सुविधाको सुखभोग गरेका छन् । यस अर्थमा, मधेशी आयोग विशेष रहेको छ । यसको महत्त्व र प्रभाव मधेशको सबै समुदायका लागि रहेको देखिन्छ । मधेश र मधेशीको सम्पूर्ण विकाशका लागि मधेशी आयोग महत्त्वपूर्ण रहेको छ ।

## १.६ सिफारिश प्रतिवेदन २०७५–२०८१

मधेशी आयोग, २०७४ को दफा ७ (क) बमोजिम मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने भनी आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ । मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि आयोगकै हुने कुरा दफा ७ (ङ) मा दिएको छ । तसर्थ, दफा ७ (च) बमोजिम आयोगले आफूले गरेका सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने प्रावधान रहेको हुँदा २०७५–७६ देखि २०८०–८१ सम्म आयोगले सम्माननीय राष्ट्रपतिमार्फत् नेपाल सरकारलाई बुझाएका प्रतिवेदनहरूमा समेटिएका सिफारिशहरूको उपलब्धि, अवसर, चुनौती र समस्यासमेत कार्यान्वयन पक्षको सुक्ष्म विश्लेषणसहित यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

मधेशी आयोगको स्थापना काल २०७५/१२/०७ देखि २०८१/०४/१८ सम्म छ ओटा प्रतिवेदन सम्मको कार्यान्वयन, अवसर र चुनौतीहरूको सम्बन्धमा विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने भनी मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) अनुसार कार्यादेश प्राप्त भएको र आयोगको मिति २०८१/०२/२८ गतेको बैठक सङ्ख्या ९३ को निर्णय नं. ९ अनुसार मधेशी आयोगका सिफारिश, उपलब्धि, चुनौती र समस्या समाधानलगायतका विषयमा अध्ययन गर्ने, गराउने र प्रकाशन गर्ने निर्णय भएबमोजिम यो अध्ययन प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनका विशिष्टीकृत उद्देश्यहरू: (क) आयोगले गरेका सिफारिश तथा सुझावहरूको कार्यान्वयनको अवस्थाको जानकारी हुनेछ र (ख) मधेशी समुदायको सशक्तीकरणमा सहयोग पुग्ने छ ।

यस अध्ययनको कार्यक्षेत्र मधेशी आयोगद्वारा नेपालको संविधानको धारा २९४ बमोजिम सम्मानित राष्ट्रपतिमार्फत् नेपाल

सरकारलाई बुझाइएको २०७५/७६ देखि २०८०/८१ सम्मको छ वटा वार्षिक प्रतिवेदनहरूमा रहेका सिफारिशहरूको कार्यान्वयन उपलब्धि, अवसर, चुनौती र समस्या समाधानबारे अध्ययन क्षेत्र निर्धारण गरिएको छ । यसका लागि कार्ययोजना स्वीकृत पश्चात् बढीमा ३ महिनाको कार्यअवाधि प्राप्त भएको छ । यस अध्ययनबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने पक्षहरू मधेशी आयोग, नेपाल सरकार र मधेशी समुदाय हुन् ।

❑❑❑

# परिच्छेद–२

## सङ्घीयता, मधेश र मधेशी आयोग
## (Federalism, Madhesh and the Madheshi Commission)

सामूहिक सुरक्षा र उन्नतिको उद्देश्यले सङ्गठित राजनीतिक प्रणाली नै सङ्घीय प्रणाली हो । सङ्घीयता एक सन्धि (alliance) हो । राज्यहरू वा प्रदेशहरूका बीच आपसी समझदारी, सुरक्षा र विकाशका लागि यस्तो सन्धि (alliance) भएको हुन्छ । सङ्घीयतामा प्रादेशिक सरकारहरूलाई वैधानिक र कार्यकारी अधिकारहरू दिएको हुन्छ । केन्द्रीय सरकार अधिकार सम्पन्न हुन्छ तर केन्द्र र प्रादेशिक सरकारहरूबीच समझदारी र अधिकार विकेन्द्रीकरण हुन्छ । सङ्घीय सत्ता र राज्य/प्रदेश सत्ता दुवै स्वतन्त्र हुन्छन्ः कानून बनाउन र लागु गर्न सक्छन् । प्रदेश सरकार आर्थिक रूपमा सङ्घीय सरकारमा निर्भर हुन्छ । यी दुवैबिच कानून, अर्थ, भौगोलिक विषयहरूमा विवाद पनि भइ रहन्छ ।

नेपाल भौगोलिकरूपमा अति सुन्दर देश हो । हिमाल, पहाड र तराई तीनै किसिमका भौगोलिक विविधता नेपालमा पाइन्छ । प्राकृतिक स्रोतका लागि पनि धनी देश हो । नेपालको विस्तार र एकीकरण पृथ्वी नारायण शाहले गरेका हुन् । एकीकरण भएदेखि नै यो देश शाही पारिवारबाट एकल सरकारको संरचनामा लामो समय चलिरह्यो । २०४ वर्ष चलेको राजतन्त्रलाई खारेज गरी जनताको चाहना र आन्दोलनबाट "सङ्घीय गणतन्त्र" को आगमन भयो । उचितरूपमा समान आर्थिक स्रोतहरूको वितरणबाट देशका क्षेत्रहरूमा समान विकाश गर्ने आशा र विश्वासले वि.सं. २०६५/०२/१५ (May 28, 2008) मा नेपाललाई सङ्घीय प्रजातान्त्रिक गणतान्त्रिक देश घोषणा गरियो । हरेक प्रान्त/प्रदेशमा स्वतन्त्र सरकार र केन्द्रमा सङ्घीय सरकारको संरचना तयार भयो ।

सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका जनताका आकाङ्क्षाहरू पनि बढ्दै गए । आदिवासी, जनजाति, दलित, महिला, थारु, मुस्लिम, मधेशी आदि समुदायहरूको सांस्कृतिक तथा आर्थिक उत्थानका लागि विभिन्न आयोगहरू स्थापना भए । मधेशी समुदायको हकहितका लागि मधेशी आयोगको स्थापना २०७४/०६/२७ गते भएको हो । मधेश प्रदेशलगायत पूर्व–पश्चिम तराईका अन्य जिल्लाहरू काठमाण्डौ उपत्यका, पोखरा आदि क्षेत्रहरूमा समेत मधेशी समुदायको बसोबास रहेको छ । नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण (चैत्र २०८०) अनुसार झापा, मोरङ, सुनसरी, चितवन, नवलपरासी (पूर्व र पश्चिम), रूपन्देही, कपिलवस्तु, उदयपुर, सिन्धुली, मकवानपुर, दाङ, कैलाली, पोखरा उपत्यका, कास्की, काठमाण्डौ उपत्यकालगायत तराईका अन्य जिल्लाहरूसमेत गरी मधेशी समुदायको जनसङ्ख्या ७०९४७९२ (३१.९%) रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । देशको ३१.९% जनताका लागि अभिभावकको भूमिका मधेशी आयोगले खेल्दै आएको छ ।

भौगोलिक संरचनामा नेपाल हिमाल, पहाड र तराई/मधेश गरी तीन भागमा बाँडिएको छ । उत्तरी भागमा हिमालबिच भागमा पहाड र समथर दक्षिणी भू–भागमा मधेश/तराई रहेको छ । राजनीतिक प्रशासनिक संरचनामा ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहहरूमा नेपाललाई विभाजन गरिएको छ । हाल नेपालमा ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । तराई–मधेशका २१ जिल्लाहरूमध्ये मधेश प्रदेशका ८ जिल्लामा बाक्लो बसोबास रहेको छ । लुम्बिनीका ६ जिल्लाहरूमा समेत मधेशी समुदायको बाक्लो उपस्थिति छ । वागमतीको चितवन र गण्डकीको नवलपरासी पूर्वका जिल्लामा समेत मधेशी समुदायको बसोबास छ ।

नेपालको तराईको भू–भाग ३३,९९८.८ वर्ग किलोमिटर छ । नेपालको सम्पूर्ण भू–भागको २३.१% तराई क्षेत्र पर्दछ । उत्तरतर्फ हिमाल तथा पहाड रहेको दक्षिणतर्फ भारतको विहार र उत्तर प्रदेशको मध्य भागमा तराई क्षेत्र रहेको हुनाले यस क्षेत्रलाई ‘मध्य देश’ भनेको हो । यही शब्दबाट अपभ्रंश हुँदै मधेश भएको बुझिन्छ । इतिहासकार बाबुराम आचार्यका अनुसार संस्कृत

शब्द ‘मध्यम देश’ बाट ‘मज्झिम देश’ हुँदै ‘मधेश’ शब्द बनेको हो (आचार्य, नेपालको सांस्कृतिक परम्परा) । शाब्दिक अर्थमा मधेशमा बसोबास गर्ने समुदायलाई मधेशी भनिन्छ ।




तराई–मधेशका २१ जिल्लाहरूमा विभिन्न समुदायहरूको जनसङ्ख्या बढ्दै गएको छ । नेपालको बहुमत जनसङ्ख्या तराई–मधेशको समथर भू–भागमा केन्द्रित भएको छ । वि.सं. २०२८ मा ३८% जनसङ्ख्या यस भू–भागमा रहेकोमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा नेपालको कुल जनसङ्ख्याको ५३.६ प्रतिशत यही भू–भागमा बसोबास गरेको छ । तर यो अनुसन्धानको कार्यक्षेत्र मधेशी समुदायप्रति मधेशी आयोगको सद्भाव र सहकार्यबारे लक्षित रहेको छ ।

नेपाल सरकारले पहिचान गरेका मधेशी समुदायको थर सूचीअनुसार ९२ जातजातिको बसोबास तराई–मधेशमा छन् । नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवदेन, २०७८ ले पहिचान गरेका मधेशी समुदायका जात थरहरू १५१ छन् । नेपाल सरकारले राखेको सूचीमा ५९

जातथर समावेश रहेको छैन । नेपाल सरकारको सूचीमा रहेका थारु र मुस्लिम समुदाय मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ मा छैनन् । यी दुई समुदायका लागि थारु आयोग र मुस्लिम आयोग गठन भइसकेका छन् ।

राष्ट्रिय जनगणना, २०७८ ले प्रस्तुत गरेको तथ्याङ्कमा नेपालको कुल भाषा सङ्ख्या १२४ रहेको र त्यसमध्ये २९ भाषा सङ्ख्या मधेशी समुदायसँग सम्बन्धित छन् । तथ्याङ्कले देखाएअनुसार नेपाली भाषा पछि मैथिली (११.०५%) र भोजपुरी (६.२४%) छन् । मधेशी भाषाहरू बज्जिका (३.८९%) र अवधि (२.९६%) बाहेक अरु २५ मधेशी भाषाहरू बोल्नेको सङ्ख्या एक प्रतिशत भन्दा कम छ ।

मधेशको प्राचीन इतिहास कोचिला, मिथिला, भोजपुरा, मगध, अवध, थरुहट संस्कृतिहरूसँग जोडिएको छ । वर्तमान समयमा मैथिली, भोजपुरी, अवधि, थारु, राजवंशी, मुसलमान आदि संस्कृतिहरू रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ बमोजिम नेपालमा रहेका १४२ जातजातिहरू मध्ये ८० जातजाति र १२४ भाषाहरू मध्ये ३७ भाषाहरू तराई–मधेशमा पाइन्छ । तसर्थ, संस्कृति, भाषा, कला र परम्पराका कुरामा तराई–मधेश धनी रहेको छ ।

जनकपुर पूर्व र पश्चिम मैथिली संस्कृतिको प्रभाव रहेको छ । यहाँ छठ, विवाहपञ्चमी, रामनवमी, महाशिवरात्री, होली, दशहरा पूजा आदि चाडपर्वहरू प्रमुख रूपमा मनाइन्छन् । मैथिली भाषामा साहित्य, चित्रकला, मूर्तिकला आदि मिथिला क्षेत्रका राम्रा योगदानहरू हुन् । बज्जिका, भोजपुरी, अवधि, राजवंशी आदि समुदायहरूका साहित्य, कला, परम्परा, भाषामा विविधता रहेको भए तापनि अलिअलि समानता छन् । मुख्य चाडपर्वहरू जस्तै दशैं, तिहार सबैले मनाउँछन् । आ–आफ्ना समुदायका भाषा रहेको भए पनि नेपाली भाषा सबैले बुझ्छन् र बोल्छन् । भेषभूषा फरक छन् । खानेकुरा पनि फरक छन् । धार्मिक चलनहरू पनि फरक छन् । जात, धर्म, भाषा, कला, परम्परा, भेषभूषा आदि सबै पक्षहरूमा मधेशी र नेपाली दुवैमा पहिचान बनाएका छन् ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय समाजशास्त्र तथा मानवशास्त्र विभागले प्रकाशन गरेको नेपाल बहुआयमिक सामाजिक समावेशीकरण सूचकाङ्कअनुसार तराई–मधेशी ब्राह्मण क्षेत्रको प्रौढ साक्षरता नेपालमा सबैभन्दा उच्च (८०%) रहेको छ । अन्य जातजातिको साक्षरता ४५% छ र दलित समुदायको साक्षरता सबैभन्दा कम २३.१% रहेको छ (The Nepal Multidimensional Social Inclusion Index, March, 2014.)। राष्ट्रिय जनगणना, २०७८ अनुसार तराई मधेशको शिक्षाको अवस्था देहायबमोजिम छः

| क्षेत्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| नेपाल | २१३०३५९ | १८४२३०५ | ३९७२६६४ |
| पहाड | १०७१३४० | ९७५४३२ | २०४६७७२ |
| तराई | ९५४७५५ | ७८७१९६ | १७४१९५१ |
| मधेश (प्रदेश) | ३१६५९७ | १८७२५३ | ५०३८५० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

उमेरको हिसाबले १५ वर्षभन्दा माथि नेपालको कुल साक्षरता ३९७२६६४ लाई १००% मानेर गणना गर्ने हो भने पहाडको साक्षरता ५१.५% छ र तराईको साक्षरता ४३.८% छ । मधेश प्रदेशको मात्र साक्षरता १२.७% रहेको छ । ५ देखि २५ वर्ष सम्मको साक्षरता तथ्याङ्क देहायबमोजिम छः

| क्षेत्र | साक्षरता | प्रतिशत |
|---|---|---|
| नेपाल | ९३०७५३८ | |
| पहाड | ३३३९७४८ | ३५.९% |
| तराई | ५३५७२७९ | ५७.६% |
| मधेश (प्रदेश) | २३६३१८८ | २५.४% |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

उपर्युक्त तथ्याङ्कले बताएअनुसार युवा शिक्षा सबैभन्दा राम्रो तराईमा नै छ । युवा साक्षरता तराईमा ५७.६% छ । मधेश प्रदेशमा मात्र २५.४% युवा साक्षरता रहेको छ । सारांशमा तराई–मधेश अत्याधिक साक्षर क्षेत्र रहेको देखिन्छ ।

तराई–मधेशमा विभिन्न संस्कृतिहरू पाइन्छ । राजा जनक र जनकपुरको स्थापित संस्कृति मैथिली संस्कृति हो । हिन्दू धर्मावलम्बीहरूका लागि आस्थाको केन्द्र जनकपुर हो । यस क्षेत्रको धार्मिक प्रतिक जनकको पुत्री सीता (जानकी) हुन् । मिथिला राज्यको राजधानी जनकपुर रहेको कुरा हिन्दू धार्मिक ग्रन्थले पनि बताउँदछ । जनकपुरको बोर्डर पारी मधुवनी, सीतामदी, दरभङ्गा समेत मिथिला राज्य भित्र थियो । मिथिला राज्यको इतिहास नेपालको शाह वंशले एकीकरण गरेको समय भन्दा धेरै पुरानो हो । यस क्षेत्रको समुदायको विवाह बोर्डर/सीमा वारि र पारी हुने गर्दछ । यहाँको परम्परागत भेषभूषा धोती कुर्ता र साडी ब्लाउज नै हो ।

पश्चिम तराई–मधेश भू–भागभित्र रहेका नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर आदि क्षेत्रहरूमा मिथिला क्षेत्रकोभन्दा फरक संस्कृति र परम्पराहरू पाइन्छ । भोजपुरी, अवधि, थारु आदि भाषाहरू बोलिन्छ । भारतका उत्तर प्रदेश र बिहारका अवधि भाषा, संस्कृति र कला यस क्षेत्रमा पनि पाइन्छ । हिन्दू, बौद्ध र मुस्लिम धर्मका अनुयायीहरू यहाँ छन् । मध्यपश्चिम क्षेत्रमा बौद्ध धर्मको अनुयायीहरूको सङ्ख्या धेरै छन् ।

पूर्व र पश्चिम तराई मधेशमा हिन्दू धर्मशास्त्रहरूको प्रभाव कला र साहित्यमा समेत परेको छ । रामलीला, कृष्णलीला, भजनकीर्तन, झिझिया नाच गर्ने सामान्य परम्परा चलि आएको छ । पूर्वतिर अष्टजाम र पश्चिमतिर दोहा र भजनहरू हुने चलन अझै छन् । पूजापाठ, व्रत, चाडपर्व मनाउने चलन छ । लोकचित्रकला, भित्ते चित्र, भूमि चित्र, पाची, गोदना कोर्ने, मेहँदी लगाउने आदि सांस्कृतिक कार्यहरू पूर्वदेखि पश्चिमसम्म नै हुने गर्दछ ।

सन्  २०२० (वि. सं. २०७७) मा दिपक दुवेले गरेका अध्ययन अनुसन्धान (Comparison of Socio Economic Development of Terai and Nepal) मा बताएएअनुसार सन्  २००४ (वि. सं. २०६१), सन् २०११ (वि. सं. २०६८) र सन्  २०१९ (वि. सं. २०७६) को तुलनात्मक अध्ययन अनुसार साक्षरता दर ५५%, ६५% र ७२% तराईमा र ४९%, ६०% र ६९% नेपालको छ । यस अर्थमा, देशको समग्र साक्षरता दरको तुलनामा तराईमा राम्रो छ । GDP (Gross Domestic Product) वृद्धि दर (Growth rate) ५%, ५% र ७.२% तराईमा र ४.७%, ३.४% र ७.१% नेपालमा रहेको छ । GDP वृद्धि दर तराईकै राम्रो देखिएको छ । प्रतिव्यक्ति आय दर (Per Capita Income) ३००, ६२९ र ११०० अमेरिकन डलर (USD) तराईमा रहेको छ । नेपालमा प्रतिव्यक्ति आय दर २८६, ६१० र १०३४ अमेरिकन डलर रहेको छ । यस अर्थमा, सामाजिक आर्थिक विकाशको सन्दर्भमा नेपालभित्र तराईले नेतृत्व गरिरहेको छ ।

भौगोलिक विविधताले गर्दा नेपालमा हावापानी तथा वातावरणमा समेत विविधता पाइन्छ । ५९ देखि ८८४८ मि. अक्षांश रहेको नेपालको हावापानीमा धेरै विविधता छ । नेपालको क्षेत्रफल (१४७,५१६ वर्ग कि. मि.) लाई हिमाल ३५%, पहाड ४२% र तराई २३% मा विभाजन गरिएको छ । देशको उष्ण प्रदेशीय क्षेत्र र अन्नको भण्डारको रूपमा परिचित तराई सुन्दर जङ्गल, खाद्यान्न उत्पादनका लागि उर्वर भूमि र विभिन्न किसिमका जङ्गली जनावरहरूका अवस्थिति भएको क्षेत्र हो ।

सामान्यतः न्यानो हावापानी भएको क्षेत्र हो– तराई । गर्मी मौसममा धेरै गर्मी, जाडो मौसममा धेरै चिसो र वर्षा मौसममा धेरै वर्षा हुने क्षेत्र हो । पृथ्वीको जलवायु परिवर्तनले गर्दा मौसमको भविष्यवाणी गर्न सकिने अवस्था रहेन । बाढी, खडेरी जस्ता प्राकृतिक विपद्हरूले गर्दा तराई क्षेत्र विक्रान्त भएको छ । हावापानी, वातावरणमा आएको परिवर्तन चुनौतीको रूपमा देखिएको छ (साह, The Impact of Climate Change in Nepal & Terai Region)।

प्राकृतिक स्रोतहरूका लागि पनि तराई–मधेश धनी क्षेत्र हो । बेंगाल टाइगर र एक सिङ्गे गैंडा पनि तराईका राष्ट्रिय निकुञ्जमा पाइन्छ । कमन लिओपार्ड, एसियन हात्ती, एसियाका विभिन्न चराचुरूङ्गीहरू, माछा, सरसृप (Reptiles) सँगै विभिन्न किसिमका सालरुख, नदीहरू, वनजङ्गल र घाँसे मैदानहरू छन् । नेपालका चुरे क्षेत्रहरू तराई–मधेशमा नै छन् । WWF – Terai Arc Landscape ले २४७१० वर्ग कि. मि. ओगटेको छ जसमा ६ ओटा संरक्षित निकुञ्जहरू स्थापित छन् र यसमा खाद्यान्न, इन्धन र औषधीका लागि लाखौँ मानिसहरू भर परेका छन् ।

मधेशी समुदायको पहिचानका लागि नेपालमा राजनैतिक परिवर्तन आवश्यक थियो। मधेशी जनताले आफ्नो पहिचानको स्थापनाका लागि सदैव सङ्घर्ष गरेका छन् । देशको हरेक राजनैतिक आन्दोलनमा आफ्नो सहभागिता जनाएका छन् । प्रजातन्त्र र सङ्घीयताको आन्दोलनमा समेत धेरै संख्याले सहभागिता जनाएका थिए–केवल मधेश र मधेशी जनताको पहिचान र विकाशका लागि। सङ्घीय गणतान्त्रिक परिवर्तनका लागि मधेशी जनताले बलिदान दिएका छन् । मधेशी आयोग यही बलिदानको उपज हो । राज्यको हरेक निकायमा प्रतिनिधित्त्वका लागि समावेशीकरणको सिद्धान्त लागु भएको कारण पनि यही हो । आफ्नो पहिचान स्थापना गरेसँगै राजनैतिक तहमा निर्णय गर्ने प्रक्रियामा समेत मधेशी समुदायको राम्रो पँहुच रहेको छ ।

❑❑❑

# परिच्छेद–३

## मधेश, मधेशी र समावेशीकरण (Madhesh, Madhesi and Inclusiveness)

सङ्घीय प्रणालीले आपसी गणित र सहमतिका सर्तहरूको आधारमा सबै तहका सरकारहरूबीच समावेशी नीति र सहयोगलाई प्रवर्द्धन गरी भेदभाव र असमानतालाई सम्बोधन गर्दछ । यस अर्थमा सङ्घीयता भनेको स्वायत्तता मात्र होइन, सबै तहका सरकारहरूबीचको समावेशी सहयोग पनि हो । किनभने केन्द्रीय संरचना सबै प्रदेशको समानुपातिक वा समान सहभागितामा स्थापित हुन्छ । सङ्घीयता स्वतन्त्रता, समानता, समृद्धि र मानवअधिकारको ग्यारेन्टी गर्ने र असमानतासम्बन्धी सबै प्रावधान तथा समस्या हटाउने प्रणालीको रूपमा अभ्यास गरिएको छ (भट्टचन, २००३) । घरेलु विविधता सङ्घीयताको मुख्य आधार हो किनभने यसको साझा लक्ष्य विविधतामा सहिष्णुता निर्माण गर्नु हो ।

नेपालको प्रजातन्त्रको प्रारम्भिक समयमा सन् १९५० को दशकमा बेदानन्द झाको नेतृत्वमा रहेको तराई कांग्रेस नामको मधेशको क्षेत्रीय राजनीतिक दलले लोकतन्त्रको आगमनपछि सङ्घीयताको अवधारणा अघि सारेको हो भनिन्छ (हच्छेथु २०१७) । यो दलले मधेशलाई स्वायत्त राज्यको रूपमा चिनाउन माग गरेको थियो । तराई मूलका जनतालाई सरकारमा थप जागिर दिनुपर्ने पार्टीको कडा माग थियो । यो दल र यसका मागहरूले राजतन्त्रमा राजनीतिक बहसमा परिवर्तनका लागि आवाज उठाएकाले राम्रो प्रभाव पार्‍यो । सन् १९६० को दशकदेखि निर्दलीय पञ्चायत व्यवस्थाले केही अल्पसंख्यक प्रतिनीधिहरूलाई आधिकारिक पद दिएर नयाँ राजनीतिक संस्कृतिको विकाश गरेको थियो । यो सानो तर प्रथम समावेशी अभ्यास थियो । पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको आगमनसँगै सन् १९९० को दशकमा नेपाल सदभावना पार्टी, राष्ट्रिय जनमुक्ति र अन्य राजनीतिक दलहरूले सङ्घीयता, स्वायत्तता जस्ता कुराहरू उठाएका थिए तर

सफल भएनन् (भट्टचन, २००३) । क्षेत्रीय स्वायत्तता, सबै किसिमका भेदभावको अन्त्य, र सहिष्णुताको वृद्धि, समावेशीका मुद्दाहरू उठेका थिए तर राजतन्त्र सहितको बहुदलीय व्यवस्थामा यी ऐजेन्डाहरू अघि बढ्न सकेन ।

सन् १९९६ को माओवादी विद्रोहबाट सङ्घीयताको बहस चर्को भयो । क्षेत्रीय स्वायत्तता जातीय पहिचान (ओगुरा, २००८), राजनीतिक तथा प्रशासनिक पुनर्संरचनाको आवाजले सङ्घीय राज्य स्थापनाको आह्वान बढ्दै गयो । संयुक्त पपुलर फ्रन्ट नेपालले ४० वटा माग राखेर आन्दोलन गऱ्यो । राष्ट्रिय पुनर्संरचनासहित क्षेत्रीय स्वायत्तता र क्षेत्रीय विभेदको अन्त्यको माग पनि राखेको थियो । सन् २००६ को बृहत् शान्ति सम्झौता (सिपिए) र सन् २००७ को पहिलो अन्तरिम संविधान जारी भएपछि तराईमा विरोध प्रदर्शन सुरू भयो । अन्तरिम संविधान संशोधन र तराईमा प्रदेश स्थापना हुनुपर्ने माग राख्दै मधेशी जनअधिकार फोरम र नेपाल सद्भावना पार्टीले संयुक्त प्रदर्शन गरेका थिए ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक निर्वाचन प्रणाली, मधेशी क्षेत्रीय स्वायत्तता, आन्तरिक औपनिवेशिकताको अन्त्य, आत्मनिर्णयको अधिकार, भूमि अधिकार, प्राकृतिक स्रोतसाधनमा अधिकार, जैविक विविधता, जातीय र क्षेत्रीय भेदभावबिना सबै मधेशीलाई नागरिकता पाउने अधिकार जस्ता मागहरू राखेका थिए (ICG, 2011) । सन् २०१५ मा जारी भएको नेपालको वर्तमान संविधान २०७२, ले एक–दुई अधिकार बाहेक सबै समेटेको छ ।

नेपालको वर्तमान संविधानमा समावेशीताका धारणा, प्रयोजन र प्रयोग समावेश गरेको पाइन्छ । समावेशीताको उद्देश्य ऐतिहासिक असमानता र अन्यायहरूलाई सम्बोधन गर्ने हो जुन भौतिक स्रोतहरूमा पहुँच र व्यक्तिको व्यक्तिगत प्रतिकारात्मक अर्थहरूको परिणामको रूपमा आउँछ । समावेशीता एक महत्त्वाकांक्षी प्रक्रिया हो जसलाई निरन्तर सङ्घर्षको आवश्यकता पर्दछ किनभने जनसांख्यिकीय वर्गीकरण र भेदभावपूर्ण, असमान र अन्यायपूर्ण दृष्टिकोणहरू अझै पनि हाम्रो समकालीन समाजमा कायम छन् । जस्तै

टोकनवादी 'बहुसांस्कृतिकता' को विचार जसले प्रतिकारात्मक भिन्नताहरू देखाउँछन्, तर आवश्यक रूपमा सामाजिक पहुँचको दरमा सुधार गर्दैन । मध्यवर्ती कार्यहरू महत्त्वाकांक्षी हुँदा पनि परिणामहरू प्रायः निराशाजनक हुन्छन् ।

समावेशीताको उद्देश्य प्रतिकारात्मक भिन्नताहरूको पहिचान हासिल गर्नु हो र पुनर्वितरणको माध्यमबाट वस्तुगत भिन्नताहरूलाई अझ बढी समानुपातिक रूपमा साझा गरेर सम्बोधन गर्नु हो । अभ्यासमा समावेशीताले असमानता र अन्यायका तत्त्वहरूलाई समावेश गर्दछ तर यी अभ्यासहरू वस्तुगत भिन्नताहरू प्रति पूर्वाग्रहविना नै हुन्छन् । जब अल्पसंख्यक समुदायले कुनै प्रभावशाली भाषा बोल्छन् वा कुनै प्रभावकारी संस्कारलाई अँगाल्छन् वा जातीय विशेषको वा भाषा विशेषका लागि विद्यालय खोल्छन् भने त्यसमा बहिष्कारको वा आत्मसात गर्ने विचारको प्रतिध्वनी आउँछ । बहिष्कारको वा आत्मसातको सङ्केत गर्दछ । दुवैको मध्यमार्गी रूपमा समावेशीताको सिद्धान्त लागु हुन्छ । समावेशीताको लक्ष्य सहभागिता विस्तार गर्नु हो । स्रोतहरूमा समान पहुँच प्रदान गर्नु हो र प्रतीकात्मक अन्तरक्रियाको सन्तुलित पारस्परिक प्रवाह र भौतिकलगायत अन्य सबै स्रोतहरूमा समान पहुँचलाई समर्थन गर्नु हो । सामाजिक समावेशीकरण संसारकै सबैभन्दा जीवन्त मुद्दा हो ।

नेपालमा आदिवासी जनजाति, महिला, मधेशी र अन्य सीमान्तकृत समुदायहरू छन् । समावेशीकरणको विषय सदैव राजनीतिक एजेन्डाको रूपमा प्रस्तुत हुँदै आएको छ । शिक्षा, विकाश प्रशासन, अर्थ आदि सबै विषयहरूमा समावेशीकरणको बहस हुने गर्दछ । कुनै कार्य वा अभ्यास वहिष्करणीय छ भन्ने तथ्यलाई हेर्दा त्यसको विरोध हुने गर्दछ । समावेशी सहभागितामूलक अभ्यास मात्र आत्मसात् गरिने माग बढेको छ । नेपालको संविधान, २०७२ (सन् २०१५) ले समावेशीताको सिद्धान्तलाई सम्बोधन गरेको छ । समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात

गरेको छ । साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकाशका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ (मधेशी आयोगको छैठौँ वार्षिक प्रतिवेदन, २०८०/८१, पृष्ठ iii) ।

नेपालको संविधान, २०७२ को भाग १ धारा ४ ले "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भनेर उल्लेख गरेको छ । समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरेको र सोहीबमोजिम विभिन्न धारा उपधाराहरूमा यसबारे व्यवस्थाहरू गरेको पाइन्छ । धारा ३८(४) बमोजिम महिलाको हकमा समावेशीकरणको व्यवस्था गरेको छ । "राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।" दलितको हकमा धारा ४० मा व्यवस्था गरेको छ, जसअनुसार "राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीको अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्त्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ ।"

धारा ४२ ले सामाजिक न्यायको हक स्थापित गरेको छ । यसको उपधारा १ बमोजिम "आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेको महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।" यसै सामाजिक न्यायको सिद्धान्तको कार्यान्वयनका लागि विभिन्न आयोगहरू गठन गरिएको

छ जस्तै महिला आयोग, दलित आयोग, मधेशी आयोग, थारू आयोग, मुस्लिम आयोग ।

समावेशीकरणको सिद्धान्त सामाजिक न्यायको प्रयोजनका लागि धारा २५८ अनुसार राष्ट्रिय समावेशी आयोग नै गठन गरिएको छ । धारा २५९ (१) मा राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार दिएका छन् र यी सबैको सम्बन्ध सामाजिक न्याय र समावेशीकरणको सिद्धान्तसँग रहेको छ ।

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकाश सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकाश र समृद्धिका लागि अबलम्बन गर्नुपर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तकृत समुदायसम्बन्धी कानूनमा समयानुकूल परिमार्जनका लागि सिफारिश गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकाश सूचकाङ्कसम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिश गर्ने ।

नेपालको संविधान, २०७२ को धारा २६१ ले आदिवासी जनजाति आयोगको व्यवस्था गरेको छ । धारा २६३ ले थारू आयोग गठन गरेको छ । धारा २६४ ले मुस्लिम आयोगको व्यवस्था गरेको छ । आदिवासी जनजाति हिमाल र पहाडका समुदाय भनेर चिनिए तापनि देशको सबै क्षेत्रहरूमा छरिएका छन् र संवैधानिक सुविधाहरू प्राप्त गरिरहेकाछन् । सामाजिक न्याय तथा समावेशीकरणका सन्दर्भमा गठन भएका माथि उल्लेखित आयोगहरूका स्थापना र व्यवस्थाको प्रेरणात्मक स्रोत तराई–मधेशको मधेश आन्दोलन नै हो । (हच्छेथु २०१७; भट्टचन, २००३) । यस अर्थमा, तराई–मधेशको भूमिका र धारा २६२ बमोजिम स्थापित मधेशी आयोगको भूमिकाबारे विस्तृत चर्चा आवश्यक हुन्छ ।

तराई–मधेशमा सन् १९५० कै दशकदेखि सङ्घीयता, स्वायत्तता, समावेशीकरण, भेदभावको अन्त्य, सहिष्णुताको सुदृढीकरण जस्ता मुद्दाहरू उठेका थिए । वि.सं. २०४७ (सन् १९९०) को अन्तरिम संविधान जारी भएदेखि तराई–मधेशमा क्षेत्रीय दलहरूले माथि उल्लेखित मागहरूसहित आन्दोलन गरिरहेका थिए । सन् १९९६ को माओवादी विद्रोहले सङ्घीयताको बहसमा मलजल नै गर्‍यो । राजनीतिक परिवर्तनका लागि विद्रोह र आन्दोलन दुवै उचाइमा पुग्यो । यसकै उपज हो नेपालको संविधान – २०७२, जसले माथिका सबै मागहरू पूरा गरेका छन् । धारा २६२ बमोजिम स्थापित मधेशी आयोगले तराई–मधेशमा यी उपलब्धिहरूको संरक्षण गर्नुपर्ने दायित्व बोकेको छ ।

नेपालको संविधान, २०७८ को भाग ४ को धारा ५०(१) मा राज्यको निर्देशक सिद्धान्तहरूअन्तर्गत उल्लेख भएबमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने राज्यको निर्देशक सिद्धान्त रहेको छ ।

राज्यका नीतिहरूअन्तर्गत धारा ५१ (ञ) (१०) अनुसार मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान सशक्तीकरण र विकाशका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको व्यहोरा छ ।

नेपाली सेनालाई समावेशी बनाउने हेतुले धारा २६७ (१) मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने व्यवस्था गरिएको छ । धारा २६७ (३) मा व्यवस्था गरिएअनुसार नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानूनबमोजिम सुनिश्चित गरिनेछ । यसै बमोजिम सैनिक सेवा नियमावली, २०६९ (चौथो संशोधन, २०७८) को दफा ५(२) मा समावेशीताका लागि आरक्षित ४५% मध्ये २८% मधेशी समुदायका लागि छुट्याइएको छ ।

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७, निर्वाचन आयोगबाट गरिएको अनुसन्धानमा वि.सं. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनमा संविधान तथा निर्वाचन कानूनमा व्यवस्था भएबमोजिम महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति वा

अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्त्व हुनेगरी निर्वाचित जनप्रतिनिधिहरूको सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहको व्यवस्थापिका बनेको व्यहोरा लेखिएको छ । स्थानीय तहमा ४०.७५%, प्रदेश सभामा ३४.४०%, प्रतिनिधिसभामा ३३.५३% र राष्ट्रियसभामा ३७.३०% महिला तथा समावेशी समूहको प्रतिनिधित्त्व रहेको थियो । सामाजिक समावेशी दृष्टिकोणले मधेशी र दलितको प्रतिनिधित्त्व स्थानीय तहमा क्रमशः १६% र २४% प्रदेश सभामा क्रमशः १८% र ६%; प्रतिनिधि सभामा क्रमशः १७% र ७%; र राष्ट्रिय सभामा क्रमशः ८% र १२% रहेको थियो ।

## निजामती सेवा ऐन

नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण, २०८० मा उल्लेखभएबमोजिम निजामती सेवा ऐनको दफा (७) मा पदपूर्तिसम्बन्धी व्यवस्था गरी विशिष्ट श्रेणीबाहेकका पदमा खुला र बढुवाद्वारा पदपूर्ति गरिने प्रतिशत निर्धारण गर्दै खुलाद्वार पदपूर्ति गर्दा कुल पदको पैँतालीस प्रतिशत पद विभिन्न समूह र भूगोलका लागि आरक्षण गरिएको छ। खुला प्रतियोगितामा आरक्षणको व्यवस्था गर्दै निर्धारितमध्ये पैँतालीस प्रतिशत कायम हुन आएकोलाई शतप्रतिशत मानी महिला, मधेशी, आदिवासी/जनजाति, दलित, पिछडिएको क्षेत्र र अपाङ्ग गरी छ समूहमा बढीमा तेत्तीसदेखि कममा चार प्रतिशतसम्म रहनेगरी आरक्षण गरिएको छ । मधेशी, दलित, आदिवासी/जनजातिका लागि थरलाई आरक्षण दिने आधारका रूपमा लिइएको छ। आरक्षित पदसङ्ख्यामध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, अपाङ्गलाई ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद सुरक्षित गरिएको छ।

## सशस्त्र प्रहरी नियमावली

सशस्त्र प्रहरी नियमावली २०७२ (तेस्रो संशोधन, २०८०) को दफा ९ (३) मा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ :

(क) महिला – बीस प्रतिशत

(ख) आदिवासी/जनजाति – बत्तीस प्रतिशत

(ग) मधेशी – अट्ठाईस प्रतिशत

(घ) दलित – पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र – पाँच प्रतिशत

**प्रहरी नियमावली**

प्रहरी नियमावली, २०७१ (दशौँ संशोधन २०७८) को दफा ९ को उपदफा (५) मा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिश मानी देहायबमोजिमका उम्मेदवारबीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ भन्ने व्यवस्था गरिएको छ :

(क) महिला – बीस प्रतिशत

(ख) आदिवासी/जनजाति – बत्तीस प्रतिशत

(ग) मधेशी – अट्ठाईस प्रतिशत

(घ) दलित – पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र – पाँच प्रतिशत

**शिक्षक सेवा नियमावली**

शिक्षक सेवा नियमावली, २०५७ (एघारौँ संशोधन, २०७८।०९।१९) को दफा ११ (क) ले शिक्षक सेवालाई समावेशी बनाउनुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्थाअनुसार सामुदायिक विद्यालयहरू नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने शिक्षक पदमध्ये तराई–मधेशमा बसोबास गर्ने मधेशी आदिवासी/आदिवासी, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायलाई २२ प्रतिशत पद छुट्याई छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्नुपर्ने व्यवस्था गरिएको छ।

**स्वास्थ्य सेवा नियमावली, २०५३**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५३ को दफा ८ को उपदफा (५) मा स्वास्थ्य सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेद्वारहरूका बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ :

(क) महिला – बीस प्रतिशत

(ख) आदिवासी/जनजाति – बत्तीस प्रतिशत

(ग) मधेशी – अट्ठाईस प्रतिशत

(घ) दलित – पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र – पाँच प्रतिशत

**छात्रवृत्ति नियमावली**

छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० (२०७७ जेष्ठ मसान्तसम्मको संशोधित) को दफा १० (क) ले नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायलाई आरक्षण गरी त्यसको २० प्रतिशत मधेशी समुदाय र २ प्रतिशत मुस्लिम समुदायका लागि छुट्याइएको छ।

**प्रदेशस्तरीय कानूनी व्यवस्था**

नेपालका सातवटै प्रदेश सरकारहरूले समावेशीकरणको नीति प्रवर्धन गर्दै निजामती सेवा ऐनमार्फत् आरक्षणको व्यवस्था कार्यान्वयनमा ल्याएका छन् । उक्त व्यवस्थाअनुसार मधेशी समुदाय तथा अन्य समुदायहरूका लागि आरक्षित सिट प्रतिशत देहायअनुसार रहेका छन् :

**कोशी प्रदेश**

कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकको दफा ५ प्रदेश निजामती सेवा ऐनलाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद

छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेद्वारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने प्रावधान राखिएको छ । यस प्रावधानअनुसार मधेशी समुदायलाई पाँच प्रतिशत आरक्षण प्राप्त भएको छ।

| | | |
|---|---|---|
| (क) | आदिवासी/जनजाति | – पैँतीस प्रतिशत |
| (ख) | महिला | – तेत्तीस प्रतिशत |
| (ग) | दलित | – छ प्रतिशत |
| (घ) | आर्थिक रूपले विपन्न खस आर्य | – छ प्रतिशत |
| (ङ) | थारु | – छ प्रतिशत |
| (च) | मधेशी | – पाँच प्रतिशत |
| (छ) | मुस्लिम | – पाँच प्रतिशत |
| (ज) | अपाङ्ग | – चार प्रतिशत |

**मधेश प्रदेश**

मधेश प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ९ उपदफा ८ मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने भन्ने व्यवस्था गरिएको छ। यसअनुसारः

| | | |
|---|---|---|
| (क) | मधेशी | – चवन्न प्रतिशत |
| (ख) | दलित | – सत्र प्रतिशत |
| (ग) | मुस्लिम | – बाह्र प्रतिशत |
| (घ) | आदिवासी/जनजाति | – छ प्रतिशत |
| (ङ) | थारु | – पाँच प्रतिशत |
| (च) | आर्थिक रूपले विपन्न खस आर्य | – चार प्रतिशत |
| (छ) | अपाङ्ग | – दुई प्रतिशत |

**वाग्मती प्रदेश**

वाग्मती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिति २०७९ फागुन १८ गते प्रकाशन गरेको प्रदेश राजपत्रमा प्रस्तुत प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा १० मा गरिएको समावेशीकरण सम्बन्धी व्यवस्थामा मधेशी समुदायका लागि चार प्रतिशत आरक्षण गरिएको छ। यो व्यवस्था निम्नअनुसार छ :

| | | |
|---|---|---|
| (क) | महिला | – अठ्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | – पैँतीस प्रतिशत |
| (ग) | दलित | – नौ प्रतिशत |
| (घ) | थारु | – पाँच प्रतिशत |
| (ङ) | मधेशी | – चार प्रतिशत |
| (च) | अपाङ्गता भएका व्यक्ति | – तीन प्रतिशत |
| (छ) | पिछडिएको क्षेत्र | – तीन प्रतिशत |
| (ज) | अल्पसङ्ख्यक समुदाय | – तीन प्रतिशत |

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश सरकारद्वारा २०८० असोज ७ गते प्रकाशित प्रदेश राजपत्रको दफा १० मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको तीन प्रतिशत मधेशी समुदायका उम्मेदवारबीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ।

| | | |
|---|---|---|
| (क) | महिला | – तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | – सत्ताईस प्रतिशत |
| (ग) | दलित | – पन्ध्र प्रतिशत |
| (घ) | आर्थिक रूपले विपन्न खस आर्य | – दश प्रतिशत |
| (ङ) | अपाङ्गता भएका व्यक्ति | – पाँच प्रतिशत |

(च) थारु – चार प्रतिशत
(छ) मुस्लिम – तीन प्रतिशत
(ज) मधेशी – तीन प्रतिशत

## लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ११ मा गरिएको पदपूर्तिसम्बन्धी विशेष व्यवस्थामा मधेशीलगायत नौ समुदायलाई आरक्षणको व्यवस्था गरिएको छ । यस व्यवस्थाअनुरूप प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये उनान्पचास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको १६ प्रतिशत मधेशी समुदायका उम्मेदवार बीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ।

| क्र.सं. | समूह | जम्मा प्रतिशत | महिला | पुरुष | यौनिक/ लैङ्गिक अल्पसङ्ख्यक |
|---|---|---|---|---|---|
| १ | खस आर्य महिला | १५% | १५% | | |
| २ | आदिवासी जनजाति | १८% | ९% | ९% | |
| ३ | मधेशी | १६% | ८% | ८% | |
| ४ | दलित (पहाडी र मधेशी) | १५% | ८% | ७% | |
| ५ | थारु | १४% | ७% | ७% | |
| ६ | विपन्न खस आर्य | ७% | ३.५% | ३.५% | |
| ७ | मुस्लिम | ७% | ३.५% | ३.५% | |
| ८ | अपाङ्गता भएका व्यक्ति | ३% | १.५% | १.५% | |
| ९ | पिछडिएको वर्ग/क्षेत्र, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक | ५% | २% | २% | १% |

## कर्णाली प्रदेश

कर्णाली प्रदेशको सम्वत् २०८० सालको ऐन नं. ०४–निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा ९ मा मधेशी तथा मुस्लिम समुदायलाई दुई प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार प्रदेश निजामती सेवालाई समावेशी बनाउन

दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायका प्रत्येक समूहलाई तोकिएको पदमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहायबमोजिम उम्मेद्वारबीचमा मात्र पदपूर्ति गरिनेछ।

| | | |
|---|---|---|
| (क) | खस आर्य | पैँतालीस प्रतिशत |
| (ख) | दलित | बाइस प्रतिशत |
| (ग) | आदिवासी/जनजाति | बाह्र प्रतिशत |
| (घ) | पिछडिएको क्षेत्र | बाह्र प्रतिशत |
| (ङ) | अपाङ्गता भएका व्यक्ति | पाँच प्रतिशत |
| (च) | मधेशी तथा मुस्लिम | दुई प्रतिशत |
| (छ) | थारु | दुई प्रतिशत |

**सुदूर पश्चिम प्रदेश**

सुदूर पश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ को दफा १० मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वरा पूर्ति हुने पदमध्ये उनन्पचास प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ भन्ने व्यवस्था गरिएको छ :

| | | |
|---|---|---|
| (क) | दलित | एक्काईस प्रतिशत |
| (ख) | थारु | बीस प्रतिशत |
| (ग) | आर्थिक रूपले विपन्न खस आर्य | सत्र प्रतिशत |
| (घ) | आदिवासी/जनजाति | पन्ध्र प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | पन्ध्र प्रतिशत |
| (च) | अपाङ्ग | पाँच प्रतिशत |
| (छ) | मधेशी | चार प्रतिशत |
| (ज) | मुस्लिम | तीन प्रतिशत |

*(स्रोत: नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण, २०८०)*

उपर्युक्त विवरणबाट स्पष्ट हुन्छ – तराई–मधेशमा भएको आन्दोलनको सकारात्मक प्रतिफल यसको समुदायलाई मिलेको छ । मधेशी, मुस्लिम, थारू, दलित र अन्य समुदायहरूले मधेश आन्दोलनका प्रतिफल प्राप्त गरेका छन् । यी सबै उपलब्धिहरूलाई संरक्षण गर्दै मधेशीको हकहिकता सदैव अनुगमन गर्दै अभिभावकको भूमिका मधेशी आयोगले गरिरहनेछ भन्ने तराई–मधेशका सर्वसाधारणमा आशा छ । नेपालको विभिन्न निकायहरूमा कार्यरत मधेशी समुदायको सूची तयार गरी सम्पर्क नम्बर समेत राखेर प्रकाशित भएको खण्डमा सबैका लागि सहज हुने कुरा विज्ञहरूले प्रस्तुत गरेको भनी यहाँ उल्लेख गर्नु उचित रहेको छ।

❑❑❑

# परिच्छेद–४

## मधेशी आयोगको ६ वर्षः चुनौती तथा अवसरहरू (Six Years of the Madheshi Commission: Challenges and Opportunities)

### ४.१ सिफारिश तथा सुझावहरूको वर्गीकरण तथा विश्लेषण

मधेशी आयोग ऐन, २०७४ (संशोधनसहित) को परिच्छेद ३ को दफा ७ मा तोकिएको मधेशी आयोगको काम, कर्तव्य र अधिकारलाई चार समूहमा वर्गीकरण गर्न सकिन्छ :– (१) सिफारिश गर्ने वा सुझाव दिने, (२) समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, (३) कार्यक्रम सञ्चालन गर्ने, र (४) वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने । यसमध्ये "नेपाल सरकारलाई सिफारिश गर्ने" व्यहोरा धेरै छन् । यी सबै काम, कर्तव्य र अधिकार मधेशी समुदायको हकहितमा रहेका छन् ।

(क) मधेशी समुदायको कानूनी, नीतिगत र संस्थागत सुधार

(ख) मधेशी समुदायको सशक्तीकरण

(ग) मधेशी समुदायको हकहितको संरक्षण

(घ) मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन

(ङ) आर्थिक र सामाजिक सशक्तीकरण

(च) मधेशी संस्कृतिको संरक्षण र विकाश

(छ) चेतनामूलक कार्यक्रम, समीक्षा, अनुगमन तथा मूल्याङ्कन

(ज) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन

(झ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी, छानबिन तथा तहकिकात

(ञ) मधेशी समुदायको पहिचान

(ट) आयोगको आचारसंहिता

(ठ) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृति

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १० र ११ मा दिएअनुसारः

(ड) अन्य संस्थासँग समन्वय तथा परामर्श वा राय

(ढ) विशेषज्ञको सेवा

(ण) समिति वा कार्यदल गठन

## ४.२ सिफारिश तथा सुझावहरूको समूहगत विश्लेषण

### १. कानूनी र नीतिगत सिफारिश तथा सुझावहरू

तराई मधेशका थर सूचीकृत गरी मधेशीलाई परिभाषित गर्नुपर्नेछ । मातृभाषामा शिक्षाका लागि पाठ्यपुस्तक र शिक्षकको व्यवस्था हुनुपर्नेछ । पाठ्यक्रममा मधेश र मधेशीका सम्बन्धमा विषयवस्तु हुनुपर्नेछ । पाठ्यक्रममा प्रादेशिक सामग्री र स्थानीय सामग्री हुनुपर्छ । मूल्य निर्धारण निकायहरू सक्रिय हुनुपर्छ । प्रसूती केन्द्रहरू (Birthing centers) आवश्यकताअनुसार व्यवस्थापन गर्नुपर्छ । सुकुम्बासी समस्या प्रभावकारी ढङ्गबाट समाधान गर्नुपर्छ । कृषिमा व्यवसायीकरण हुनुपर्छ । सीमा (Border) मा परिचयपत्र लागु गर्नुपर्छ । योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । सार्वजनिक लेखापरीक्षण समयमा नै गराउनुपर्छ । जनता आवास योजना प्रभावकारी बनाउनुपर्छ । संवैधानिक आयोगहरूमा महिलाको पहुँच हुनुपर्छ । मधेशी महिलाको जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्छ । बाल सुधार गृहलाई

व्यवस्थित गर्नुपर्छ । सरकारी निकायहरू जनताप्रति इमानदार हुनुपर्छ । बैङ्कहरू सामाजिक उत्तरदायित्वको भावनामा जानुपर्छ । सहकारीहरूको प्रभावकारी नियमन हुनुपर्छ । गाईवस्तु, भेडा, बाख्रा चराउने (हरवाहा–चर्वाहा) हरूका लागि घुम्ती विद्यालयको स्थापना हुनुपर्छ । मधेशी आयोगमा 'राष्ट्रिय' शब्द थपी 'राष्ट्रिय मधेशी आयोग' बनाउनुपर्छ । वैदेशिक रोजागरीले ल्याएको सामाजिक विकृति रोकथाम गर्नुपर्छ । सामाजिक समस्याको रूपमा रहेको झुट्टा मुद्दाको बिगबिगीलाई अन्त्य गर्नुपर्छ । मधेशभित्र मधेशीको पहुँच बढाउने कार्यक्रम एवम् नीति ल्याउनुपर्छ । राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणको अवस्था सुधार गरिनुपर्छ (मधेशी आयोगको प्रथम प्रतिवेदन, २०७६) ।

मधेशी समुदायको उत्थानका लागि गुणस्तरीय शिक्षा हुनुपर्छ । प्राविधिक शिक्षालाई विशेष जोड दिँदै युवालाई स्वरोजगारयुक्त बनाउन विशेष कार्यक्रम ल्याउनुपर्छ । गैरकानूनी तरिकाले बनाइएको बाँध भत्काउन छिमेकी मुलुक भारतसँग वार्ता गर्नुपर्छ । सीमा सुरक्षालाई कडाइ गर्नुपर्छ । कोशी सम्झौतालाई अक्षरशः कार्यान्वयन र पालना गर्नुगराउनुपर्छ । अव्यवस्थित बसोबासलाई निरुत्साहित गर्नुपर्दछ । जग्गा प्लटिङ् र अतीक्रमणमा रहेको खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन गर्नुपर्छ । हदभन्दा बढी जग्गाको व्यवस्थापन गरी अति विपन्न र विपन्न समुदायमा वितरण गर्नुपर्छ । संविधानको भाग – २७ बमोजिम गठित संवैधानिक आयोगहरूलाई संविधान संशोधन र ऐन संशोधन गरी समान अधिकार भएको आयोगको रूपमा मान्यता प्राप्त हुनुपर्दछ (मधेशी आयोगको द्वितीय प्रतिवेदन, २०७७) ।

बालशोषण, बालश्रमिक र बालहिंसा अन्त्य गरी सबै विद्यालयहरूमा बालबालिकाको वैकल्पिक शिक्षामा पहुँच बढाउनुपर्छ । महिलाका लागि प्रौढशिक्षा सञ्चालन गर्नुपर्छ । वैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो र मर्यादित बनाउनका लागि

स्वरोजगारीमा जानेलाई श्रमसम्बन्धी शिक्षा, सीप, तालिम र स्वास्थ्य बिमाको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ । युवामा बढ्दै गएको कुलत, दुर्व्यशनलाई रोक्नका लागि कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । नैतिकवान् समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गर्नुपर्दछ । साक्षरता अभियान सञ्चालन भए तापनि प्रदेश २ का ८ ओटै जिल्लामा सकारात्मक प्रभाव पर्ने गरी Each one Teach one को उपाय अपनाएर भए पनि निरक्षरता उन्मूलन गर्नुपर्दछ । तराई–मधेशमा बोलिने राष्ट्रिय भाषामा विद्यावारिधिको व्यवस्था मिलाउनुपर्दछ । तराई–मधेशमा सबै तहहरूमा जनस्तरबाट गरिने गुनासाहरू स्थानीय राष्ट्रिय भाषामा समेत लिनु र सम्बोधन हुनुपर्दछ (मधेशी आयोगको तेस्रो प्रतिवेदन, २०७८) ।

राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०४४ सालमा प्रकाशित स्थाननाम कोष २०४४ को पृष्ठ ११६ परिभाषा १ अनुसार सं. मध्य + देश अर्थात् बीचको र देश अर्थात् भेक भन्ने अर्थमा तराई भेक/क्षेत्रलाई 'मधेश' भनिएको छ । यसकै परिभाषा २ बमोजिम मत्स्य + देश (मत्स्यदेश) अर्थात् महाभारतकालीन विराट राजाको देश (झापा, मोरङका साँगुरी डाँडा, सयसयसमेगढ, किसरी नदी, सतासी धाम, विराटपोखर, किलागढ, लुकानी, किचकवध, आदि ठाउँहरू) लाई भनिन्छ । मधेशी आयोगको अध्ययन प्रतिवेदन, २०७८ अनुसार मधेशमा रहेका १४९ जात र मुस्लिम तथा थारुसमेत मधेशी हुन् (मधेशी आयोगको चौथो प्रतिवेदन, २०७९) ।

मधेशी आयोगको प्रभावकारिताका लागि नेपाल सरकारसँग सम्पर्क राख्ने विद्यमान कानूनी व्यवस्थालाई संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सम्पर्क राख्ने व्यवस्था हुनुपर्दछ । सङ्घीय संसद्का विभिन्न समितिहरूमा संवैधानिक निकायहरूको प्रतिवेदनमाथि छलफल हुने गरेकोमा प्रत्यक्षरूपमा नीतिगत निर्णयका

लागि यस आयोगको प्रतिवेदन उपर प्रतिनीधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल हुनुपर्छ । मधेशी आयोग ऐन २०७४ को संशोधन पूर्व रहेको प्रावधानअनुसार यस आयोगमा विशिष्ट श्रेणीको सचिवको दरबन्दी कायम गर्नुपर्छ । कानूनी सल्लाहकार, सामाजिक सांस्कृतिक सल्लाहकार, तथ्याङ्कविद् आदिको थप दरबन्दी तथा रकम व्यवस्थापन हुनुपर्छ । आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुपर्छ । प्रदेश तहमा मधेशी आयोगका कार्यालयहरू स्थापना हुनुपर्छ । मधेशी समुदायसम्बन्धी कानून तर्जुमा गर्दा आयोगको सल्लाह अनिवार्य रूपमा लिने प्रावधान बनाउनुपर्दछ । नीति कार्यक्रम तर्जुमा गर्दा आयोगसँग समन्वय गर्नुपर्दछ । संवैधानिक आयोगहरूको छुट्टै संवैधानिक सेवा गठन गर्नुपर्छ । मधेशी आयोग विशेष र संवेदनशील आयोग रहेकाले यस आयोगलाई विशेष प्याकेजको व्यवस्था गरी परिभाषित कार्यहरू सुसम्पादन गर्न बजेट विनियोजन गर्नुपर्छ । मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ऐनको प्रावधानलाई संशोधन गरी उजुरीमाथि 'छानबिन तथा तहकिकात' गर्ने अधिकारसमेत व्यवस्था गर्नुपर्छ । अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनुपर्छ । स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण गरी पठनपाठन सञ्चालन गर्नुपर्छ । आठ कक्षासम्म पाठ्यक्रममा नै संस्कृत शिक्षा, नैतिक शिक्षा र योग शिक्षा हुनुपर्छ । शिक्षालाई सीपयुक्त बनाउन अनिवार्य रूपमा Learning with Earning को व्यवस्थापन गर्नुपर्छ ।

अति विपन्न, विपन्न र दलितका अभिभावकहरूलाई सचेतना दिई बालबालिकाहरूलाई विद्यालयसम्मको पहुँच १००% बढाउनुपर्दछ । टोल टोलमा बिहान वा साँझ अतिरिक्त कक्षाहरूको

व्यवस्था गर्नुपर्छ । शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाउनुपर्दछ (मधेशी आयोगको चौथो प्रतिवेदन, २०७९) ।

नेपालको संविधानको भाग २७ को शीर्षमा लेखिएको 'अन्य आयोगहरू' बाट 'अन्य' शब्द झिक्नुपर्छ । धारा २६२ मा मधेशी आयोगको ऐन, २०७४ को दफा ७ मा रहेको 'सिफारिश गर्ने' हटाइ 'निर्देशन दिने' हुनुपर्छ । मधेशी आयोग ऐन, २०७४ संशोधनभन्दा पूर्वको सङ्गठन संरचनाबमोजिम कर्मचारीहरूको दरबन्दी हुनुपर्छ । आयोगलाई स्वायत्त आयोग बनाउनुपर्छ । आरक्षण नीतिलाई पुनरावलोकन गरी वैज्ञानिक ढङ्गले वर्गीय आधारमा बनाउनुपर्दछ । डिजिटल शिक्षालाई सबैको पहुँचयोग्य बनाउनुपर्दछ । विद्यालयहरूलाई वैदिक समाजोन्मुखी, गुणस्तरीय तथा रोजगारमूलक शिक्षा प्रदायक शिक्षा केन्द्रको रूपमा विकाश गर्नुपर्छ । जीवन मैत्री शिक्षा हुनुपर्दछ । आयोगमा आएको उजुरीमाथि 'अनुसन्धान र तहकिकात' का लागि सरोकारवालामा सिफारिश गर्ने प्रावधान भन्दा 'अनुसन्धान र तहकिकात' गरी कारबाहीका लागि सरोकारवालामा सिफारिशको कानूनी अधिकार आयोगलाई दिनुपर्दछ ।

कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा स्वास्थ्य संस्थाहरूमा आमाको गर्भमा रहेका सन्तानलाई छोरा वा छोरी छुट्याउन लगाई गर्भपतन गराउने प्रवृत्तिले छोराको सङ्ख्या बढ्ने र छोरीको सङ्ख्या घट्ने विचलन आउने भएकाले कानूनी कारवाहीको दायरा बढाउनुपर्छ । अनावश्यक र दोहोरो राजकीय संरचनाबाट मुलुकलाई मुक्ति दिई चुस्त र तन्दुरूस्त व्यवस्थापनको व्यवहारमै अङ्गीकार गर्नुपर्छ (मधेशी आयोगको पाँच प्रतिवेदन, २०८०)।

संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन समानता (equity), समता (equity) हुदै न्यायमा अपरिहार्य पहुँच हुनुपर्छ । अदालतहरूमा प्रभावकारी मध्यस्थताको व्यवस्था गरी मध्यस्थता न्यायालयको

अवधारणामा लैजानुपर्छ । मुलुकभित्र सञ्चालिन शिक्षण संस्थाहरूमा नेपाली, गाणित, विज्ञान, नैतिक शिक्षा, संस्कृत लगायत विषयहरू अनिवार्य शिक्षामा एकदार प्रणालीको व्यवस्था गर्नुपर्छ । OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review (UPR)) ले वर्गीय र जातीय आधारमा कुनै मुलुकले सहभागी गराए वा नगराएको कुरा विश्व मञ्चमा गरेको प्रतिवद्धता पूरा गरे वा नगरेको हेर्ने भएकाले UPR मा सहभागी गराउनु आवश्यक देखिन्छ । यसमा मधेशी आयोगको पँहुच बढाउनुपर्छ । स्थापनाकाल देखि नै सञ्चालित 'नैतिकवान् मधेशी र सशक्त नैतिक शिक्षा' कार्यक्रम पूर्ण प्रभावकारी बनेका यी कार्यक्रमहरूका लागि बजेटको आवश्यकता छ । निजामती सेवा मधेशी समुदायको आरक्षित समूहमा पुरूष र महिलाको अन्तिम प्रदेश वर्ष ४० र निबृति भरणको उमेर ६० वर्ष हुनुपर्छ । सविधानको भाग २७ मा रहेका संवैधानिक आयोगहरूद्धारा संयुक्त अध्ययन गराइएका नेपालमा समावेशीकरणको अवस्था विषयलाई कार्यान्वयन गर्नुपर्दछ । जातजातिका लागि ६० प्रतिशत र वर्गका लागि ४० प्रतिशतमा वर्गीकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति बनाउनुपर्दछ । महिलाको वैवाहिक हिंसा, दाइजोप्रथा र वालविवाह न्यूनीकरण गराउने उद्देश्यले सम्बन्धित वडाको सिफारिश विवाह अगाडि नै अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था मिलाउनुपर्छ । राष्ट्रिय एकता, अखण्डता र सामीप्यका लागि मुलुकमा One Nation: One Constitution को भावनामा कानूनको निर्माण र प्रयोग हुनुपर्छ (मधेशी आयोगको प्रतिवेदन, २०८१) ।

**विश्लेषणः**

'मधेश' र 'मधेशी' शब्दहरूलाई मधेशी आयोगको चौथो प्रतिवेदनले परिभाषित गरेको छ । यी शब्दहरूलाई परिभाषित गर्न मधेशी आयोग ऐन, २०७४ ले नै निर्देशन गरेको छ । तराई–मधेशको मधेशी समुदायको हकहितमा कार्य गर्न स्थापित मधेशी आयोगलाई 'राष्ट्रिय मधेशी आयोग' नामाङ्कन गर्नुपर्ने सिफारिश २०७६ को प्रतिवदेन र २०८० को प्रतिवदेनमा समेत रहेको छ । यसका लागि संविधान नै संशोधन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानको दोस्रो संशोधन २०७७ ले समेत सम्बोधन गरेको देखिँदैन ।

सम्भवतः नेपाल सरकारले मधेशी आयोगलाई थारु आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग, दलित आयोग सरह नै कुनै सानो समुदाय लक्षित रहेको मानेको देखिन्छ । २०८० को प्रतिवेदनमा मधेशी आयोग ऐन २०७४ को दफा ६ मा रहेको 'सिफारिश गर्ने' शब्दावली हटाएर 'निर्देशन दिने' हुनुपर्ने भनी जिकिर गरिएको छ । संवैधानिक आयोगहरूलाई सैद्धान्तिक भूमिका मात्र दिएको हो– कार्यकारी भूमिका दिएकै छैन ।

मातृभाषा, स्थानीय भाषा, स्थानीय विषयवस्तु भएको पाठ्यक्रम, प्राविधिक शिक्षा, वैकल्पिक शिक्षा, प्रौढ शिक्षा, नैतिक शिक्षा, तराई मधेशमा बोलिने राष्ट्रिय भाषामा विद्यावारिधि, विद्यालयहरूमा पढाइने विषयहरूमा एकद्वार प्रणाली, निरक्षरता उन्मूलनका लागि Each One Teach One को उपाय जस्ता सिफारिशहरू सराहनीय छन् । प्राथमिक तहका मातृभाषामा अध्ययन अध्यापनको व्यवस्था २०४७ साल (सन् १९९०) को प्रजातन्त्रको पुनर्स्थापना र तत्कालीन संविधानले नै गरेको थियो । वैकल्पिक शिक्षाको रूपमा खुल्ला विश्वविद्यालयको अभ्यास भए पनि विद्यालय स्तरमा छैनन् । प्रौढ शिक्षा सञ्चालनमा रहेकै छ । सीप तालिमहरू

पनि सरकारी र स्थानीय तहमा हुने गरेकै छ । दुर्व्यशनीको रोकथाम सरकारी स्तरमा नै नियमकानूनबाटै नियन्त्रण गर्ने कार्य गरेको पाइन्छ (Narcotic Drugs Control Act, 2033 (1976, last amendment in 1993)। सन् २०२० को सर्वेले देखाएअनुसार नेपालमा दुर्व्यशनीको सङ्ख्या १,३०,४२४ पुगेको थियो । प्रहरीको अनुमान अनुसार २०२५ सम्ममा यसको दुई गुणा पुग्नेछ (Alarming rise in substance abuse among youths calls for policy-level intervention, The Kathmandu Post, October 25, 2027) ।

प्रसूती गृहको माग उचित छ । यसको अभावमा गाँउघरमा सबैभन्दा बढी समस्या रहेको देखिन्छ। स्वास्थ्य केन्द्रहरू र अस्पतालहरूमा यसको सुविधा व्यापक गरिएको छ। Public Health Update (Sagun's Blog, January 14, 2024) अनुसार नेपालमा दर्ता भएका Birthing Center Service Sites को सङ्ख्या २८४८ छन् सञ्चालनमा २८३१ छन् ।

दलीय भागवण्डा र दलीय स्वार्थका कारणले महिलाको प्रतिनिधित्त्व कम भएको देखिन्छ। निर्वाचन आयोगले बारम्बार ताकेता गरेको देखिन्छ। रिक्त स्थानीय तहका चुनावमा महिला समावेशीतामा ध्यान दिन भनेर भर्खरै सूचना जारी गरेको छ । मधेशी आयोग यस सन्दर्भमा योग्यशाली रहेको देखिन्छ किनभने ५ पदाधिकारीहरूमध्ये २ जना महिला पदाधिकारी रहेका छन् ।

बैङ्क र सहकारीमा प्रभावकारी नियमनको अभाव छ। अत्याधिक मुनाफा कमाउने बैङ्कहरू सर्वसाधारणको पहुँचबाट धेरै टाढा छन् । सर्वसाधारणको पैसा जम्मा भएका सहकारीहरू पदाधिकारीहरूबाट डुबेका रकम हिनामिना गरेका समाचारबाट जनमानस विचलित भएका छन् । सरकारीस्तरबाट प्रभावकारी नियमन आवश्यक छ ।

मधेशमा झुट्टा मुद्दाको बिगबिगी सामाजिक समस्याको रूपमा छ । मृत्यु भएका व्यक्तिको सहीछाप लिने, झुक्याएर लिखत तयार गरी अज्ञान घरका सदस्य वा छिमेकी वा ऋणीलाई सामाजिक र आर्थिक समस्यामा पार्ने कार्यहरू सामान्य रहेका छन् । जनचेतना र साक्षरता अभियानबाट यसलाई नियमन गर्नु जरुरी छ ।

राजनीतिको आडमा हुने अपराधीकरणमा समेत प्रश्न चिह्न उठ्ने गरेको छ । राजनीतिको आडमा हुने भ्रष्टाचार, बेरुजु, आपराधिक घटनाहरू तराई–मधेशमा मात्र नभई देशव्यापी रूपमा रहेको छ । ललितानिवास जग्गा प्रकरण, वाइडबडी भ्रष्टाचार काण्ड, भुटानी शरणार्थीको आडमा नेपालीलाई अमेरिका पठाउने काण्ड, आदि राजनीतिको आडमा हुने माथिल्ला स्तरका आपराधिक कार्यहरू हुन् । गाउँघरमा झुक्याएर लिखत् तमसुक बनाउने, सोझासाझा नागरिकका सम्पत्ति हत्याउने, दुःख यातना दिने कार्य पनि हुने गर्दछ । यी सबै आपराधिक कार्यहरूको अन्त्य हुनु जरुरी छ । मधेशी आयोगले सिफारिश गरेको 'राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरण' मा हुनुपर्ने रोकथामका कुरा सराहनीय छ । यी कार्यहरू रोक्न सरकारी स्तरबाट कानूनी र नियम बनाउनु आवश्मक छ । सँगै जनस्तरबाट आवाज पनि उठ्नुपर्दछ ।

कोशी सम्झौता जस्ता नेपाल र भारतबिच भएका अन्य सम्झौताहरू पनि सुरूमा प्रभावकारी देखिने तर पछि समस्याग्रस्त हुने गर्दछ । अन्तर्राष्ट्रिय सम्झौता रहेकोले नेपालको पनि आफ्नो पहलमा वार्ता गरी यी सम्झौताहरूलाई अक्षरशः कार्यान्वयममा ल्याउनुपर्दछ । भारत उदासीन रहेको अवस्थामा नेपालले नै पहल गर्नु आवश्यक हुन्छ ।

खेतीयोग्य जग्गामा प्लटिङ् कार्य गरिँदा अन्नका लागि समेत नेपाल आयातमा भर परेको छ । यस सन्दभर्मा उचित नियम, कानून र नीति निर्माणको जरूरी छ ।

मधेशी आयोगको चौथो प्रतिवेदन, २०७९ मा रहेका अधिकांश सिफारिशहरू मधेशी आयोगसँग प्रत्यक्ष सम्बन्धित छन् । आधिकारिक प्रभावकारिताको अभावले यसो भएको हुनुपर्छ । 'सिफारिश गर्ने' कार्यसम्म मात्र सीमित रहेको आयोगको भूमिकाबाट देखिएको असन्तुष्टि जाहेर भएको देखिन्छ । नेपाल सरकारसँग सिधै सम्बन्ध र सम्पर्क गर्न नमिल्ने, प्रतिवेदनको सही मूल्याङ्कन र कार्यान्वयन हुन सक्ने ठाउँ र समिति सम्म पँहुच नहुने कुराले असहज परिस्थिति सिर्जना भएको हुनुपर्छ । आयोगले गर्नुपर्ने निर्देशित तथा आफूले निर्णय गरेका कार्यक्रमहरूसमेत आवश्यक बजेटको अभावमा गर्न सकेका छैनन् । न्यून बजेटले गर्दा अनुसन्धानका कार्यहरूसमेत गर्न अप्ठ्यारो अवस्था छ । शक्तिशाली, प्रभावकारी आयोग हुनका लागि बजेट, कार्यकारी स्वायत्तता, निर्देशनात्मक भूमिका, निर्णय गर्ने सक्ने अधिकार कानूनी रूपमा प्राप्त हुनु आवश्यक छ । तसर्थ, यस सम्बन्धमा गरिएका सिफारिशहरू संस्थागत अधिकारको रूपमा उचित देखिन्छ ।

मधेशी आयोगबाट भएका कानूनी र नीतिगत सिफारिश तथा सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| थर सूचीकरण | 'मधेशी' परिभाषा | मातृभाषामा शिक्षा |
| पाठ्यक्रममा मधेशी विषयवस्तु | मूल्य निर्धारण निकायको सक्रियता | प्रसूती केन्द्रहरू |
| सुकुम्बासी समस्या | कृषिमा व्यवसायीकरण | सीमा क्षेत्रमा परिचयपत्र |
| योजनाबद्ध विकाश | सार्वजनिक लेखा परीक्षण | प्रभावकारी जनता आवास योजना |
| संवैधानिक आयोगहरूमा महिलाको पँहुच | महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व | व्यवस्थित बालसुधार गृह |

| | | |
|---|---|---|
| जनता प्रति उत्तरदायी सरकारी निकायहरू | बैङ्कहरूको सामाजिक उत्तरदायित्त्व | सहकारीहरूको नियमन |
| घुम्ती विद्यालय | 'राष्ट्रिय' मधेशी आयोग | वैदेशिक रोजगारीबाट सामाजिक विकृति |
| झुट्ठा मुद्दा | मधेशभित्र मधेशीको पहुँच | राजनीति र अपराध |
| गुणस्तरीय शिक्षा | प्राविधिक शिक्षा | स्वरोजगार |
| सीमावर्ती बाँधको समस्या | सीमा सुरक्षा | कोशी सम्झौता |
| व्यवस्थित बसोबास | खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन | विपन्न समुदायलाई जग्गा वितरण |
| संविधानको धारा २७ बमोजिम गठित आयोगहरूलाई समान अधिकार | वैकल्पिक शिक्षा | प्रौढशिक्षा |
| श्रम शिक्षा सीप, तालिम स्वास्थ्य बिमा | कुलत, दुर्व्यश्यन कानूनी रोकथाम | अनिवार्य नैतिक शिक्षा |
| साक्षरता अभियान | तराई मधेशको भाषामा विद्यावारिधि | जनगुनासो स्थानीय राष्ट्रिय भाषाहरूमा |
| 'मधेश' परिभाषित स्थाननाम–कोष २०४४ पृष्ठ ११६ | मधेशी १४९ जात + मुस्लिम + थारू | मधेशी आयोग सम्पर्क प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय |

| | | |
|---|---|---|
| नीति कार्यक्रम तर्जुमा आयोगसँग समन्वय | विशिष्ट श्रेणीको सचिवको दरबन्दी | आयोगको प्रतिवेदन उपर राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल |
| आयोगलाई आर्थिक रूपमा स्वायत्त | प्रदेश तहमा मधेशी आयोगको कार्यालय | मधेशी समुदायसम्बन्धी कार्य/कानूनमा आयोगको सल्लाह/समन्वय |
| आयोगलाई 'छानबिन तथा तहकिकातमा' समेतको अधिकार | अनावश्यक राजकीय संरचना खारेज | स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण/पठनपाठन |
| संस्कृत शिक्षा, नैतिक शिक्षा, योगशिक्षा | Learning with Earning | विद्यालयसम्मको पहुँचको सचेतना |
| अत्तरिक्त (विहान बेलुका) कक्षाको व्यवस्थापन | शिक्षक जिम्मेवारी/जिम्मेवार | संविधानको भाग २७ को 'अन्य आयोगहरू' 'अन्य' दुविधा |
| सिफारिश गर्ने वा निर्देशन गर्ने ? | आयोगमा कर्मचारीहरूको दरबन्दी (ऐन संशोधन पूर्व) | स्वायत्त आयोग |
| आरक्षण नीति पुनरावलोकन | डिजिटल शिक्षा पहुँचयोग्य | जीवनमैत्री शिक्षा वैदिक समाज शिक्षा रोजगारमूलक शिक्षा विद्यालयहरूमा |

| | | |
|---|---|---|
| गर्भपतन सम्बन्धी समस्या | दोहोरो राजकीय संरचना खारेजी | सामाजिक न्याय (धारा ४२) समानता, समता (equity) न्याय पँहुच |
| मध्यस्थता न्यायालयको अवधारणा | शिक्षामा विषयगत एकद्वार प्रणाली | OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review/ UPR) सहभागिता |
| नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा | सरकारी सेवामा मधेशी समुदायको पहुँच | मधेशी समुदायको आरक्षणमा प्रवेश ४० वर्ष र निवृत्तिभरण ६० वर्ष |
| सवैधानिक आयोगहरूबाट संयुक्त अध्ययन गराइएको नेपालमा समावेशीकरणको अवस्था | आरक्षण जनजाति ६०% र वर्ग ४०% | विवाह अगाडि नै वडाबाट विवाहको सिफारिश |
| One Nation: One Constitution | | |

## २. मधेशी समुदायको सशक्तीकरण

राज्यका हरेक तह र तप्कामा हुने नियुक्तिमा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्त्व हुनेगरी सरकारले समान अवसर दिनुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७७) । महिलाहरूलाई राजनैतिक, आर्थिक, शैक्षिक रूपले सशक्तीकरण गरी सबै प्रकारका महिला हिंसा, विभेद, शोषण अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८) । युवा, महिला, अनुभवी जेष्ठ नागरिक विषयगत तथा सीपमूलक प्रशिक्षण दिई स्वावलम्वी बनाउनुपर्छ । मधेशी युवालाई उत्प्रेरणा जगाई कुलत कुरीति, कुसंस्कारबाट जोगाउनुपर्छ । लोकसेवा आयोगको परीक्षा प्रणाली आधुनिक र भौगोलिक रूपमा विविधता मैत्री हुनुपर्दछ । लैङ्गिक अल्पसंख्यक, फरक क्षमता, अति विपन्न, विपन्न वर्गहरूको वास्तविक पहिचान गरी सही तथ्याङ्कको आधारमा सामाजिक सेवा सुविधाको व्यवस्था गर्नुपर्छ । अति विपन्न, विपन्न, भूमिहीनहरूको पहिचान गरी जमिन आधिपत्य स्थापित गर्नुपर्छ । अति विपन्न, विपन्न र दलितको पहिचान गरी प्रमाणपत्रको व्यवस्था गरी सामाजिक सुविधा र प्रतिनिधित्त्वको व्यवस्था गर्नुपर्छ । परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गरी सांस्कृतिक अधिकार र पहिचानको व्यवस्था गर्नुपर्छ । गुणस्तरीय शिक्षा तथा वातावरण तयार गरी जातीय छुवाछुत आचारणबाटै निर्मूल गर्नुपर्छ । छुवाछुत गर्नेहरूलाई कानूनतः दण्डित गर्नुपर्छ । यी वर्गहरूलाई राज्यले विशेष आर्थिक, सामाजिक, सांस्कृतिक नागरिक र राजनीतिक अधिकारका साथै शान्ति–सुरक्षाको व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमलाई राज्यको प्राथमिकतामा राखी युवाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण गर्नुपर्छ । आयोगको स्थापना वर्ष देखि नै सरकारी सेवामा

मधेशी समुदायको पहुँचका लागि 'अधिकृत' स्तरीय तयारी कक्षा सञ्चालन गरेको र सोहीबमोजिम स्थानीय तहहरूबाटै यो कार्यक्रम गर्न देशभरिका स्थानीय तहहरूमा 'तयारी कक्षा अभिमुखी कार्यक्रम' सञ्चालन गरिएको छ । स्वदेशमै लगानी गर्ने, आफ्नो पूँजीगत तथा बौद्धिक सम्पत्तिको अधिकतम् उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमा नै स्वरोजगारका अवसरहरू बढाउनुका लागि समान कामका लागि समान ज्याला, सीप विकाश तथा स्वरोजगार कार्यक्रमहरू लागु गर्नुपर्छ । वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय ज्ञान, सीप, कुशलता, कार्यसंस्कृति, प्रविधि, उद्यमशीलता र आत्म विश्वासलाई उत्पादनमूलक क्षेत्रमा लगाउनुपर्छ । जीवनमैत्री शिक्षा दिएर महिला, बालबालिका, लैङ्गिक अल्पसंख्यक तथा सामाजिक रूपमा पछि परेकाहरूका लागि राज्य प्रणालीमा उचित पहुँच पुऱ्याउनुपर्छ । परम्परागत पेशालाई प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी सीपमूलक व्यवस्थापन, आधुनिकीकरण प्रविधि र विद्यमान प्राकृतिक स्रोत र साधन तथा मानवीय साधनको सही उपयोग गरी उत्पादकत्व बढाएर गरिबी न्यूनीकरण गर्नुपर्छ । मधेशी महिलाहरूको आर्थिक सामाजिक विकाशका लागि गुणात्मक सीपमूलक शिक्षाको माध्यमबाट स्रोतसाधन, अवसर तथा लाभमा समान पहुँच हुनेगरी सशक्त गर्नुपर्छ । मधेशी दलितको पनि आयोगका सिफारिशअनुसार आरक्षणका अधिकार सुनिश्चित हुनेगरी व्यवस्था मिलाउनुपर्दछ । विद्यमान गरिबी, बेरोजगारी, भोकमरी, शिक्षा, विभेद र असमानताको अन्त्य गरी रोजगार प्रबन्ध गरी आयमा पहुँच र मानवीय विकाश सूचकाङ्कमा सुधार ल्याउने कार्य गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

बैङ्किङ लगानीको कम्तीमा ५०% रकम अति विपन्न, विपन्न र मध्यम वर्गमा लगानी हुनुपर्छ । निरपेक्ष गरिबीको रेखामुनि रहेका

वर्गलाई पहिचान पत्र प्रदान गरी सशक्तीकरणको मार्गमा ल्याउनुपर्दछ । सशक्तीकरण, सबलीकरण र प्रवलीकरणका लागि मधेशी समुदायको 'मातृभाषा दशक' आयोजना गर्नुपर्छ । जैविक विविधताको कारणले महिलाको मासिक रूपमा चार दिन उच्च रक्तश्रापले स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने कारणले महिला कर्मचारीलाई कम्तीमा ३ दिन बिदाको व्यवस्था हुनुपर्छ । वैवाहिक हिंसा, दाइजो प्रथा र बाल विवाह न्यूनीकरण गराउने उद्देश्यले विवाह अगाडि नै सम्बन्धित वडाबाट विवाहको लागि सिफारिश अनिवार्य लिनुपर्ने व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८१) ।

**विश्लेषण**:

मधेशी समुदायको सशक्तीकरणका लागि गरिएका सिफारिश विशेष गरी मधेशी महिला, युवा, अति विपन्न, विपन्न र मधेशी दलित लक्षित छन् । हरेक किसिमको नियुक्तिमा मधेशी आरक्षण मधेशी जनसङ्ख्याको आधारमा हुनुपर्छ । मधेशी दलितलाई मधेशी आरक्षणभित्रै राखेको व्यवहार देखिएकाले नेपाल सरकार र दलित आयोगले विशेष सम्बोधन गर्नु आवश्यक छ । कुनै ध्यान जाने यस्तो विषयलाई उठान गर्न सक्नु मधेशी आयोगप्रति मधेशी समुदाय कृतज्ञ हुनु जरूरी देखिन्छ । दलित आयोगलाई मधेशी आयोगले अनुरोध पत्र लेख्यो भने यो सम्बोधन सम्भव छ ।

गरिबी न्यूनीकरण देशकै चुनौती रहेको छ । त्यस सम्बन्धमा भएको सिफारिश सराहनीय छ । अति विपन्न र विपन्न वर्गहरूको वास्तविक पहिचान गरी प्रमाणपत्र दिएर सामाजिक सुविधा र प्रतिनिधित्वको सुविधा दिने, जमिन तथा वासको व्यवस्था गरिदिने व्यवस्था भएको अवस्थामा उनीहरूको सामाजिक तथा आर्थिक उठान सम्भव हुन्छ । सामाजिक र आर्थिक अवसर सबैलाई चाहिन्छ । महिला, युवा, अति विपन्न, विपन्न र मधेशी दलित सबै वर्गहरूलाई

सीपमूलक शिक्षा, स्रोतसाधन, अवसर, समान पहुँच आवश्यक छ । यी सबैको सशक्तीकरणका लागि गरिबी, वेरोजगारी, भोकमरी, विभेद, असमान्ता आदि कुराहरूको अन्त्य आवश्यक छ । परम्परागत सीपहरूलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्नुपर्दछ ।

मधेशी समुदायको सशक्तीकरण र राजनीतिक प्रशासनिक आदि सबै तहहरूमा ठूलो सङ्ख्यामा, पहुचकोलागि स्थानीय तहहरूमा लोक सेवाको तयारीकक्षा सञ्चालन नौलो प्रयोग र अवसर रहेको देखिन्छ । आयोगको यो कार्यक्रमको प्रतिफल गैरमधेशी समुदायले समेत पाउने स्पष्ट देखिन्छ ।

स्थानीय सुमदायलाई आफ्नो मातृभाषाप्रति लगाव र उत्प्रेरित गर्न 'मातृभाषा दशक' कार्यक्रम गर्नु राम्रो कुरा हो तर यसको सिफारिशलाई कार्यान्वयन तर्फ पहल कसले गर्ने ? सङ्घीय सरकार वा प्रदेश सरकार ? यसकालागि आयोगले पहल गरेर सबैतिर पत्राचार गरी अनुरोध गर्दै कार्यक्रमलाई सहज र सफल बनाउन सक्ने अवसर देखिन्छ ।

महिला कर्मचारीलाई मासिक रक्तश्रावको वेला कम्तीमा ३ दिन विदा दिनुपर्ने कुरा मानवीय र सहानुभूतिका पक्षले ठीक छ तर व्यावहारिक हुन सम्भव छैन । यो कानूनी रूपमा समेत चुनौतीपूर्ण छ ।

मधेशी आयोगबाट मधेशी समुदायको सशक्तीकरणको सन्दर्भमा भएका सिफारिश तथा सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| नियुक्ति प्रक्रियामा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व | महिलालाई राजनैतिक, आर्थिक, शैक्षिक सशक्तीकरण | कुरीति, कुसंस्कारबाट मधेशी युवालाई मुक्ति |

| | | |
|---|---|---|
| युवा, महिला, जेष्ठ नागरिकलाई विषयगत तथा सीपमूलक प्रशिक्षण, स्वावलम्बी बनाउने | लौङ्गिक अल्पसंख्यकलाई सामाजिक सेवा सुविधा | लोकसेवा आयोगको परीक्षा प्रणाली विविधतामैत्री |
| परम्परागत सीप आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण | विपन्न र दलितलाई पहिचानपत्र / सामाजिक सेवा सुविधा | नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा |
| जातीय छुवाछुत निर्मूलीकरण, विशेष सविधाहरू, सशक्तीकरण | प्राकृतिक स्रोतसाधन, मानव स्रोतसाधन, गरिबी न्यूनीकरणका लागि प्रयोजन | मधेशी आयोगबाट सञ्चालित अधिकृत स्तर तयारीकक्षा |
| मधेशी महिला सशक्तीकरण सीपमूलक शिक्षा/ आर्थिक विकाश | मधेशी दलितको आरक्षणको अधिकार सुनिश्चितता | गरिबी र विभेदपूर्ण अवस्थाहरू हटाइ रोजगार, मानवीय विकाश सूचकाङ्क सुधार |
| बैङ्किङ लगानी ५०% विपन्न वर्गलाई | विपन्न समूहलाई पहिचान पत्र | मधेशमा मातृभाषा दशक |
| महिलाका मासिक उच्च रक्तश्राव अवधिमा कम्तीमा ३ दिन बिदा | विवाहपूर्व वडाबाट विवाहको सिफारिश | |

## ३. मधेशी सुमदायको हकहितको संरक्षण र संवर्धन

महिलाका महिनावारी सम्बन्धित स्वास्थ्य चेतना बढाउनुपर्छ । Pad को स्थानीय उत्पादनलाई प्रोत्साहन दिनुपर्छ । जेष्ठ नागरिकलाई स–सम्मान व्यवस्थापन गरिनुपर्छ । समानुपातिक समावेशीतालाई अक्षरशः लागु गर्नुपर्छ । शहीद र घाइतेका सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी गर्नुपर्छ । प्रदेश २ मा ग्रामीण सीप संरक्षणका लागि MEDPA (Micro-Enterprise Development for Poverty Alleviation) प्रभावकारी रूपमा लागु गर्नुपर्छ । कृषि बीमामार्फत् कृषकलाई सहयोग गर्नुपर्छ । उत्पादन मुखी र निर्यातमुखी अर्थ व्यवस्था बनाउनुपर्छ । गरिब, दलित, एकल महिलासहितलाई सशक्तीकरण गर्नुपर्छ । (मधेशी आयोग प्रतिवेदन, २०७६)

मधेशमा स्वच्छ सफा र स्वस्थकर खानेपानीको प्रवन्ध मिलाउनुपर्छ । रोजगारीको अवसर मिलाउनुपर्छ । उत्पादित वस्तुलाई सहज सुलभ बजारको व्यवस्था गर्नुपर्छ । प्राविधिक शिक्षामा जोड दिनुपर्छ । स्वरोजगारयुक्त जनशक्ति उत्पादन गर्नुपर्छ । फलफूल, माछा र पशुजन्य उत्पादनलाई प्रोत्साहन दिनुपर्छ । महिला संरक्षणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालक गर्नुपर्छ । वोक्सी, दाईजो प्रथा, अन्धविश्वासजस्ता रूढिवादी संस्कारको अन्त्य हुनुपर्छ । 'बेटी पढाऊ बेटी बचाऊ' भन्ने नारालाई सार्थक बनाउनुपर्छ । बलत्कार जस्तो जघन्य अपराधको अन्त्य हुनुपर्दछ । तराई मधेशमा हुने बाढी जस्तो दैवीप्रकोप व्यवस्थापन चुस्त र दुरूस्त हुनुपर्दछ । यस्तो प्रकोपलाई न्यूनीकरण गर्ने तयारी गर्नुपर्दछ । प्रकोपमा परेका जनताको खाना, लुगा र बासको व्यवस्थापन गर्नुपर्दछ । हावाहुरी, सर्पदंश र वन्यजन्तुको आक्रमणबाट हुने धनजनको क्षतिप्रति उचित व्यवस्थापन गर्नुपर्दछ । (मधेशी आयोग प्रतिविदेन, २०७७)

फरक क्षमता भएका व्यक्तिलाई समान व्यवहार गरी सहज जीवनयापनका लागि विशेष संरक्षणात्मक कार्यक्रमहरू गर्नुपर्दछ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई महिला र बालबालिकामा स्वास्थ्य, जनचेतना फैलाउनका लागि कार्यक्रम सञ्चालन हुनुपर्छ । स्थानीय भाषामा आधारभूत स्वास्थ्य सेवा प्रदायकहरू खटाउन आवश्यक व्यवस्था गनुपर्छ । स्थानीय पालिकास्तरमा, जिल्लास्तरमा र प्रदेशस्तरमा जनस्तरबाट गरिने गुनासाहरू स्थानीय राष्ट्रिय भाषामा समेत लिने र सम्बोधन गर्ने व्यवस्था हुनुपर्छ । (मधेशी आयोग, प्रतिवेदन २०७८)

सीमावर्ती क्षेत्रमा हुने डुवान, अपराध र तस्करी जस्ता समस्याहरूलाई न्यूनीकरण गर्नुपर्छ । अतिविपन्न, विपन्न र मध्यम वर्गलाई विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्था गर्नुपर्दछ । शिक्षा र स्वास्थ्यसहितका क्षेत्रहरूमा बढ्दै गएको अराजकता सरोकारवालाहरूसँग छलफल गरी न्यूनीकरण गर्नुपर्छ । अतिविपन्न, विपन्न र दलितलाई निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा व्यवस्था गर्नुपर्छ । बालमृत्युदर, मातृमृत्युदर घटाउन वडा स्तरीय जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । आर्थिक स्रोत बढाई जनचेतनामूलक कार्यक्रमहरूद्वारा कुपोषणको समस्या समाधान गर्नुपर्छ । स्वास्थ्य चौकीहरूमा अनिवार्य रूपमा स्नातक तहका चिकित्सकको व्यवस्था गर्नुपर्छ । उखु किसानको बक्यौता रकमको समस्या समाधान प्रदेश सरकारबाट नै पहल गरी दिर्घकालीन रूपमा गर्नुपर्दछ । देशभरिका मिटरब्याजी पीडितहरूको मागलाई सम्बोधन र समस्या समाधान सरकारले गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

तराई–मधेशका सीमावर्ती जिल्लाहरूमा गुणस्तरीय खानेपानीको सर्वसुलभ व्यवस्था गर्नुपर्दछ । सरकारी स्तरमा स्थापित प्रज्ञा प्रतिष्ठानहरूमा ‘विद्वत वृत्ति’ को व्यवस्था रहेकोमा मधेशी मसुदायका

विद्वान्हरूलाई समेत समानुपातिक–समावेशीको आधारमा प्रदान गरिनुपर्दछ । भावना विकाश हुनेगरी गरिबी, वेरोजगारी, असमानता, सामाजिक, विभेद, हिंसा आदि न्यूनीकरण गरी मानव वेचविखन, महिला, बालबालिकालगायतका ओसार–पसारलाई रोक्नुपर्छ । नाबालिग विवाह जस्ता गलत अभ्यासले बालबालिकाको दीर्घकालीन स्वास्थ्यमा नै असर पर्ने गरेकोले मधेशका जिल्लाहरूमा शैक्षक, सामाजिक, सांस्कृतिक, आर्थिक र कानूनी वातावरणको विकाश हुनुपर्दछ । चुरे र महभारत पर्वत उद्गम स्थल रहेका नदी, खोलाहरूलाई वैज्ञानिक विधि–प्रविधिबाट नियन्त्रण गरी कटान, भडान, पटान र डुवानमा परेका जग्गालाई खेतीयोग्य भूमिमा परिणत गर्नुपर्दछ । बालसुधार गृहहरूलाई वास्तविक रूपमै बालसुधार गृहकै रूपमा व्यवस्थापन गरी संवैधानिक अधिकारहरूको सुनिश्चित गरी बालबालिकाहरूलाई सुयोग्य नागरिक बन्न अभिप्रेरित गर्नुपर्छ । कारागारहरूमा रहेका कैदी बन्दीको अवस्था दयनीय रहेको छ । कारागार जीवन व्यतीत गरिसकेपछि समाजको मूलधारमा व्यवस्थापन गर्न सजिलो हुनेगरी कैदीहरूलाई दण्ड र सजायबाट भन्दा उनीहरूलाई व्यावसायीक सीप, मनोसामाजिक कक्षा अध्ययन, योग र रूची अनुरूपका गतिविधिहरूमा संलग्न गरी सुधार गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

**विश्लेषणः**

महिलाको स्वास्थ्यसम्बन्धी अधिकारलाई सम्बोधन गरिएको छ । प्याडसम्बन्धी व्यवस्थालाई ध्यान दिइएको छ । एकल महिलाको सशक्तीकरणबारे सोचिएको छ । महिलाको संरक्षणमा जोड दिइएको छ । 'बेटी पढाऊ बेटी बचाऊ' पनि महिला संरक्षण र सशक्तीकरणसँग सम्बन्धित छ । महिला र बालबाकिालाई स्वास्थ्यसम्बन्धी जनचेतना बढाउने कुरा गरिएको छ। २०७६ देखि २०८० सम्मको प्रतिवेदनहरूमा

महिला  र बालबालिकाको स्वास्थ्य, चेतना, सशक्तीकरणका कुरा बारम्बार उठाइएको देखिन्छ ।

प्राविधिक शिक्षामा समेत बारम्बार जोड दिइएको छ । स्वरोजगारको विषय उठान भएको छ । स्वच्छ खानेपानीको सुविधा र वितरणको कुरा गरिएको छ । अन्य महत्त्वपूर्ण समकालीन समस्याहरू: उखु किसानको बक्यौता (२०७९), मिटरब्याजी पीडितहरूको माग (२०७९), कैदीबन्दीको दयनीय अवस्था (२०८०) र बालसुधार गृहको अवस्था (२०८०) बारे सुझावहरू दिइएका छन् । मधेशी विद्वत वर्गलाई समेत प्रज्ञा प्रतिष्ठानमा समानुपातिक समावेशी हुनेगरी स्थान दिनुपर्ने कुरा मधेशी विद्वान्हरूको हितमा दिइएको सुझाव हो । कृषि बीमा कार्यक्रमको सुझाव प्रगतिशील विचार हो ।

अन्धविश्वास, कुरीति र दैवीप्रकोपका विषयहरूसमेत उठान गरिएको छ । बाढीपहिरोमा परेको जग्गालाई खेतीयोग्य बनाउनुपर्ने विचार महत्त्वपूर्ण छ । समष्टिगत रूपमा स्वास्थ्य शिक्षा, कृषि, विद्वान्हरूलाई पद व्यवस्थापन, चेतनामूलक कार्यक्रम, संरक्षण र सशक्तीकरणलाई समानरूपमा महत्त्व दिई सल्लाह सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

मधेशी मसुदायको हकहितको संरक्षण र संवर्धनमा रहेका विषयवस्तु देहायबमोजिम रहेका छन्:

| | | |
|---|---|---|
| महिला शिक्षा र स्वास्थ्य | जेष्ठ नागरिक सम्मान | स्थानीय उत्पादन (PAD) प्रोत्साहन |
| समानुपातिक–समावेशिता | MEDPA | कृषि बीमा |
| सहीदका र घाइतेका सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी, नाबालिक बिबाह नियन्त्रण | उत्पादनमुखी र निर्यातमुखी अर्थ व्यवस्था | गरिब, दलित, सशक्तीकरण |

| | | |
|---|---|---|
| प्राविधिक शिक्षा | स्वस्थ्य खानेपानी | प्राविधिक शिक्षा |
| स्वरोजगार जनशक्ति उत्पादन | वैदेशिक रोजगार संरक्षण | कुरीति कुसंस्कार अन्त्य |
| दैवीप्रकोप व्यवस्थापन | फरक क्षमता भएकाको संरक्षण | स्थानीय भाषामा स्वास्थ्य सेवा र गुनासाहरू |
| सीमावर्ती क्षेत्रमा डुबान, अपराध, तस्करी नियन्त्रण | विपन्न वर्गलाई विशेष सामाजिक भत्ता | बालमृत्युदर, मातृमृत्यु दर न्यूनीकरण हुनुपर्ने |
| कुपोषण निराकरण | स्वास्थ्य चौकीमा स्नातक चिकित्सक व्यवस्था | उखु किसानको बक्यौता |
| मिटरब्याजी पीडित समस्या समाधान | विद्वत् वृत्तिको व्यवस्था | मानव तस्करी ओसारपसार नियन्त्रण |
| शैक्षिक, सामाजिक, सांस्कृतिक आर्थिक, कानूनी वातावरणको विकास | चुरे, महाभारत पर्वत संरक्षण | बालसुधार गृहको सुधार र व्यवस्थापन |
| कारागार सुधार र व्यवस्थापन | | |

## ४. मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन

२०७५ चैत्र १७ गते बारा, पर्सा जिल्लामा हावा–हुरीबाट समस्याग्रस्त वासिन्दाहरूको Rescue, Relief र Rehab का लागि सिफारिश गरिएको छ । २०७६ असार २६ गतेदेखि परेको अविरल वर्षाका कारण बाढीपहिरोबाट जनधन जोगाउन गरिएको सिफारिशमा

नदीमैत्री वातावरण बनाउनुपर्छ । तटवन्धहरूलाई व्यवस्थित गर्नुपर्छ । चुरेलाई संरक्षण गर्नुपर्छ । दशगजामा बनाइएका बाँधहरूबाट भएको समस्याको समाधान गर्नुपर्छ । जनचेतना, लोकचेतनाको माध्यमबाट अन्धविश्वास र जनस्तरबाट अन्धविश्वास, हावाहुरी, दाइवो प्रथा जस्ता कुरीतिहरू न्यूनीकरण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७६)।

खुला दिसामुक्त घोषित भइसकेका सबै वडा, पालिका र जिल्लामा सक्रिय र प्रभावकारी अनुगमन गर्नुपर्दछ । प्रवर्धनात्मक र उपचारात्मक उपायहरू अवलम्बन गर्नुपर्छ । बोक्सी, दहेज, जातीय छुवाछुत, धामी झाँक्री जस्ता कुरीति तथा अन्धविश्वास सम्बन्धमा नीतिनियम बने पनि न्यायिक कार्यान्वयन प्रभावकारी नभएकाले स्थानीय, प्रदेशिक र सङ्घीय सरकारहरू निरन्तर अनुगमन, कारवाही र पुरस्कारको व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८) ।

निर्वाचनलाई पारदर्शी, मितव्ययी र विश्वसनीय बनाउन EVM (Electronic Voting Machine) को अनिवार्य प्रयोग गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८०) । स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले कृषिका लागि आवश्यक नक्षत्रहरूलाई सार्वजनिक गर्दै हरेक घरमा नैतिक अनुशासनमा समन्वय हुन सहज हुने व्यवस्था गर्नुपर्दछ । मूर्त तथा अमूर्त (tangible and intangible) प्राकृतिक सम्पदाहरूलाई पर्यटनमा अभिवृद्धि हुनेगरी प्रविधिको माध्यमबाट संरक्षण गर्नुपर्दछ (मधेशी आयोग प्रतिविदेन, २०८१)।

**विश्लेषण:**

दैविप्रकोप – हावाहुरी, बाढीपहिरो, आदिबाट भएका जनधनको विषय उठान गरिएको छ । चुरे संरक्षणको विषय पुनः सिफारिश गरिएको छ । सीमावर्ती बाँधहरूबाट उत्पन्न समस्याहरू समाधानको लागि सिफारिश गरिएको छ । अन्धविश्वास, दाइजो, अन्य कुरीतिहरू न्यूनीकरण गर्नुपर्ने कुरा सुझावमा दिइएको छ । खुल्ला दिसामुक्त वडा, पालिका, जिल्लाको प्रभावकारी अनुगमनको सिफारिश गरिएको छ । धामी झाँक्री, छुवाछुत आदि कुरीतिहरूसम्बन्धी नीति नियमहरू र न्यायिक कार्यान्वयन प्रभावकारी हुनुपर्ने भनी सिफारिश गरिएको छ ।

२०८० को निर्वाचनलाई लक्षित गरी Electronic Voting Machine को व्यवस्था गर्न भनी दिएको सिफारिश वैज्ञानिक र प्रगतिशील रहेको छ । कृषिका लागि नक्षत्रको जानकारी र व्यवस्था गर्नु ज्योतिषीय परम्परालाइ कायम राख्नु हो। प्राकृतिक सम्पदा संरक्षण गरी पर्यटनलाई अभिवृद्धि गर्नु भनी दिइएको आयोगको सिफारिश सराहनीय छ ।

मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन सन्दर्भमा रहेका विषयवस्तु देहायबमोजिम छन्:

| | | |
|---|---|---|
| दैवीप्रकोप | चुरे संरक्षण | सीमावर्ती बाँधहरूबाट उत्पन्न समस्याहरू |
| अन्धविश्वास कुरीति न्यूनीकरण र नीति नियम र प्रभावकारी न्यायिक कार्यान्वयन | खुल्ला दिशामुक्त क्षेत्रको अनुगमन | EVM को व्यवस्थापन |
| कृषिका लागि नक्षत्रको सूचना | प्राकृतिक सम्पदाहरूको संरक्षण र पयर्टन अभिवृद्धि | |

## ५. आर्थिक र सामाजिक सशक्तीकरण

कमला, कोशी बलान, गण्डक जस्ता नदीहरू बचाऊ अभियान सञ्चालन गर्नुपर्छ । कृषिको बजारको व्यवस्था हुनुपर्छ । चुरेको प्रभावकारी संरक्षण हुनुपर्छ । चुरेलाई Water Rechargeable बनाउनुपर्छ । पूर्व–पश्चिम नहर बनाउनुपर्छ । पोखरी–तालको संरक्षण हुनुपर्छ । प्रदेश २ मा वनको वातावरण कम्तीमा ४०% हुनुपर्छ । प्राकृतिक विपद् व्यवस्थापन हुनुपर्छ । हरित अर्थव्यवस्था (Green Economy) बनाउनुपर्छ । फोहोरबाट मोहर कमाउने सोच बनाउनुपर्छ । हुलाकी सडकको निर्माण पूर्ण गर्नुपर्छ । राजविराजको एयरपोर्ट नियमित हुनुपर्छ । सीमामा परिचयपत्र लागु गर्नुपर्छ वा सीमा व्यवस्थापन प्रभावकारी तरिकाले हुनुपर्छ । कृषि व्यवसायीकरण

हुनुपर्छ । पौरखी युवाहरूका लागि स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नुपर्छ । सुकुम्बासी समस्या प्रभावकारी ढङ्गबाट समाधान गर्नुपर्छ । रैथाने मधेशीलाई संरक्षण गर्नुपर्दछ ।

योजनावद्ध विकाशको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । विश्व बौद्धिक सम्पति सूचीकृत हुनुपर्छ । ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्नुपर्छ । स्थानीय सरकारले प्राकृतिक विपद्को पूर्वतयारी गर्नुपर्छ । जनशक्तिको मात्रा र आपूर्तिमा तालमेल हुनुपर्छ । गुणस्तरीय खाधान्नको व्यवस्था हुनुपर्छ । शुद्ध खानेपानीको व्यवस्था हुनुपर्छ । सलहेश सर्किटीलाई मूर्तरूप दिनुपर्छ । जनता आवास योजना प्रभावकारी बनाउनुपर्छ । Culture, Agriculture, Infrastructure, Manufacture सहितका क्षेत्रहरूलाई अगाडी बढाउनुपर्छ । जनताबीच र राजनीतिक तहहरूबीच Conflict होइन connectivity मा जोड दिनुपर्छ ।

वनस्पतिहरूलाई अभिलेखन गरी Patent Right लिनुपर्छ । Language Technology लाई देवनागरी लिपिमा क्रमशः लैजानुपर्छ । धर्म संस्कृतिमा अनुसन्धान हुनुपर्दछ । मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य परम्परा जस्ता विषयमा खोज अनुसन्धान गरिनुपर्छ ।

नेपाली चलचित्रमा समानुपातिक समावेशी छायाङ्कन तथा कामको व्यवस्था हुनुपर्छ । पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्नुपर्छ । कलाको संरक्षणमा प्रभावकारिता ल्याउनुपर्छ । मधेशी प्रमाणीकरणको कार्य मधेशी आयोगले अविलम्ब शुरु गर्नुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७६) ।

नेपालको अन्न भण्डार तराई मधेश क्षेत्रलाई समुन्नत र उत्पादनशील बनाउन उन्नत कृषि कार्यक्रम सञ्चालन गर्नुपर्दछ । उत्पादित वस्तु तथा सेवा सहजरूपमा बेचविखन गर्न सक्ने वातावरणका लागि ठाउँ ठाउँमा बजार व्यवस्था गर्नुपर्दछ । भारतलगायत विदेशबाट आयात हुने वस्तुलाई निरुत्साहन गरी नेपाली

वस्तुलाई किनबेचमा सहजता बनाउन सरकारले उचित बजारको व्यवस्था गर्नुपर्दछ । मधेशी समुदायलाई प्रोत्साहन गर्नुपर्दछ ।

शिक्षाको माध्यमबाट मधेशी समुदायलाई राज्यको मूलधारमा समाहित गर्न समानुपातिक समावेशी सिद्धान्तमार्फत् राज्यका विभिन्न क्षेत्र र निकायमा प्रवेश गराउनुपर्दछ । प्रदेशलाई सहज बनाउन मातृभाषामा लोकसेवाको परीक्षा दिन पाउने गरी पाठ्यक्रमको व्यवस्था गर्नुपर्दछ । आरक्षण सिटलाई जनसङ्ख्याको आधारमा बढाउनुपर्छ । प्राविधिक शिक्षालाई जनसङ्ख्याको आधारमा बढाउनुपर्दछ । प्राविधिक शिक्षाबाट उत्तीर्ण विद्यार्थीलाई प्राविधिक सेवामा प्रवेश गराउन प्राथमिकता दिनुपर्दछ ।

तराई मधेशमा रहेका बाटाघाटालाई सुदृढ गर्नुपर्छ । हुलाकी राजमार्ग र अन्य मार्गहरू कालोपत्रे गर्नुपर्दछ । बाटोघाटोको सुदृढीकरण कार्यलाई प्राथमिकता दिनुपर्दछ । चुरे दोहन, जङ्गल फँडानी, अव्यवस्थित बसोबास रोकेर पर्यावरणलाई संरक्षित गर्नुपर्छ । यसतर्फ सरकारको विशेष ध्यान जानुपर्दछ ।

बन्द भएका उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालन गर्नुपर्छ । परम्परागत पेशालाई आधुनिकीकरण गर्नुपर्छ । लक्षित वर्गलाई बजारीकरणको माध्यमबाट आय आर्जन हुनेगरी उत्पादन बढाउनुपर्छ । यसबाट बेरोजगारी र गरिबीको अवस्था न्यूनीकरण हुँदै जान्छ । निजी बैङ्क तथा वित्तीय संस्थाबाट सामुदायिक स्तरमा प्रभावकारीरूपमा लगानी व्यवस्थित गर्नुपर्दछ । लगानीलाई प्रयोगात्मक रूपमा लैजानुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७७) ।

कृषिमा आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि आवश्यक व्यवस्था हुनुपर्छ । कृषि बजारका लागि सरकारी मण्डीहाउसको व्यवस्था हुनुपर्छ । कृषकहरूका लागि न्यूनतम् मूल्य तोकिनुपर्छ । समयमै पर्याप्त बिउ, मलको व्यवस्थाका लागि तराई

मधेशमा उद्योग र भण्डारण केन्द्र हुनुपर्छ । उखु किसानहरूको विगतको बक्यौता रकम पाउनुपर्छ । उखु बिक्री गरेको बेला तत्काल नगद भुक्तानी हुनुपर्छ ।

औद्योगिक विकाशका लागि तराई–मधेशले अत्यधिक सम्भावना बोकेको हुनाले त्यसका लागि औद्योगिक वातावरण सिर्जना गर्नका लागि आवश्यक व्यवस्था मिलाउनुपर्छ । बन्द भएका उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउनुपर्छ । व्यावसायीक सुरक्षा, व्यापारका लागि उपयुक्त वातावरण र बजार अनुगमन मूल्याङ्कन हुनुपर्छ । तराई मधेशमा स्थानीय उत्पादन हुने वस्तुहरू निर्यातयोग्य बनाउन सरकारले प्रवर्धनात्मक कार्यहरू गर्नुपर्छ । (मधेशी आयोग प्रतिवेदन, २०७८) ।

स्थानीय तह, प्रादेशिक तह र सङ्घीय तहमा आवश्यक समन्वय र सहकार्य गरी सहअस्तित्वको भावना जगाई मानव विकाश र भौतिक विकाशको वातावरण तयार गर्नुपर्छ । हुलाकी राजमार्ग निर्माण कार्यमा तीव्रता ल्याई पूर्वपश्चिमको राजमार्ग अविलम्ब सञ्चालन गर्नुपर्छ । सिरहा र धनुषाको सीमामा रहेको कमला पुल (उद्घाटन नहुँदै भत्किएको २ वर्ष बितिसक्दा पनि बन्न नसकेकोले) को पुनः निर्माण गरी हुलाकी राजमार्ग धनुषा सिरहा खण्ड सञ्चालन गर्नुपर्छ । यसबाट आर्थिक रूपमा समाज सशक्त हुनेछ । मधेश प्रदेशका आठवटै जिल्लाहरू गायतमा आकाशे वर्षामा आश्रित किसानहरूलाई तत्कालै ‘सुख्खा क्षेत्र’ घोषणा गरी राहत दिनुपर्छ । कोशी, कमला, वलान, वाग्मती, नारायणी, राप्तीसहितका नदीहरूबाट नहरको उचित व्यवस्थापन गरी बाह्रै महिना सिंचाइको व्यवस्था गर्नुपर्छ । मल कारखाना नेपालमा नै खोलेर मलको समस्या समाधान गर्नुपर्दछ । मधेशी जनतालाई आर्थिक अभावले सामाजिक संस्कार र अन्त्येष्टिमा समेत समस्या देखिएकाले स्थानीय तहको रोहवरमा सहुलियत ऋणको व्यवस्था हुनुपर्दछ ।

चुरेको विनाश रोक्नुपर्छ । अवैध जङ्गल कटान, भौतिक सम्पदा निर्माण रोक्नुपर्छ । राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्दछ । उत्तरदक्षिणको सडक पूर्वाधारहरू गुणात्मक रूपमा असल दरिलो बनाउनुपर्दछ ।

अति विपन्न, विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान गरी सोको आधारमा तीनै तहका सरकारहरूले सहुलियतपूर्ण पूँजीको व्यवस्थापन गर्नुपर्छ । उत्पादनमा फलदायी प्रोत्साहन गरी उत्पादित सामाग्रीहरूको उचित बजार व्यवस्थापन गर्नुपर्छ । कृषि पेशा गर्न चाहनेहरूलाई आधुनिक तथा सामूहिक खेलीमा प्रोत्साहन गर्नुपर्छ । मैनबत्ती, साबुन भुजिया, दालमोठ, मसाला आदि बनाउने आधारभूत तालिमहरू दिनुपर्छ । स्थानीय बजारमै खपत र व्यवस्थापन हुने सीपमूलक तालिम दिई आय आर्जनबाट ती मानिसहरूलाई देशको मूलधारमा ल्याउनुपर्छ । महिला र पुरुषको ज्याला एउटै हुनुपर्छ । देश भरका मिटरब्याजी पीडितहरूको माग जस्तै पीडित किसानको जमिनको मालपोत दृष्टि बन्धक खोली अनिराकृत तमसुक च्यात्नुपर्ने, भूमिहीन बनाइएका किसानहरूको जमिन फिर्ता हुनुपर्ने, आदि तत्काल सरकारबाट सम्बोधन हुनुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

मल अभावको समस्यालाई समाधान गर्न पूर्ण क्षमताको एउटा रासायनिक मल कारखाना अनिवार्य रूपमा स्थापना गर्नुपर्छ । चुरेको, तल/पींधबाट पूर्व–पश्चिम नहरको निर्माण गर्नुपर्छ । कोशी कमला, नारायणीलगायतका नदीहरूलाई एक–आपसमा जोडेर नदी संयोजन गरी कृषिका लागि उपयुक्त सिंचाइ गर्नुपर्छ । यसबाट चुरे क्षेत्रको वाटर रिचार्ज (Water Recharge) हुन्छ र मधेशमा भूमिको मरुभूमीकरणबाट जोगिन्छ र जनमैत्री वातावरण निर्माण हुन्छ ।

विविध संस्कृति रहेको नेपालमा सामाजिक वितृष्णा ल्याउन जातीय, धार्मिक दुर्भावनालाई उत्तेजित पार्ने दृश्य/अदृश्य अभियानमा लागेका छन् । यस्ता गतिविधिका लागि रकमसमेत भित्रिने गरेको छ । भित्रिने रकम गृह र अर्थ मन्त्रालयको एकद्वार प्रणालीबाट मात्र

भित्रिएमा जातीय र धार्मिक सद्भावनालाई कायम राख्न सहज हुन्छ । धर्मान्तरणको समस्यासमेतमा न्यूनीकरण हुन्छ । भएका घटनाहरूको सन्दर्भमा न्यायिक आयोग गठन गरी सत्यतथ्य जनसमक्ष ल्याउनुपर्छ ।

गाईको संरक्षण हुनुपर्छ । यसबाट मुलुकमा सामाजिक र सांस्कृतिक सदभावमा वृद्धि भई समग्र मुलुकमा सुशासन प्राप्त हुन्छ । तराई मधेशका आर्थिक मेरुदण्डको रूपमा देखिएको हुलाकी राजमार्गको रोकिएको कार्यलाई अविलम्ब पूरा गर्नुपर्दछ । दक्षिणी भू–भागमा कुपोषणबाट पीडित बालबालिकालाई स्वस्थ आहारा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

निजामती सेवामा पदपूर्ति हुने सङ्ख्याको कम्तीमा ६०% सङ्ख्या प्राविधिक बनाई सोही अनुसार पदपूर्तिको कानूनी व्यवस्था सिर्जना गर्नुपर्दछ ।

२०६३/०६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धानका लागि उच्चस्तरीय न्यायिक आयोग बनाई उत्पन्न द्वन्द्वको दीर्घकालीन निरूपण गरी मुलुकमा खास गरी तराई–मधेशमा सामाजिक सांस्कृतिक समन्वय गर्नुपर्दछ । एकल नागरिक, विधवा/विधुर, ज्येष्ठ नागरिकरूको संरक्षण सामाजिक सुरक्षा भत्ताबाट हुनुपर्छ । तिनीहरूको अथाह ज्ञान सीपलाई मुलुक विकाश लागि सदुपयोग गर्नुपर्छ ।

नेपालमा रहेका वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण गरी बहुआयामिक आय आर्जनबाट मुलुकको तीव्रतम् विकाश गर्नुपर्छ । विभिन्न प्रकारका विभेदहरूबाट समाजलाई मुक्ति दिनका लागि समय समयका लोक नाटकहरू जस्तै दिनाभद्री, बन्ठाचमार, आल्लाह–उदल, सलेहशका बारे अध्ययन अनुसन्धान गरी विद्यालयको पाठ्यक्रममा राख्ने व्यवस्था गर्नुपर्दछ । मुलुकको सर्वाङ्गीण विकाशका लागि कृषिमा आधुनिकीकरण, बजारीकरण, सहुलियतीकरण प्रक्रिया व्यवहारमै ल्याउनुपर्छ ।

आयआर्जन साथै सरसफाइमा टेवा पुग्ने गरी फोहरबाट मोहरमा परिणत हुने प्रविधिको प्रावधान लागु गर्नुपर्छ । जनताको राहतका लागि आयुर्वेद स्वास्थ्य सेवाको प्रबन्ध मिलाउनुपर्दछ । नदी, खोलालाई ठोस तटबन्धको माध्यमबाट नियन्त्रण गरी बगरमा आधुनिक तवरले वृक्षारोपण र उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन गर्नुपर्छ । चुरेको संरक्षणको अभावमा यस क्षेत्रका ३० हजार घरपरिवार जोखिममा छन् । चुरेको दोहनले तराई–मधेशको उब्जाउ भूमि कटान, डुबान, पटान र भडानको गम्भीर सङ्कटमा परेका छ । यस अर्थमा चुरेलाई संरक्षण गरी प्रकृतिजन्य, मानवजन्य र पर्यावरण न्यायको सङ्कट निवारण गर्नुपर्दछ ।

हुलाकी राजमार्गको अधुरो र अपूरो कार्य अविलम्ब सम्पन्न गरी अझ बढी प्रभावकारी तवरले मुलुकको निर्माणमा सो भूगोलको जनतालाई सम्पर्क सूत्रमा बाँध्नुपर्दछ । घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत गर्नुपर्दछ । यसका लागि स्थानीय जडिबुटीलगायतका सामग्रीहरूलाई सदुपयोग गर्नुपर्दछ ।

**विश्लेषणः**

कुनैपनि ठाउँको आर्थिक र सामाजिक विकाश नै महत्त्वपूर्ण पक्ष हो । आर्थिक र सामाजिक सशक्तीकरणका लागि नदीहरू बचाऊ अभियानमा जोड दिइएको छ । चुरे संरक्षणमा जोड दिइएको छ । कृषि क्षेत्र विकाशका लागि पूर्वपश्चिम नहर निर्माण गर्नु जरुरी छ । फोहोरलाई रिसाइकल गरी आम्दानी गर्ने बाटो सुझाव गरिएको छ । हुलाकी सडक नेपालको महत्त्वाकांक्षी योजना हो । यसको पूर्ण निर्माण हुनु आवश्यक छ । देशको समग्र विकाशमा यसले टेवा पुऱ्याउन सक्छ ।

राजविराज एयरपोर्ट नियमित सञ्चालनमा आइसकेको छ । यसबाट यहाँका बासिन्दा लाभान्वित भएका छन् । तराईलाई ओखलढुंगासँग जोड्न मिर्चैया कटारी, ओखलढुंगा बाटो रहेकै छ । यसलाई विस्तार गर्ने प्रक्रियामा नेपाल सरकार लागेको देखिन्छ । कृषि व्यवसायीकरण सहज प्रक्रिया हो । केही जटिल समस्याहरू छन् । सीमा व्यवस्थापनका लागि परिचयपत्रको व्यवस्था जटिल छ । यसबाट सीमा वरिपरि राजनैतिक बहस बढ्न सक्छ । रैथाने मधेशीको संरक्षणका लागि यो व्यवस्था आवश्यक रहे पनि दुवै देशहरूबीचको सम्बन्धलाई विचार गर्नुपर्दछ ।

विश्व बौद्धिक सम्पत्ति र ऐतिहासिक र पुरातात्विक सम्पत्तिको सूचीकरण र संरक्षण गर्नु अपरिहार्य छ । स्थानीय सरकारबाट प्राकृतिक विपद्को पूर्व तयारी गर्नुपर्दछ । सङ्घीय, प्रादेशिक र स्थानीय तहमा पूर्व तयारी गरिएको पनि हुन्छ । जनशक्तिको माग र आपूर्तिमा तालमेल हुनुपर्छ । राम्रो दक्ष जनशक्ति पलायन भइरहेको छ र आपूर्ति भए पनि तलब सुविधा राम्रो छैन । तलब सुविधामा पनि तालमेल हुनु जरूरी छ । स्वदेशमा रोजगारीको व्यवस्था हुनुपर्दछ ।

शुद्ध खानेपानीको व्यवस्थापन पनि चुनौतीपूर्ण छ । शहरी क्षेत्रमा धारा पानीको सुविधा भएको छ तर अन्यत्र ट्युवेलमा नै भर परेको देखिन्छ । सङ्घीय सरकार र प्रादेशिक सरकारले योजनाबद्ध विकाशको प्रारूप तयार गर्छन् तर प्रभावकारी कार्यान्वयनमा चुक्छन् ।

धर्म संस्कृतिबारे अनुसन्धान हुनुपर्दछ । संस्थागत रूपमा रेकर्ड राख्न सकियो भने कुनै पनि समस्याको सम्बोधन गर्न सजिलो हुन्छ । वनस्पतिहरूको अभिलेखन गरी Patent right उपलब्ध गराएमा ती वनस्पतिहरू संरक्षित हुन्छन् । Language technology जस्तै कम्प्युटरको भाषा स्थानीय राष्ट्रिय भाषाहरूमा पनि हुनुपर्दछ । हिन्दी, नेपालीमा रहेको पाइन्छ । मैथिलीमा कम्प्युटरको भाषा धेरै कम प्रयोगमा भएको पाइन्छ तर देवनागरीमा छ । मधेसी समुदायको भाषा,

लिपि, संस्कृति, इतिहास, साहित्य आदिको खोज अनुसन्धान गरेर संरक्षण गर्न सकिन्छ । नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी छायाङ्कन हुन सके स्थानीय पहिचानले बढावा पाउन सक्छ । पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्नु जरुरी छ । कला र कलाकारको हकहितको प्रभावकारी संरक्षणबारे सुझाव गरिएको छ ।

मधेशीसम्बन्धी प्रमाणीकरण मधेशी आयोगबाट हुनुपर्ने भनी माग गरिएको छ जुन सैद्धान्तिक रूपमा सही देखिन्छ तर विस्तृत संरचना नभएको आयोगका लागि यो चुनौतीपूर्ण हुन्छ । मधेशमा उन्नत कृषि कार्यक्रम हुनुपर्दछ । उत्पादित वस्तु र सेवाका लागि सरकारले बजार व्यवस्थापन गर्नुपर्दछ । आयातलाई निरुत्साहन गर्न र नेपाली वस्तुलाई सहज बजार व्यवस्था गर्नुपर्छ भनी सिफारिश गरिएको छ । मधेशी समुदायलाई समावेशी र शिक्षाको माध्यमबाट देशको मूलधारमा समाहित गर्नुपर्छ भनी सिफारिश गरिएको छ । स्थानीय मातृभाषामा लोकसेवाको पाठ्यक्रम र परीक्षाको व्यवस्था हुनुपर्छ । जनसङ्ख्याको आधारमा मधेशीको आरक्षण हुनुपर्दछ । जनसङ्ख्याको आधारमा मधेशी समुदायलाई प्राविधिक शिक्षा र सेवामा अत्याधिक पहुँच हुनुपर्दछ । तराई–मधेशको बाटाघाटा सुदृढ हुनुपर्छ । हुलाकी राजमार्ग र अन्य बाटाघाटालाई समेत सुदृढ गर्नुपर्दछ । पर्यावरण संरक्षणमा ध्यान दिनुपर्दछ । उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालनमा ल्याउनुपर्दछ । परम्परागत पेशालाई आधुनिकीकरण गर्नुपर्दछ ।

उत्पादनलाई बजारीकरण गरी आयआर्जन गरी गरिबी न्यूनीकरण गर्नुपर्दछ । बैङ्क र वित्तीय संस्थाको प्रयोगात्मक लगानी पिछडा समुदायमा हुनुपर्दछ । कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण हुनुपर्दछ । कृषिबजार मण्डीहाउसको व्यवस्था गरिनुपर्दछ । कृषि उत्पादनको न्यूनतम मूल्य दिने गरेकोले उचित मूल्यका लागि पहल गरिनुपर्दछ । बिउ र मलको पर्याप्त व्यवस्था

हुनुपर्दछ । मधेशमा उद्योग र भण्डारणको व्यवस्था हुनुपर्दछ । उखु किसानको बक्यौता भुक्तानीका लागि तत्काल नगद भुक्तानी हुनुपर्दछ । तराई–मधेशमा औद्योगिक वातावरण हुनुपर्दछ । व्यावसायिक सुरक्षा, व्यापारिक वातावरण, बजार अनुगमन र मूल्याङ्कनका कार्यहरू आवश्यक छन् । तराई मधेशको उत्पादन निर्यात प्रवर्धनमा जोड दिनुपर्दछ ।

स्थानीय, प्रादेशिक र सङ्घीय तहमा समन्वय र सहकार्य हुनुपर्दछ । सिरहा र धनुषाको सीमामा रहेको कमला पुलको पुनः निर्माण हुनुपर्दछ । मधेश प्रदेशमा सुख्खा क्षेत्र घोषणा गरी राहत वितरण हुनुपर्दछ । नहरको उचित व्यवस्थापन र बाह्रै महिना सिँचाईको व्यवस्था हुनुपर्दछ । पर्याप्त मलका लागि मल कारखाना स्थापना गरिनुपर्दछ ।

सामाजिक संस्कार र अन्त्येष्टिका लागि सहुलियत ऋणको व्यवस्था हुनुपर्दछ । चुरे संरक्षणमा जोड दिनुपर्दछ । तराई–मधेशको उत्तर–दक्षिणको सडक पूर्वाधारहरू निर्माण तथा मर्मत हुनुपर्दछ । विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान र तिनीहरूलाई सहुलियतपूर्ण पूँजीको व्यवस्था गरिनुपर्दछ । उत्पादन र बजार व्यवस्थापनमा जोड दिएको छ । आधुनिक तथा सामूहिक खेतीमा प्रोत्साहन दिनुपर्दछ । उत्पादनका लागि आधारभूत तालिमको व्यवस्था हुनुपर्दछ । स्थानीय बजारमै उत्पादनको खपत र व्यवस्थापन हुने सीपमूलक तालिमको व्यवस्था गर्नुपर्दछ ।

समान कामका लागि महिला र पुरूषको समान ज्यालाको व्यवस्थामा जोड दिइएको छ । मिटरब्याजी पीडितहरूको मागहरू सम्बोधन हुनुपर्दछ । चुरे क्षेत्रलाई वाटर रिचार्ज प्रणालीमा रूपान्तर गर्नुपर्दछ । जातीय र धार्मिक गतिविधिका लागि भित्रिने रकम गृह र अर्थ मन्त्रालयको एकद्वार प्रणालीबाट हुनुपर्छ । नेपालको राष्ट्रिय

जनावर गाईको संरक्षण हुनुपर्दछ । धर्मनिरपेक्ष (Secular) देशमा गाईको संरक्षणको विषय विवादस्पद भए पनि राष्ट्रिय जनावरको हकमा यसो हुनु आवश्यक पनि हुन्छ ।

तराई–मधेशको दक्षिणी भू–भागमा कुपोषणबाट पीडितलाई स्वस्थ्य आहारा र स्वास्थ्य उपचारको व्यवस्थामा जोड दिइएको छ । निजामती सेवामा ६०% प्राविधिक तराई–मधेशबाट नियुक्ति हुनुपर्दछ । २०६३/६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धान दीर्घकालीन र सामाजिक तथा सांस्कृतिक समन्वय हुनुपर्दछ । एकल नागरिक, जेष्ठ नागरिक, विधवा/विधुरको सामाजिक सुरक्षा भत्ता र संरक्षणको व्यवस्था हुनुपर्छ । वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण र त्यसबाट बहुआयामिक आय आर्जनको व्यवस्था हुनुपर्दछ ।

फोहोरको उचित बन्दोबस्तीबाट मोहर (आय) कमाउने उपाय गर्नुपर्दछ । आयुर्वेद स्वास्थ्य सेवाको व्यापकता र विकाश हुनुपर्दछ । समाजका लोकनायकहरू (दिनाभदी, बन्ठाचमार, आल्हा–उदल, सलेस) को अध्ययन अनुसन्धान हुनुपर्दछ र विद्यालयका पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ । सीमाक्षेत्रमा बनाइएका तटबन्धहरूको नियन्त्रण गर्नु आवश्यक छ । नदीहरूको बगरमा वृक्षारोपण गर्नु आवश्यक छ । उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन दिनु आवश्यक छ । घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत गरिनुपर्दछ ।

मधेशी आयोगबाट मधेशी समुदायको आर्थिक र सामाजिक सशक्तीकरणका लागि प्रस्तुत सिफारिश र सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| नदीनाला बचाऊ अभियान | चुरे संरक्षण (Water Rechargeable) | पूर्व–पश्चिम नहर निर्माण |

| | | |
|---|---|---|
| पोखरी तालको संरक्षण | प्रदेश २ मा वन ४०% हुनुपर्ने | फोहोरबाट मोहर |
| हुलाकी सडक पूनर्निर्माण | राजविराज एयरपोर्ट नियमित | सखरेश्वरी–ओखलढुङ्गा बाटो निर्माण |
| सीमा व्यवस्थापन/परिचय पत्र | कृषि व्यवसायीकरण | स्वदेशमा रोजगारीको व्यवस्था |
| सुकुम्बासी समस्या समाधान | रैथाने मधेशीको संरक्षण | योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयन |
| विश्व बौद्धिक सम्पत्तिको सूचीकरण | ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण | स्थानीय सरकारबाट प्राकृतिक विपद्को पूर्व तयारी |
| जनशक्ति माग र आपूर्तिमा तालमेल | शुद्ध खानेपानीको व्यवस्थापन | सलहेश सर्किट मूर्तरूप |
| Culture, Agriculture, Infrastructure, Manufacture | Conflict होइन Connectivity | धर्म संस्कृतिमा अनुसन्धान |
| वनस्पतिहरूको अभिलेख र Patent | Language Technology | मधेशी समुदायको भाषा, लिपि, |

| | | |
|---|---|---|
| Right | देवनागरी लिपिमा | संस्कृति, इतिहास, साहित्य आदिमा खोज अनुसन्धान |
| नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी छायाङ्कन | पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन | कलाको प्रभावकारी संरक्षण |
| मधेशी प्रमाणीकरण मधेशी आयोगबाट | मधेशमा उन्नत कृषि कार्यक्रम | उत्पादित वस्तु र सेवाका लागि बजार व्यवस्थापन |
| आयातलाई निरुत्साहन र नेपाली वस्तुलाई सहज बजार | मधेशी समुदायलाई शिक्षा र समानुपातिक समावेशीबाट मूलधारमा समाहित | मातृभाषामा लोकसेवा पाठ्यक्रम र परीक्षा |
| जनसङ्ख्याको आधारमा आरक्षण | जनसङ्ख्याको आधारमा प्राविधिक शिक्षा र सेवामा पहुँच | तराई–मधेशको बाटाघाटा सुदृढ |
| हुलाकी राजमार्ग र अन्य बाटाघाटालाई सदृढीकरण | पर्यावरण संरक्षण | उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालन |
| परम्परागत पेशालाई आधुनिकीकरण | उत्पादन बजारीकरण आय आर्जन गरिबी न्यूनीकरण | बैङ्क, वित्तीय संस्थाको लगानी पिछडा समुदायमा |

| | | |
|---|---|---|
| प्रयोगात्मक लगानी | कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण | कृषि बजार मण्डीहाउसको व्यवस्था |
| कृषि उत्पादन न्यूनतम् मूल्य | बिउ, मलको पर्याप्त व्यवस्था | मधेशमा उद्योग र भण्डारण |
| उखु किसानको बक्यौता भुक्तानी, तत्काल नगद भुक्तानी | तराई मधेशमा औद्योगिक वातावरण | व्यावसायीक सुरक्षा व्यापारिक वातावरण बजार अनुगमन र मूल्याङ्कन |
| तराई मधेशको उत्पादन निर्यात प्रवर्धन | स्थानीय प्रादेशिक र सङ्घीय तहमा समन्वय र सहकार्य | सिरहा र धनुषाको सीमाको कमला पुलको पुनः निर्माण |
| मधेश प्रदेशमा सुख्खा क्षेत्र घोषणा र राहत | नहरको उचित व्यवस्थापन र बाह्रै महिना सिंचाइको व्यवस्था | मलका लागि मल कारखाना |
| सामाजिक संस्कार र अन्त्येष्टिका लागि सहुलियत ऋण | चुरे संरक्षण | उत्तर–दक्षिणको सडक पूर्वाधारहरू |
| विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान र सहुलियतपूर्ण पुँजीको व्यवस्था | उत्पादन र बजार व्यवस्थापन | आधुनिक तथा सामूहिक खेतीमा प्रोत्साहन |

| | | |
|---|---|---|
| उत्पादनका लागि आधारभूत तालिम | स्थानीय बजारमै खपत र व्यवस्थापन हुने सीपमूलक तालिम | महिला र पुरुषको समान ज्याला |
| मिटरब्याजी पीडितहरूका मागहरू सम्बोधन | चुरे क्षेत्रमा वाटर रिचार्ज | जातीय र धार्मिक गतिविधिका लागि भित्रिने रकम गृह र अर्थमन्त्रालयको एकद्वार प्रणालीबाट |
| गाईको संरक्षण | दक्षिणी भू–भागमा कुपोषणबाट पीडितलाई स्वस्थ आहारा र स्वास्थ्य उपचार | निजामती सेवामा ६०% प्राविधिक |
| २०६३/६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धान, दीर्घकालीन निरूपण र सामाजिक सांस्कृतिक समन्वय | एकल नागरिक, ज्येष्ठ नागरिक, विधवा, विधुरको सामाजिक सुरक्षा भत्ता र संरक्षण | वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण र त्यसबाट बहुआयामिक आयआर्जन |
| समाजका लोकनायकहरू (दिनाभद्री, बन्ठाचमार, आल्हा–उदल, सलेहस) को अध्ययन अनुसन्धान/पाठ्यक्रम | फोहोरबाट मोहर | आयुर्वेद स्वास्थ्य सेवा |
| तटबन्ध नियन्त्रण | बगरमा वृक्षारोपण | उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन |
| घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति | | |

| |
|---|
| (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत |

## ६. मधेशी संस्कृतिको संरक्षण र विकाश

देशदर्शन जस्ता सामाजिक र सांस्कृतिक कार्य गर्नुपर्छ । तराई–मधेश सांस्कृतिक संग्रहालय निर्माण गर्नुपर्दछ । अनाथ बालबालिकाका लागि संरक्षण केन्द्र स्थापना गर्नुपर्छ । महिला नेतृत्वमाथि समाजको विश्वास बढाउनुपर्छ । बालश्रम र सरसफाइ सहितमा जनचेतना जगाउनुपर्छ । सामाजिक सुधारका लागि सडक नाटकलगायतका कार्यक्रम प्रभावकारी बनाउनुपर्छ । अन्तरधार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप हुनुपर्छ । श्रमदान र अन्नदानको भावनाको विकाश गर्नुपर्छ ।

मधेशमा परम्परादेखि प्रचलनमा रहेका विभिन्न हस्तकलाहरूको विकाश, संरक्षण र प्रवर्धन गर्दै आयआर्जन कार्यक्रम निर्माण तथा सञ्चालन गर्नुपर्दछ । पुरातात्त्विक सम्पदाहरूको खोज गरी तिनको संरक्षण गर्नुपर्दछ । मिथिला, भोजपुरा, अवधिसहितका क्षेत्रहरूमा प्राथमिकताका साथ संग्रहालयको निर्माण गर्नुपर्दछ । सांस्कृतिक प्रतिष्ठानको स्थापना गर्नुपर्दछ । केन्द्रीय प्रज्ञा प्रतिष्ठानसँग समन्वय गरी प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार गर्नुपर्दछ । प्रदेश स्तरमा समेत ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाटक प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान स्थापना गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७६) ।

मधेशमा बोलिने भाषा मैथिली, भोजपुरी, अवधि र थारु जस्ता भाषा तथा लिपिको संरक्षण गर्नुपर्छ र राष्ट्रिय स्तरको मान्यता दिनुपर्दछ । मधेशको विभिन्न संस्कृतिको संरक्षण र संवर्धनमा सरकारले भाषाविज्ञ र संस्कृति विज्ञलाई परिचालन गर्नुपर्दछ ।

बालविवाह, दाइजोप्रथा, बहुविवाह, बोक्सी, धामी, झाँक्री जस्ता कुरीतिहरूको अन्त्य गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७७) ।

तराई मधेशमा रहेका मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको प्रभावकारी व्यवस्थापन हुनुपर्छ । तराई मधेशमा मनाइने महत्त्वपूर्ण चाडपर्वहरूमा प्रदेश सरकारले विदाको व्यवस्था मिलाउनुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८) ।

नेपाल–अङ्ग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित 'मधुवन गोठ' लाई ऐतिहासिक स्थलको रूपमा अध्ययन, अनुसन्धान र विकाश गर्नुपर्छ । राजा विराटको गृहनगर रहेको स्थललाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्दछ । विश्व सम्पदा सूचीमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा–३ बलाने विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी, महोत्तरी र अन्यलाई समेत अनिवार्य रूपमा सूचीकृत गर्नुपर्छ । कपिलवस्तु जिल्लामा रहेका प्रसिद्ध तौलेश्वर मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्छ ।

नेपालको सबैभन्दा जेठो विद्यालय श्री राजकीय संस्कृत पाठशाला महोत्तरी हाल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी न.पा. स्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय ३०४ वर्ष पुरानो रहेकोले यसलाई सोहीअनुसार सूचीकृत गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पहल गर्नुपर्छ । धर्मान्तर र धर्मान्धताको नाममा भित्रिने रकमलाई तत्काल गृहमन्त्रालयले निगरानी राख्नुपर्छ ।

सूचीकृत नभएका विभिन्न धर्मावलम्बीहरूका शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत गर्नुपर्छ । मधेशको संस्कृति नै जल संस्कृति रहेकोले चुरे संरक्षण गरी पानीको स्रोत जोगाउनुपर्दछ । चुरेको दोहनबाट सिर्जित कटान, डुबान र भरानसहितका समस्यालाई

समाधान गर्नुपर्छ । अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनेगरी सफासुग्घर संरचनाको विकाश गर्नुपर्दछ ।

मधेशी समुदायका आस्थाका केन्द्र लोकतन्त्र र सनातान हिन्दू संस्कृति नै रहेको छ । यसलाई अक्षुण्ण राख्न लोकतानित्रक संस्कृतिलाई बलियो पार्नुपर्छ । साथै सनातन हिन्दू संस्कृति माथि अतीक्रमण र धर्मान्तरण सहितका कार्यलाई अविलम्ब रोक्नुपर्छ । देशदर्शन अभियान सघन रूपमा सञ्चालन गर्नुपर्छ । यसबाट आफ्नै मुलुकको कला, संस्कृति, समाज, लोकज्ञानमा सहज पहुँच हुन्छ । सामाजिक, सांस्कृतिक र राष्ट्रिय एकता बलियो हुन्छ ।

चुरेको विनाशलाई रोक्न तत्कालै कदमहरू चाल्नुपर्छ । वन तथा वातावरण मन्त्रालयले अवैध जङ्गल कटान, भौतिक सम्पदा निर्माणलाई रोक्नुपर्दछ । राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्दछ । तराई–मधेशमा रहेका पुरातान्विक महत्त्वका मठ–मन्दिरलाई उचित संरक्षण दिनुपर्छ र विकाश गर्नुपर्छ ।

प्रसिद्ध शक्तिपीठ श्री छिन्नमस्ता भगवती सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा अवस्थित छ । हालसम्म निजी गुठीको रूपमा रहेको छ । जसलाई सार्वजनिक गुठीमा परिणत गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, केन्द्रीय गुठी संस्थान आदि सबैले पहल गर्नुपर्दछ । सो शक्तिपीठको परिसरमा रहेको छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई आधुनिक तथा प्रभावकारी रूपमा संस्कृत शिक्षाका लागि व्यवस्थित गर्नुपर्दछ ।

सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. २ वनैनियामा रहेको श्री नवदुर्गा भगवती मन्दिर ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले १०० वर्षभन्दा बढी पुरानो रहेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसको संरक्षण र संवर्धन गर्नुपर्दछ ।

मिथिला पेन्टिङसहितका हस्तकला ५० वर्ष पहिलेदेखि विश्वप्रसिद्ध छन् । यसका प्रखर र निपुण हस्तकारिगरहरूलाई स्थानीय र प्रदेश सरकारहरूले विवरण सङ्कलन गरी "कलाकारिता सुरक्षा भत्ता" को व्यवस्था गर्नुपर्दछ । तराई–मधेशमा भएका ऐतिहासिक कलाहरू (मिथिला, भोजपुरी र अवधि पेन्टिङ) लगायतका हस्तकलाहरूलाई अध्ययन अध्यापनका लागि शैक्षिक पाठ्यक्रममा राख्नुपर्दछ ।

सुनसरी जिल्लाको हरिनगरा गाउँपालिकामा रहेको ऐतिहासिक तथा पुरातात्त्विक शिव मन्दिर, सप्तरी जिल्लाको कङ्कालीनी भगवती मन्दिर, लोकनायक दिनाभद्री, सिरहा जिल्लाको लहान न.पा.को ढोडनामा अवस्थित राजदेवी पञ्चावती मन्दिर, सिरहा जिल्लाको सहलेश फूलबारी मन्दिर, पताइर पोखरी, मानिक दह, मिर्चैया न.पा. वडा नं. ९ मा अवस्थित प्राकृतिक कमल दह, बारा जिल्लाको गढीमाई, पर्सा जिल्लाको माईस्थान, बाँके जिल्लाको बागेश्वरी मन्दिर, नवलपरासी जिल्लाको त्रिवेणीधाम, कपिलवस्तु जिल्लाको तिलौराकोटलगायतका धार्मिक स्थलहरूको उचित विकाश तथा पर्यटन प्रवर्धन गर्नुपर्दछ ।

विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा–३ बलान बिहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर र (घ) मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

नेपालका सांस्कृतिक सम्पदाहरूलाई नेपाल सम्पदा र विश्व सम्पदामा विभाजन गरी सूचीकृत गर्नुपर्छ । मातृभाषाको संरक्षण, संवर्धन र सशक्तीकरण गर्नुपर्दछ । मधेशी समुदायको मातृभाषा दिवस मनाउनुपर्दछ । लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको तिलौराकोट, दाङ जिल्लाको गढवा गाउँपालिका कोइलावासको ऐतिहासिक

सीताराम मन्दिर, मोरङ जिल्लाको विराटनगरस्थित ऐतिहासिक तथा पुरातात्त्विक स्थल विराट दरबार, धनुषाका धनुषाधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्छ । सातौँ शताब्दीका प्रतापी राजा शैलेश/सलेहशको राजधानी सिरहा जिल्लाको फूलबारी, पतारी, महिसोथा, मनिकदह लगायतका क्षेत्रहरूको संरक्षण र संवर्धन गरी सामुदायिक र सांस्कृतिक पर्यटनको विकाश गर्नुपर्दछ । मधेशी समुदायको लिपि मिथिलाक्षर देवनागरी लिपि, कैथी लिपि, महाजनी लिपिलगायतका लिपिहरूलाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले आफ्ना मातहतका संस्थाहरूबाट संरक्षण गराउनुपर्दछ ।

पोखरी, सरोवरलगायतलाई पिँध (Bottom) को सफाइ गरी जलचरमैत्री बनाउनुपर्दछ । पोखरी इनार आदिलाई संरक्षण गरी तराई–मधेशको ‘जल संस्कृति’ लाई अक्षुण्य राख्नुपर्दछ ।

सर्लाही जिल्ला, हरिपुर–४ मा अवस्थित रजवा शिवालयको मन्दिर एवं धर्मशालालाई संरक्षण गरी धार्मिक पर्यटकीय स्थलको रूपमा प्रवर्धन गर्नुपर्दछ । यो क्षेत्र जङ्गबहादुर राणा देहावसान भएको स्थानको रूपमा पनि परिचित छ । यो धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्छ । संरक्षण र विकासका लागि मधेशी आयोगकै पहलमा प्रदेश सरकारबाट बजेट समेत निकासा भएको थियो, तर स्थानीय नेतृत्व वर्गले चासो नदेखाएका कारणले उक्त बजेट फ्रिज भएको र पुनः बजेट निकाशा गरेको भएपनि हालसम्म कुनै कार्य नभइ पुनः फ्रिज नै भएर गएको देखिन्छ। सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री छिन्नमस्ता भगवती सखडेश्वरी शक्तिपीठ हालसम्म निजी गुठीकै रूपमा रहेकोले त्यसलाई सार्वजनिक गुठीमा परिणत गर्नुपर्छ । मधेशी आयोगले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र केन्द्रीय गुठी संस्थानले त्यसका लागि पहल गर्नुपर्छ । सो शक्तिपीठको परिसरमा रहेको छिन्नमस्ता

भगवती भूपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत संस्कृत शिक्षाका लागि आधुनिक तथा प्रभावकारी रूपमा विकाश गर्नुपर्दछ ।

ई.सं. १८५७ तिर भारतका तत्कालीन राजा तथा शासकहरूले नेपालमा आएर निर्माण गरेका काठमाडौँको थापाथलीमा रहेका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको लक्ष्मीनारायण मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी ऐतहासिक, सांस्कृतिक र पुरातात्विक पक्षको संरक्षण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

विश्व सम्पदा सूचीमा हालसम्म पनि नपरेको सप्तरीको सखडेश्वरी/सखडा भगवती शक्तिपीठलाई विश्वसम्पदामा सूचीकृत गर्नुपर्दछ । भारदहस्थित कङ्कालीनी माताको मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ । मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि भित्रिने रकम/जिन्सीलाई सामाजिक सांस्कृतिक सामञ्जस्यताका लागि एकद्वार प्रणालीबाट मात्र भित्र्याउनुपर्छ । विदेह सभ्यता र अवध सभ्यतामा अनादिकालीन र आदिकालीन उपचारपद्धति (Eternal and indigenous Treatment System) हरूलाई वैज्ञानिक तवरले उपचारको अनिवार्य पद्धतिको रूपमा राज्यले विकाश गर्नुपर्दछ ।

मिथिला महात्म्यअनुसार जनककालीन दरबारका चारैतिर चारवटा महादेवका मन्दिरहरू अवस्थित थिए । ती मन्दिरहरूमध्ये मठेश्वरनाथको मन्दिर बौद्धिक उत्खननका विषय बनेका थिए । त्यसका अवशेषहरू स्थानीय तहका अगुवाहरूको सहयोगमा पुरातत्त्व विभागको उत्खननमा पाइएको छ । सो मन्दिरलाई पूर्ण रूपमा उत्खनन गरी तत्कालीन र पुरातात्विक शैलीमा नै राज्यले निर्माण गरी मिथिलाको इतिहासलाई संरक्षण गर्नुपर्दछ ।

सिफारिश गरिएको मधेश दिवसको तिथिअनुसार – जनक जयन्ती, सुगौली सन्धि, मधेश प्रदेश स्थापना, मधेशी समुदायको स्थायी पहिचान भएको दिन, नेपाल सद्भावना परिषद्को गठन मिति, १७७०–८० मा मधेशी शब्द प्रयोग भएको मिति, काठमाडौँ आउँदा पासपोर्ट हटाएको दिन, २०६२/६३ को जनआन्दोलन (२०६२ चैत्र २४), सीताको जन्मदिन, गौतम बुद्धको जन्मदिन, मधेशी आयोग ऐन जारी मिति, मधेश गोश्वारा (१९७४), सर्वोच्चको परमादेश (२०७१ फागुन २५), अन्तरिम संविधान जारी मिति (२०६३), १९१० को मुलुकी ऐन जारी भएको मिति (मधेश शब्द उल्लेख भएको), सरकार र संयुक्त मधेशी मोर्चाबीच ८ बुँदे सम्झौता भएको दिन (२०६४ फागुन १६), बलिदान दिवस (माघ ५), मध्यदेशको प्रथम राजा वैवस्वत मनु जलप्रलय हुँदा प्राणी र बीज रक्षा गर्न त्रिविष्टप (तिब्बत) पर्वत चढे र प्रलय पश्चात् पुनः तिनलाई लिएर मध्यदेश ओर्लेको मिति (चैत्र शुक्ल तृतीया) ।

मधेशी समुदायको मातृभाषा दशक मनाउनु पर्छ । मधेशी समुदायको मातृभाषा दिवस मनाउनुपर्छ । नेपालले आफ्नो सभ्यतालाई बहुआयामिक रूपमा संरक्षण, संवर्धन र सशक्तीकरण गर्दै सकारात्मक रूपमा प्रभाव पार्नु पर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८१) ।

**विश्लेषण**:

मधेशी संस्कृतिको संरक्षण र विकाशबारे गरिएका सिफारिश बौद्धिक स्तरका छन् । आपसी चिनजान र सामीप्यका लागि देशदर्शनको कार्यक्रमको आयोजना हुनुपर्दछ । तराई–मधेशमा सांस्कृतिक संग्रहालयको निर्माण गर्नुपर्दछ । पुनर्स्थापना केन्द्रहरू निर्माण र व्यवस्थित गर्नु आवश्यक छ । अनाथ बालबालिकाका लागि संरक्षण केन्द्रहरू निर्माण र व्यवस्थित गर्नु जरूरी छ । महिला

नेतृत्वमाथि विश्वास वृद्धिका लागि आवश्यक पहल गर्नुपर्दछ । बालश्रमको रोकथाम र सरसफाइबारे जनचेतना जगाउनुपर्दछ ।

सामाजिक सुधारबारे जनचेतना बढाउनका लागि सडक नाटक प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ । अन्तरधार्मिक सम्बन्धका लागि सांस्कृतिक क्रियाकलापहरू बढाउनुपर्दछ । नागरिकमा श्रमदान र अन्नदानको भावना जगाउनुपर्दछ । हस्तकलाको विकाश, संरक्षण र प्रवर्धन गर्नुपर्दछ र यसबाट आयआर्जनका लागि कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । पुरातात्विक सम्पदाहरूको खोजी र संरक्षण गर्नु आवश्यक छ । मिथिला, भोजपुरी, अवधि आदि क्षेत्रहरूमा संग्रहालय निर्माण गर्नु आवश्यक छ ।

तराई–मधेशमा सांस्कृतिक प्रतिष्ठानको स्थापना हुनुपर्छ । प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार गर्नु जरूरी छ । ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा सहित्य प्रज्ञा प्रतिष्ठान आदि प्रदेशस्तरमा स्थापना गरिनुपर्दछ ।

मैथिली, भोजपुरी, अवधि, थारू आदि भाषा तथा लिपिको संरक्षण हुनुपर्दछ र राष्ट्रिय स्तरको मान्यता दिनुपर्दछ । भाषाविज्ञ र संस्कृति विज्ञबाट मधेशी संस्कृतिको संरक्षण र संवर्धन गर्नु आवश्यक छ । तराई–मधेशमा रहेका कुरीतिहरूको अन्त्य गर्नुपर्दछ । यस क्षेत्रमा रहेका मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको राम्रो व्यवस्थापन हुनुपर्दछ । प्रदेश सरकारबाट तराई–मधेशमा यस क्षेत्रका महत्त्वपूर्ण चाडपर्वहरूमा सार्वजनिक बिदा दिनुपर्दछ ।

नेपाल – अंग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित "मधुवन गोठ" को अध्ययन, अनुसन्धान र विकाश गर्नु आवश्यक छ । राजा विराटको गृहनगरलाई पर्यटकीय स्थलको रूपमा विकाश गरिनुपर्दछ । जानकी मन्दिर (जनकपुर), लक्ष्मी नारायाण मन्दिर (सप्तरी), लक्ष्मीनारायण मठ तथा मन्दिर (महोत्तरी) आदि सबैलाई

सूचीकृत गर्नु आवश्यक छ । तौलेश्वर मन्दिर (कपिलवस्तु) लाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्दछ । ३०४ वर्ष पुरानो श्री राजकीय संस्कृत पाठशाला (महोत्तरी) लाई समेत सूचीकृत गर्नु जरूरी छ । धर्मसम्बन्धी कार्यका लागि भित्रिने रकमबारे गृह मन्त्रालयको निगरानी आवश्यक छ । धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य सूचीकृत र निगरानी गर्नु आवश्यक छ ।

चुरे संरक्षणमा ध्यान दिनुपर्दछ । चुरे दोहनबाट सिर्जित समस्याहरूको समाधानमा पहल गर्नुपर्छ । अनावश्यक राजकीय संरचनाहरू खारेज हुनुपर्दछ । लोकतन्त्र र सनातन हिन्दू संस्कृतिको संरक्षण आवश्यक छ । नागरिकहरूबीच राम्रो सम्बन्धका लागि देशदर्शन अभियान चलाउनुपर्दछ ।

श्री छिन्नमस्ता भगवती सखडेश्वरी (सप्तरी) लाई निजी गुठीबाट सार्वजनिक गुठीमा परिणत गर्नुपर्दछ । छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा. वि. (सप्तरी) लाई संस्कृत शिक्षाका लागि व्यवस्थित गर्नु आवश्यक छ । राजगढ गा. पा. वडा नं. २ (सप्तरी) को १७० वर्ष पुरानो नवदुर्गा भगवती मन्दिरको संरक्षण र संवर्धन गर्नुपर्दछ ।

हस्तकारिगरहरूलाई 'कलाकारिता सुरक्षा भत्ता' प्रदान गरी सम्मानित गर्नुपर्दछ । ऐतिहासिक हस्तकलाहरूबारे अध्ययन र अध्यापन हुनुपर्दछ । यी विषय पाठ्यक्रममा समेत समावेश गरिनुपर्दछ । मातृभाषा संरक्षण, संवर्धन र सशक्तीकरणमा जोड दिनुपर्दछ । तराई–मधेशमा मातृभाषा दिवस घोषणा गरिनुपर्दछ । मिथिलाक्षर–देवनागिरी लिपि, कैथी लिपि, महाजनी लिपि आदिको संरक्षण र संवर्धन हुनुपर्दछ । मधेश दिवसको तिथि उद्घोष हुनुपर्दछ ।

सांस्कृतिक सम्पदाहरूलाई नेपालसम्पदा र विश्वसम्पदा दुवैमा सूचीकृत गर्नुपर्दछ । शिव मन्दिर (हरिनगर गाउँ पा. (सुनसरी)

कङ्कालीनी भगवती मन्दिर (सप्तरी), लोकनायक दिना भद्री (सप्तरी), राजदेवी पञ्चावली मन्दिर (सिरहा), सहलेश फूलबारी मन्दिर (सिरहा) पताइर पोखरी, मानिक दह, कमल दह (सिरहा), गढिमाई (बारा), माइस्थान (पर्सा), वागेश्वरी मन्दिर (बाँके), त्रिवेणीधाम (नवलपरासी), तिलौराकोट (कपिलवस्तु) आदि सबैको संरक्षण र संवर्धन गर्नु आवश्यक छ । सीताराम मन्दिर (दाङ्ग) विराट दरबार (मोरङ) धनुषाधाम (धनुषा) सबैलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ ।

पोखरी सरोवर आदिको पिँध सफाइ गर्नुपर्छ र जलचरमैत्री बनाइनुपर्छ । "जलसंस्कृति" को संरक्षण र विकाश गर्नुपर्दछ । काठमाडौँ, थापाथलीमा रहेको लक्ष्मीनारायण मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ । जङ्गबहादुर राणा देहवसान भएको स्थानको रूपमा परिचित रजवा शिवालय र धर्मशाला (सिरहा, हरिपुर –४) को संरक्षण र संवर्धन गर्नुपर्दछ ।

विदेह र अवध सभ्यताको अनादिकालीन र आदिकालीन उपचारपद्धति (Eternal and Indigenous Treatment System) को वैज्ञानिक संरक्षण र विकाशमा जोड दिइएको छ । जनक दरबारका चार महादेव मन्दिरहरू उत्खनन गरी, पुनर्निर्माण र संरक्षण गर्नु आवश्यक छ ।

## ७. चेतनामूलक कार्यक्रम, समीक्षा, अनुगमन तथा मूल्याङ्कन

सन् २०१९ मा देखा परेको कोभिडका सन्दर्भमा तराई–मधेशमा भएको प्रकोपलाई न्यूनीकरण गर्न सचेतनाको कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय तहमा हुनेगरी कोभिड परीक्षणको व्यवस्था, आईसोलेसन र भेन्टिलेटरको समुचित व्यवस्था गरिनुपर्दछ भनि सिफारिश गरिएको थियो।

ज्येष्ठ नागरिकहरूलाई घरबाट सम्मान गर्ने भावनाको विकाश गर्नुपर्दछ। महिला, बालबालिका, युवाहरूको नैतिक विकाशका लागि

स्थानीयहरू तथा शिक्षण संस्थाहरूमा अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

मधेशी आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् तीनवटै चरणमा सातै प्रदेशका विभिन्न मतदानस्थलहरूको अनुगमन गरी निर्वाचनको क्रममा हुने विभिन्न विषयहरूको समीक्षा र मूल्याङ्कन गरेको छ । स्थानीय तह, प्रदेश सभा सदस्यको निर्वाचन र प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई अनुगमन र मूल्याङ्कन गर्दा निर्वाचनमा गरिने दृश्य र अदृश्य खर्च र प्रभावको कारणले वर्तमान अवस्थामा निर्वाचन आमजनताको पहुँचबाट झनै टाढिदै गएको, निर्वाचन आचारसंहिता अक्षरसः र व्यवहारपरक रूपमा कार्यान्वयन नभएको, निर्वाचनभन्दा पहिले सरकारी कर्मचारीहरूलाई प्रभाव र दबाबमा पार्ने गरेको, राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीच विश्वासिलो वातावरण सिर्जना नभएको, निर्वाचन शिक्षामा बढीभन्दा बढी सहभागितामूलक नभएको, मतगणना कार्य छिटोछरितो नभएको आदि प्रतिक्रियाहरू प्राप्त भएको थियो । यस्ता अवस्थाहरूलाई पूर्ण रूपमा अन्त्य गरी निर्वाचनलाई सही रूपमा व्यवस्थापन गरी लोकतन्त्रका खम्बाहरूलाई बलियो पार्दै लोकतन्त्रको संस्थागत विकाश हुनुपर्दछ ।

जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी वैदिक र वास्तविक रूपान्तरतिर समाजलाई डोऱ्याउनुपर्दछ । नेतृत्व वर्गमा देखिएका विचलनहरूले राज्यको संरचना मै समस्या परेको देखिन्छ । नीति र नियतमा एकरूपता हुनुपर्छ । यसबाट राजकीय संरचना र सामाजिक संरचनामा सबलता प्राप्त हुन्छ (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

डोजर विकाशमा प्रतिवन्ध लाग्ने गरी र प्रकृति संरक्षणमा सहयोग हुनेगरी पर्यावरणलाई सुरक्षित तथा संरक्षित बनाउन पर्यावरणीय न्यायलाई जनसचेतीकरणको माध्यमबाट अग्रसारित गर्नुपर्छ ।

विद्युत प्राधिकरणको लापरवाही र जनतामा सचेतनाको अभावले विद्युत दिन प्रतिदिन मृत्युको कारण बन्दैछ । मधेश प्रदेशमा मात्र २०७५ देखि २०८० सम्ममा ४४९ जनाले विद्युत प्रणालीकै कारण ज्यान गुमाएका छन् । क्षतिपूर्ति पनि पाएका छैनन् । विद्युत प्राधिकरणलाई अझ बढी जिम्मेवार बनाई र जनतालाई सचेत बनाई यस्ता विपद्लाई निर्मूलीकरण गर्नुपर्दछ ।

मानवीय गलत कार्यहरूले प्राकृतिक विपद् बढ्दै गएको छ । राज्यले जनतालाई सजग र सचेत गराई दैवीप्रकोपलाई न्यूनीकरण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८१) ।

**विश्लेषणः**

सन् २०१९ को कोभिड–१९ पेन्डामिकको सन्दर्भमा दिइएको सल्लाह सुझावमा सचेतना कार्यक्रम गर्ने, क्वारेन्टाइनको व्यवस्था गर्ने, स्थानीय तहमा कोभिड परीक्षण गर्ने, आइसोलेसन र भेन्टिलेटरको व्यवस्था गर्ने विषयहरू समावेश गरिएका छन् । दैवीप्रकोप सम्बन्धी जनचेतना फैलाउनु रहेको छ ।

जेष्ठ नागरिक सम्मान, महिला, बालबालिका, युवाहरूको नैतिक विकाश अभिमुखीकरणमा जोड दिइएको छ । वैदिक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । नेतृत्त्व वर्गमा विचलन देखिएको र त्यसको नियन्त्रणका लागि नीति र नियतमा एकरूपता देखिनु आवश्यक छ । विद्युत प्राधिकरणको विपद्–जिम्मेवारी र जनचेतना कार्यहरू गर्न सचेत गराइएको छ ।

डोजरे विकाशमा प्रतिबन्ध लगाउनुपर्दछ । प्रकृति संरक्षण र पर्यावरणीय न्यायका लागि यस्तो प्रतिबन्ध र जनचेतना जरूरी छ ।

वि.सं. २०८० को निर्वाचनको सन्दर्भमा दिइएको सल्लाह सुझावमा निर्वाचन आचारसंहितालाई कडाइका साथ लागु गर्नुपर्ने, सरकारी कर्मचारीलाई दिइने प्रभाव र दबाबलाई नियन्त्रण गर्नुपर्ने, दल सरोकारवाला र सुरक्षा निकायबीच समन्वय कायम गर्नुपर्ने, निर्वाचन

शिक्षा कार्यक्रममा धेरैभन्दा धेरै जनसहभागिता गराउनुपर्ने र मतगणना कार्य छिटोछरितो हुनुपर्ने जस्ता विषयहरू समावेश गरिएका छन् ।

मधेशी आयोगबाट चेतनामूलक कार्यक्रम, समीक्षा, अनुगमन, तथा मूल्याङ्कन सन्दर्भ प्रस्तुत भएका सिफारिश तथा सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| कोभिड–१९ सचेतना कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय तहमा कोभिड परीक्षण आइसोलेसन, भोन्टिलेटरको व्यवस्था | जेष्ठ नागरिक सम्मान, महिला, बालबालिका, युवाहरूको नैतिक विकाश अभिमुखीकरण | वैदिक जनचेतनामूलक कार्यक्रम |
| (२०८०) निर्वाचन आचारसंहिता, सरकारी कर्मचारीलाई प्रभाव र दबाब, दल, सरोकारवाला र सुरक्षा निकायबीच समन्वय अभाव, निर्वाचन शिक्षामा धेरै सहभागिता नभएको, मतगणना कार्य ढिलो भएको | नेतृत्त्वमा विचलन, नीति र नियतमा एकरूपता | डोजरे विकाशमा प्रतिबन्ध, प्रकृति संरक्षण, पर्यावरणीय न्याय, जनचेतना |
| विद्युत प्राधिकरणको विपद् जिम्मेवारी र जनतालाई जनचेतना | दैवी प्रकोपसम्बन्धी जनचेतना | |

## ८. मधेशी आयोगको समन्वयमा नेपाल पक्षबाट भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन

छिमेकी मुलुकले सीमामा लगाइएको बाँधले गर्दा नेपालतर्फको हजारौँ हेक्टर जमिन डुबानमा पर्दछ । यसरी गैरकानूनी तरिकाले बनाइएका बाँध कुटनीतिक वार्ताबाट समाधान गर्नुपर्दछ । कोशीको पानी सप्तरीको सिँचाईमा व्यवहारतः प्रयोग गर्नुपर्दछ । कोशी सम्झौतालाई अक्षरशः कार्यान्वयन र पालना गर्नुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७७) ।

सीमामा लुटपाट एवम् तस्करी हुने गरेको छ । सीमा सुरक्षालाई कडाइ गरिनुपर्दछ । अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको सम्बन्धमा तराई मधेशबाट प्रवाह हुने नदीहरूबाट हुनुपर्ने सिँचाईको क्षेत्रहरूमा आवश्यक मात्रामा पानीको व्यवस्था गर्न सरकारले पहल गर्नुपर्दछ ।

नेपाल भारत सीमा क्षेत्रमा भारतद्वारा ठाउँठाउँमा अग्लाअग्ला बाँध बाँधिएकाले सीमा क्षेत्रमा डुबान हुने गर्दछ । नेपाली किसानहरूले रोपाइँ गरे तापनि जलमग्न भई ठूलो मात्रामा धानवाली नष्ट हुने गरेको छ । यस सम्बन्धमा उच्च स्तरीय टोली गठन गरी दुई देशबीच आपसी छलफल तथा समन्वय गरी बाँध र डुबानबारे समस्या समाधान गर्नुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७८) ।

नेपाल भारतका सीमा खुल्ला रहेकोले निजी वा पारिवारिक जीवनमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यहरूलाई सङ्घीय सरकारले व्यवस्थित गर्नुपर्दछ । साथै सीमा क्षेत्रमा हुने अवैध कार्यहरूलाई रोक्नुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

सीमा संवेदनशील विषय हो । जनताको चासो र जीवनशैलीलाई असर नपारी आतङ्ककारी, अपराधी, तस्करी र सीमा अतीक्रमण रोक्ने मानवीय र वैज्ञानिक व्यवस्था हुनुपर्दछ ।

शान्तिसुरक्षा, भूगोल र छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध राम्रो हुनुपर्दछ । साथै जलप्रकोपको अवस्थामा सुधार हुनुपर्दछ । (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

नेपालसँग जोडिएका सीमा/बोर्डरलाई नियमन गर्नुपर्छ । त्यसबाट सीमा वारिपारि आपराधिक, गैर–कानूनी क्रियाकलापहरू नियन्त्रण हुनेछ । राष्ट्रहरूबीच राम्रो सम्बन्ध कायम रहनेछ । (मधेशी आयोग प्रतिवेदन, २०८१) ।

**विश्लेषणः**

तराई–मधेशको दक्षिणमा बनाइएको सीमाको बाँधले जमीन डुबानको समस्या सिर्जना गरेको हुनाले गैरकानूनी रूपमा बनाइएका बाँध कुटनीतिक वार्ताबाट समाधान गर्नुपर्ने देखिन्छ । सीमा सुरक्षामा कडाइ गर्नुपर्ने भनी जोड दिइएको छ ।

दुई देशबीच खुल्ला सीमा रहेकोले सीमा क्षेत्रमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यहरूलाई सङ्घीय सरकार र प्रदेश सरकारबाट व्यवस्थापन गरिनुपर्दछ । सीमा क्षेत्रमा हुने गरेको आतङ्ककारी, आपराधिक र तस्करीजन्य कार्यहरूलाई नियन्त्रण गर्नु अति आवश्यक छ । सीमा अतीक्रमण रोक्ने व्यवस्था पनि सङ्घीय सरकार र प्रदेश सरकारले गर्नुपर्दछ ।

कोशीको पानी सप्तरीको सिंचाइका लागि नहरमा उपलब्ध गराउन पहल गर्नुपर्दछ । कोशी सम्झौता कार्यान्वयन र पालनामा सङ्घीय सरकारले जोडदार रूपमा पहल गर्नुपर्दछ । नदीहरूबाट सिंचाइको व्यवस्था मिलाउनुपर्दछ । छिमेकी राष्ट्रसँग वार्ता गरी अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन र पालना गर्न गराउनका लागि कडाइका साथ पहल गर्नुपर्दछ ।

मधेशी आयोगबाट नेपाल पक्षमा भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन सम्बन्धमा प्रस्तुत भएका सिफारिश तथा सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| सीमाको बाँधले जमिन डुबानको समस्या; गैरकानूनी रूपमा बनाइएका बाँध कुटनीतिक वार्ताबाट भत्काउने | कोशीको पानी सप्तरीको सिँचाईका लागि; कोशी सम्झौता कार्यान्वयन र पालना | सीमा सुरक्षामा कडाइ |
| नदीहरूबाट सिंचाइ, अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन र पालना | खुल्ला सीमा रहेकोले सीमा क्षेत्रमा सामाजिक, सांस्कृतिक र आर्थिक कार्यहरूलाई सङ्घीय सरकारबाट व्यवस्थापन | सीमा क्षेत्रमा आतङ्ककारी, अपराधी, तस्करी र सीमा अतीक्रमण रोक्ने व्यवस्था |

## ९. मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी, छानबिन तथा तहकिकात ।

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी, छानबिन तथा तहकिकात सम्बन्धमा पनि सिफारिश भएको छ । सरोकारवालाहरूसँग छलफल गरी वार्ताको माध्यमबाट किसानका आन्दोलन रोक्नुपर्छ भनी सिफारिश भएको छ (मधेशी आयोग प्रतिवेदन, २०७९) ।

मधेशी आयोग ऐन, २०७४ को दफा ७(ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने व्यवस्था रहेको छ । उजुरीहरूको तथ्याङ्क देहायबमोजिम छ :

| आर्थिक वर्ष | उजुरी सङ्ख्या | | |
|---|---|---|---|
| | (प्रत्यक्ष) | (अप्रत्यक्ष) | जम्मा |
| २०७५/७६ | – | – | २१ |
| २०७६/७७ | ४८ | १३५ | १८३ |
| २०७७/७८ | ११७ | ७३ | १९० |
| २०७८/७९ | ६५ | ५१ | ११६ |
| २०७९/८० | ८९ | ४४ | १३३ |
| २०८०/८१ | २८ | ३० | ५८ |

**विश्लेषण:**

मधेशी आयोगको अन्य काम, कर्तव्य र अधिकार भन्दा बढी सराहनीय र प्रभावकारी कार्य उजुरी सङ्कलन देखिन्छ । मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरूद्ध उजुरी लिनेसम्मको मात्र अधिकार रहेको हुनाले मधेशी आयोगले छानबिन तथा तहकिकातसमेत गर्न पाउने अधिकारको माग गरेको छ (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

उखु खरिद भुक्तानी बक्यौताको सन्दर्भमा भएका किसान आन्दोलनलाई वार्ता र छलफलको माध्यमबाट निकास निकाल्नुपर्ने सिफारिश र सुझाव सराहनीय देखिन्छ । मधेशी आयोगमा परेको उजुरी सङ्ख्या हेर्दा मधेशी समुदायको आस्था विश्वासको केन्द्र मधेशी आयोग रहेको देखिन्छ । वि.सं. २०७५ देखि वि.सं. २०८१ सम्ममा ६९२ (छ सय बयानब्बे) उजुरी परेको र ती सबै सम्बन्धित निकायमा छानबिन तथा तहकिकातका लागि सिफारिश गरी पठाइएको कार्य आफैँमा महत्त्वपूर्ण रहेको छ र यसले मधेशी आयोगको महत्त्व

बढाएको छ । वि.सं. २०७५ देखि वि.सं. २०८१ सम्ममा २३७ (३४%) उजुरीको समाधान भएको छ।

मधेशी आयोगबाट मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरूद्ध उजुरी, छानबिन तथा तहकिकात सन्दर्भमा प्रस्तुत भएका उजुरीहरूको वस्तुगत सङ्ख्या देहायबमोजिम छन् :

| | |
|---|---|
| किसान आन्दोलन वार्ता र छलफल | उजुरी सङ्ख्या<br>१२ (२०७५)<br>१८३ (०७६/ ७७)<br>१९० (०७७/ ७८)<br>११६ (०७८/ ७९)<br>१३३ (०७९/ ८०)<br>५८ (०८०/ ८१) |

## १०. मधेशी समुदायको पहिचान

मारवाडीहरूलाई सांस्कृतिक पहिचान दिनुपर्छ । (मधेशी आयोग प्रतिवेदन, २०७६) ।

मुलुक दर्शनको व्यवस्था गरी हिमाल र पहाडका बासिन्दालाई तराई–मधेश र तराई–मधेशका बासिन्दालाई हिमाल र पहाडतिर घुमफिर गराउने हो भने एक अर्कालाई पहिचान गर्ने र घुलमिल गर्ने वातावरण सहज हुन्छ । यसबाट देशभक्ति र राष्ट्रिय एकतामा बल पुग्छ । (मधेशी आयोग प्रतिवेदन, २०८०) ।

जनताको जनअपेक्षाअनुसार जनरक्षार्थ पहिचान, प्रतिनिधित्व र पहुँचको अवस्थालाई अझ लक्षित वर्गमुखी बनाउनुपर्दछ ।

राज्यले यथार्थताको ठोस धरातलमा रही अति विपन्न, विपन्न र मध्यम वर्गको पहिचान गरी पहिचान पत्रको प्रबन्ध गर्नुपर्दछ । यसबाट निरपेक्ष गरिबी रेखामुनि रहेका नागरिकलाई राज्यको मूलधारमा समेटिन मद्दत पुग्नेछ ।

**विश्लेषण**:

मधेशी समुदायले आफ्नै मुलुकमा आफ्नो पहिचान स्थापना गर्नका लागि धेरै सङ्घर्ष गरेको इतिहास छ । यसै सन्दर्भमा मधेशी आयोगले गरेको सिफारिशअनुसार नेपालमा रहेको मारवाडी समुदायलाई सांस्कृतिक पहिचानसमेत दिनुपर्छ । मुलुकदर्शनको कार्यक्रम तथा योजनाले देशका सबै समुदायहरूबीच आपसी चिनाजान तथा सामीप्य बढ्ने छ । यस्तो कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।

जनअपेक्षाअनुसार जनरक्षार्थ पहिचानको व्यवस्था र प्रतिनिधित्व र पँहुचको अवस्था लक्षित वर्गसम्म पुऱ्याउनु आवश्यक छ । अति विपन्न, विपन्न र मध्यम वर्गको पहिचान पत्र व्यवस्था गरी सहयोगात्मक योजना ल्याउनु सान्दर्भिक देखिन्छ ।

मधेशी आयोगबाट मधेशी समुदायको पहिचानको सन्दर्भमा प्रस्तुत भएका सिफारिश तथा सुझावहरू वस्तुगत रूपमा देहायबमोजिम छन् :

| | | |
|---|---|---|
| मारवाडीहरूलाई सांस्कृतिक पहिचान | मुलुकदर्शनको व्यवस्था | जनअपेक्षाअनुसार पहिचान, प्रतिनिधित्व र पँहुचको अवस्था लक्षित वर्गसम्म |
| अति विपन्न, विपन्न र मध्यम वर्गको पहिचान पत्र व्यवस्था | | |

## ४.३ मधेशी आयोग प्रतिवेदन सिफारिशहरू २०७५–८१ः चुनौती, समस्या, उपलब्धि, अवसर, अपेक्षा, सुझाव र भावी कदमहरू

### ४.३.१ चुनौती

चुनौतीले अप्ठ्यारा कार्य वा अवस्थालाई जनाउँदछ । यसलाई सामना गर्न र यसमा सफल हुनका लागि प्रयास, सीप वा सङ्कल्पको आवश्यकता हुन्छ । यसले व्यक्ति वा संस्थाको क्षमताको परीक्षण गर्दछ । चुनौतीको सामना गरेर व्यक्ति वा संस्थाको विकाश हुन्छ । विकाशात्मक सिद्धान्तहरूबाट नै यसको विश्लेषण गरिन्छ । विकाशको हरेक चरणमा व्यक्ति वा संस्थाले सङ्कट वा चुनौतीको सामना गर्दछ ।

नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले थर सूचीकरणलाई चुनौतीको रूपमा नै बताएको छ । यसको पृष्ठ १ मा उल्लेख भएअनुसार र मधेशी आयोग ऐन, २०७४ को दफा ७(ड) मा ‘मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने’ भनी बताइएको छ । २०६८ सालको जनगणनामा मधेशी समुदायअन्तर्गत पर्ने केही जातीहरूको नाम नै उल्लेख छैन भने अर्कोतर्फ उल्लेख भएका जातीहरूको सङ्ख्या त्रुटिपूर्ण रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकृत हुन नसक्दा मधेशी समुदायइतरका व्यक्तिहरूले राज्यले मधेशी समुदायलाई भनी दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरू उक्त सुविधाबाट वञ्चित हुनुपरेको छ ।

सरकारद्वारा ९२ जाति र समुदाय सूचीकृत गरेको समाचार २०६५ साल फागुन १४ गते कान्तिपुर दैनिकमा प्रकाशित भएको थियो । मधेशी समुदायअन्तर्गत नै रहेका थारु र मुस्लिम समुदायहरूलाई अलग्याएर थारु आयोग र मुस्लिम आयोगको व्यवस्था

गरेपछि झनै चुनौती थपिएको हो । दलित आयोगले समेत मधेशी मुलका दलित समुदायअन्तर्गत पर्ने १९ ओटा जातहरू र त्यसका थरहरूलाई समेत सो आयोगअन्तर्गतका समुदायमा सूचीकृत गरेपछि मधेशी आयोगलाई झनै चुनौती थपिएको देखिन्छ । केही हदसम्म यो चुनौतीको सामना गर्दै, निराकरणको उपाय खोज्दै नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले १५१ जात/थर सूचीकृत गरेको छ । मधेशी आयोगका लागि यो एउटा उपलब्धि नै हो ।

नेपाल र भारतको सम्बन्ध परापूर्व काल देखि छ । यी दुई देशहरूबीच राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध रहेको छ । प्रसिद्ध कथन 'रोटी–बेटी' को सम्बन्ध छ । भारतले पनि मधेश र मधेशी जनताको पक्षमा बोलेको र नाकाबन्दी समेत गरेको दृष्टान्त नै छ । यस्तो अवस्थामा दुवै देशको सीमा क्षेत्रमा परिचयपत्र लागु गर्नुपर्ने सिफारिश आफैँमा विवादास्पद र चुनौतीपूर्ण देखिन्छ । भारत र मधेशका जनता र नेतासमेतले परिचयपत्रको अवधारणासमेत स्वीकार्दैनन् । यसले जटिल समस्या उत्पन्न गर्ने सम्भावना देखिन्छ ।

गरिब र घरबारविहीन मधेशी जनताका लागि प्रभावकारी जनता आवास योजना लागु गर्नुपर्ने सल्लाह सुझाव सराहनीय छ । यसमा दुई महत्त्वपूर्ण कुराहरू चुनौतीपूर्ण छन् । पहिलो पक्ष बजेट हो र दोस्रो कुरा गरिब र घरबारविहीन जनताको पहिचान हो । यी कुराहरूको व्यवस्थापन हुन सकेको खण्डमा यो सल्लाहको कार्यान्वयन पक्ष उपलब्धिमूलक हुन सक्छ ।

मधेशी आयोगलाई 'राष्ट्रिय मधेशी आयोग' घोषणा गर्नुपर्ने भनी सल्लाह दिइएको छ । यथार्थमा मधेशी आयोगको यो माग रहेको देखिन्छ । यो पनि चुनौतीकै विषयवस्तु रहेको छ । नेपाल सरकारको दस्तावेज तथा प्रावधानहरूले मधेशी आयोगलाई मधेश प्रदेशसम्म सीमित राखेको अनुभूति हुन्छ किनभने नेपालको पूर्वदेखि

पश्चिमसम्मको तराई–मधेश मधेशी आयोग मातहत पर्छ भनी कहीँ उल्लेख गरेको पाइँदैन । मधेशी आयोगले स्वयम्सिद्ध तथ्यको रूपमा सम्पूर्ण तराई मधेशलाई आफ्नो कार्यक्षेत्रमा समेटेको देखिन्छ । मधेशभित्र रहेको थारु समुदाय र मुस्लिम समुदायलाई छुट्टाछुट्टै आयोगहरूको प्रावधान गरी ती आयोगहरू स्थापना भइसकेका हुँदा आयोगहरूबीच कार्य क्षेत्रलाई लिएर द्वन्द्वको अवस्था सिर्जना भएको छ । मधेशी दलितलाई दलित आयोगले हेर्ने वा मधेशी आयोगले हेर्ने विवादित छ । मधेशी महिलाको विषयमा मधेशी आयोगले सम्बोधन गर्ने कि महिला आयोगले–विवादको विषय देखिन्छ । तसर्थ, मधेशी आयोगलाई 'राष्ट्रिय मधेशी आयोग' भनेर नेपाल सरकारले सम्बोधन गर्छ त भन्ने कुरामा शङ्का नै लाग्दछ । यो बुँदा चुनौतीपूर्ण छ तर, केहि हदसम्म समाधान भएको छ। तराई–मधेशमा नेपाल सरकारले र प्रदेश सरकारले समेत साक्षरता अभियान सञ्चालन गर्नुपर्दछ । यो अभियान देशभरि चलाउनुपर्दछ । यो उत्कृष्ट सल्लाह हो । यो राम्रो विषय भए पनि बजेटको पक्ष चुनौतीपूर्ण छ । बजेट उपलब्ध भए मधेशी आयोगले नै तराई–मधेशमा यो अभियान चलाउन सक्ने कुरा विश्वास गर्न सकिन्छ । साक्षरतासम्बन्धी धेरै उत्कृष्ट सल्लाह सुझावहरू प्रतिवेदनहरूमा रहेका छन् : गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, प्रौढ शिक्षा, वैकल्पिक शिक्षा, अनिवार्य नैतिक शिक्षा, मातृभाषामा शिक्षा, स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण र पठनपाठन, संस्कृत शिक्षा, योग शिक्षा, Learning with Earning, नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा । यी सबै शैक्षिक कार्यक्रम तथा अभियान सञ्चालनमा हुने हो भने मधेशी जनताले राम्रो अवसर पाउनेछन् र यसबाट राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा अत्याधिक उपलब्धि प्राप्त हुनेछ । यस्ता अवसर र उपलब्धिको समीकरणको सल्लाह र सुझाव दिन सक्नु मधेशी आयोगको उत्कृष्ट बौद्धिक कार्य हो ।

नेपालको संविधानको भाग २७ बमोजिम गठन भएका सबै आयोगहरूलाई समान अधिकार हुनेगरी व्यवस्था मिलाउनुपर्दछ । नेपाल सरकारले मधेशी समुदायसम्बन्धी नीति कार्यक्रम तर्जुमा गर्दा मधेशी आयोगसँग समन्वय गर्नुपर्दछ । यस आयोगमा विशिष्ट श्रेणीको सचिवको दरबन्दी तथा नियुक्ति जरुरी छ । सबै आयोगहरूलाई समान अधिकारको विषय राजनैतिक विषय हो । तराई–मधेशसम्बन्धी नीति कार्यक्रम तर्जुमा गर्दा मधेशी आयोगसँग समन्वय गर्नुपर्ने माग तथा सिफारिश जायज देखिन्छ । यसबाट मधेशी आयोगको क्रियाशीलता बढ्छ । यस अर्थमा, प्रदेश सरकारले समेत मधेशी आयोगसँगको समन्वयलाई महत्त्व दिनुपर्दछ । यसरी मधेशी आयोगको महत्त्व पनि बढ्छ ।

मधेशी आयोगको कामकुराका लागि सिधा सम्पर्क प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग रहने व्यवस्था गर्न हुन सिफारिश गरिएको छ । कामकुराका लागि यो व्यवस्था उपलब्धिमूलक हुन्छ । तर यो सम्पर्कका कुरा चुनौतीपूर्ण छ । आयोगका पदाधिकारीहरूको सिफारिश प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुन्छ र नियुक्तिको कार्य राष्ट्रपतिबाट हुन्छ । ऐनमा निर्धारण भएबमोजिम सबै आयोगहरूले वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्छन् । प्रतिवेदन राष्ट्रपतिमार्फत् प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालयमा नै पुग्ने गर्दछ । ऐनमा निर्धारण भएका कारणले सिधा सम्पर्क सम्भव हुँदैन । मधेशी आयोग ऐन २०७४ को दफा २३ बमोजिम आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् राख्नुपर्दछ । आयोगको प्रतिवेदन उपर राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल हुनुपर्ने मागसहितको सिफारिश जायज देखिन्छ । यसो भए उपलब्धिमूलक हुन सक्छ ।

देशदर्शनमार्फत् देशका विभिन्न समुदायहरूबीच conflict होइन connectivity को सन्देश पुऱ्याउने भएकाले पहाड र तराई–

मधेशबीच सम्बन्ध जोड्ने कार्यक्रमहरूको योजना बनाउनु आवश्यक छ । यात्राको माध्यमबाट देशदर्शन कार्य हुन सक्छ । राजनैतिक, सामाजिक र आर्थिक रूपमा स्थानीय, प्रादेशिक र सङ्घीय तहमा समन्वय र सहकार्य हुनुपर्दछ । यसबाट समस्याहरूको समाधान सम्भव हुन्छ । यसले अवसरहरू र उपलब्धिको बाटो खुल्दछ ।

| | | |
|---|---|---|
| थर सूचीकरण | सीमा क्षेत्रमा परिचयपत्र | प्रभावकारी जनता आभास योजना |
| "राष्ट्रिय" मधेशी आयोग | गुणस्तरीय शिक्षा | प्राविधिक शिक्षा |
| विपन्न समुदायलाई जग्गा वितरण | संविधानको धारा २७ बमोजिम गठित आयोगहरूलाई समान अधिकार | वैकल्पिक शिक्षा |
| प्रौढ शिक्षा | अनिवार्य नैतिक शिक्षा | साक्षरता अभियान |
| मधेशी आयोग सम्पर्क प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | नीति कार्यक्रम तर्जुमा आयोगसँग समन्वय | विशिष्ट श्रेणीको सचिवको दरबन्दी |
| आयोगको प्रतिवेदन उपर राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल | स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण/पठनपाठन | संस्कृत शिक्षा, नैतिक शिक्षा, योग शिक्षा |

| | | |
|---|---|---|
| Learning with Earning | विद्यालय सम्मको पहुँचको सचेतना | अत्तरिक्त (विहान बेलुका) कक्षाको व्यवस्थापन |
| सिफारिश गर्ने वा निर्देशन गर्ने ? | डिजिटल शिक्षा पहुँचयोग्य | नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा |
| Conflict होइन Connectivity | धर्म संस्कृतिकमा अनुसन्धान | उत्पादित वस्तु र सेवाका लागि बजार व्यवस्थापन |
| स्थानीय प्रादेशिक र सङ्घीय तहमा समन्वय र सहकार्य | देशदर्शन | नेतृत्त्वमा विचलन, नीति र नियतमा एकरूपता |

### ४.३.२ समस्या

मधेशी आयोगबाट प्रस्तुत भएका प्रतिवेदनहरूमा तराई–मधेशमा रहेका समस्याहरूको लामो सूची उल्लेख भएको देखिन्छ । ती सबै समस्याहरूको समाधान सङ्घीय सरकार र प्रदेश सरकारले गर्नुपर्ने गरी सल्लाह र सुझाव दिइएको छ । सुकुम्बासी समस्या रहेको छ र त्यसका लागि जग्गा वितरण गर्नुपर्ने भनी सुझाइएको छ । सरकारले नीतिनियम बनाएर सार्वजनिक जग्गामा बसोबासको व्यवस्था मिलाउन सक्छ तर यसका लागि वास्तविक सुकुम्बासीको पहिचान हुनु आवश्यक छ ।

वाग्मती किनारामा सुकुम्बासी भनेर टहरा बनाइ जग्गा ओगटेर बस्नेको अन्यत्र गगनचुम्बी भवन रहेको छ । यही कुरा सुकुम्बासी विषयमा चुनौती र समस्याको रूपमा देखिन्छ । विपन्न वर्गका लागि

प्रभावकारी जनता आवास योजना (४.२.१) समेत सुकुम्बासीलाई ध्यानमा राखेर सल्लाह सुझावको रूपमा दिइएको देखिन्छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मातहत आठवटा बालसुधार गृह रहेका छन् । समाज कल्याण परिषद्बाट यी बालसुधार गृहलाई बाल कल्याण गृह पनि भनिएको छ । यो संस्था धेरै पुरानो भएपनि व्यवस्थित नरहेकोले त्यसका लागि सिफारिश गरिएको हो । समस्याबाट मुक्त संस्थाले उचित सेवा दिनेछन् र उपलब्धि हुनेछ भनी विश्वास लिएको देखिन्छ ।

सहकारी समस्या वर्तमान समयमा जल्दोबल्दो समस्या हो । समस्याग्रस्त सहकारीलाई छानबिन गरी जनताको बचतलाई संरक्षण गर्नु सरकारको दायित्व हो । धेरैजसो सहकारीहरूलाई समस्याग्रस्त बनाउने कार्यमा संलग्न राजनीतिक दलहरूका नेता तथा कार्यकर्ताहरू नै रहेकाले यसको समाधान चुनौतीपूर्ण छ ।

देशका लागि वैदेशिक रोजगारी राम्रो उपलब्धिसँगै एक विकराल समस्याको रूपमा उभेको छ । वैदेशिक रोजगारीमा गएकाको लाश बाकसमा आएको देखिनु, घर पठाएको रकम अपचलन गरी श्रीमान् वा श्रीमती अरुसँग जानु, सम्बन्ध विच्छेद हुनु, लिएको ऋण चुक्ता गर्न नसकेको र जायजेथा बिक्रि भएको, सम्झौताअनुसारको काम नपाई अन्य काम गर्नु परेको, विदेशमा खान, लाउन, बस्न गाह्रो भएको, आदि समस्याहरूले गर्दा वैदेशिक रोजगारीबाट सामाजिक विकृतिहरू सिर्जना भएका छन् । तसर्थ, यस्ता सामाजिक विकृतिहरूको समाधान र वैदेशिक रोजगारबाट उत्पन्न समस्याहरूको समाधानका लागि स्वदेश र विदेशमा समेत अनुगमन र नियमन हुन जरुरी छ । वैदेशिक रोजगारी एक अवसर भएसँग एक चुनौती पनि रहेको छ ।

तराई–मधेशमा झुठा मुद्दाको समस्या विकराल छ । विपन्न र गरिब समुदाय यसबाट सर्वदा पीडित छन् । घरजग्गा बन्दकी राखी ऋण लिने र जति सुकै सावाँ ब्याज तिरे पनि उन्मुक्ति नपाउने अवस्था छ । सानातिना कुरामा झगडा विवाद हुने र मुद्दा मामिलामा प्रवेश हुने कुरा सामान्य जस्तै छ । यो शिक्षाको अभाव, जनचेतनाको अभाव र गरिबीसमेतले निम्त्याएको समस्या हो । शिक्षा र चेतनाबाट यसको निराकरण गर्न सकिन्छ । आर्थिक अभाव हटाउन रोजगारको अवसर भएमा यस्तो अवस्थाबाट निराकरण पाउन सकिन्छ ।

तराई–मधेशमा राजनीतिले मधेशी समुदायलाई अवसर मात्र जोडेको होइन यसले चुनौती र समस्या पनि निम्त्याएको छ । राजनीतिको आडमा अपराधहरू पनि हुन गरेका छन् । राजनैतिक नेतृत्वले नै पहल गरी यो चुनौती र समस्यालाई हटाइ अवसरमा परिणत गर्नुपर्दछ ।

सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकले नेपाल सरकारसँग समन्वय नगरी एकतर्फी बनाइएको बाँधले डुबान, खेतीपाती डुबान र अन्य समस्याहरू उत्पन्न गरेको छ । नेपालको धेरै जसो सीमा क्षेत्रहरू बाँधले डुबानमा परेको समाचारहरू आउँछन् । वर्षामा बाढीबाट सबैभन्दा बढी प्रभावित मधेशका जिल्लाहरू सप्तरी, सर्लाही, रौतहट र पर्सा हुन् । वर्षायाममा यो समस्याको धेरै चर्चा हुन्छ । त्यसपछि विस्तारै यो चर्चा सेलाउँछ र अर्को वर्षायाममा फेरि उही समस्या आइपर्छ । यो एउटा ठुलो चुनौती हो र यसको समाधान दुवै देशहरूका प्रतिनिधिहरू बसेर छलफल गरेर मात्र हुन सक्छ । नेपालले छलफलका लागि नेतृत्व नलिएसम्म यो छलफल हुनै सक्दैन र समस्या सधैँका लागि चुनौतीको रूपमा नै रहने छ ।

कोशी सम्झौताको अक्षरशः पालना भइरहेको छैन । पानी बहावमा भारतकै नियन्त्रण छ । हिउँदमा नहरमा पानी हुँदैन । वर्षायाममा पानीको वहाव नियन्त्रणभन्दा माथि हुन्छ । सीमामा रहेको

बाँधले गर्दा तराई मधेश क्षेत्र सधैँ डुबानमा हुन्छ । कोशी व्यारेजको संरचना नै खतरामा छ ।

सीमा सुरक्षासमेत संवेदनशील अवस्थामा छ । तस्करी दुवैतिर भइरहेको छ । भारततिर सीमाबल प्रहरी/सेना तैनाथ गरेका छन् तर नेपालतिर मुख्य नाकाहरूमा बाहेकका ठाउँहरूमा अति न्यून सङ्ख्यामा छन् । यी सबै समस्याहरूको समाधान दुवै देशका बीच छलफल, सहकार्य, समन्वय आदिबाट मात्र सम्भव देखिन्छ ।

देशभित्रकै समस्याका रूपमा कुलत र दुर्व्यसनी छन् । यसको समाधान जनचेतना र कानूनको प्रावधान हो । औषधी विभागले औषधीसम्बन्धी दुर्व्यसनीलाई रोक्ने प्रयासमा कानूनी प्रावधानहरूलाई अघि सारेको छ । न्यूनीकरण भएको छ तर पूर्ण रोकथाम सम्भव भएकै छैन । विदेशबाट आयातित कुरीति र कुसंस्कारबाट मधेशी युवायुवतीहरूलाई सचेत गराई त्यसबाट मुक्त गर्नुपर्दछ । आफ्नै संस्कार र संस्कृति अँगाल्न प्रेरित गर्नु पनि जरुरी छ ।

मधेशी आयोगको सिफारिशमा परेको ‘अनावश्यक राजकीय संरचना खारेज गर्नुपर्ने’ व्यहोरा अस्पष्ट रहेको छ । कुन राजकीय संरचनालाई अनावश्यक भन्ने र खारेज गर्नुपर्ने ? स्पष्ट रहेको छैन।

मधेशी आयोगकै सम्बन्धमा पनि समस्याहरू छन् । संविधानको भाग २७ मा उल्लेख भएको शब्दावली ‘अन्य आयोगहरू’ मा रहेको ‘अन्य’ शब्दले मधेशी आयोगलगायतका आयोगहरूलाई कमजोर तथा हेपिएको रूपमा देखिन्छ । यसलाई मानव अधिकार आयोगको जस्तो प्रतिष्ठा किन दिन नमिल्ने हो ? यो चिन्तनको विषय हो । मधेशी आयोगको उपस्थिति राष्ट्रिय स्तरमा रहेकोले “राष्ट्रिय मधेशी आयोग” को रूपमा आफ्नो पहिचान बनाउन जोड/बल गर्नुपर्दछ । “अन्य” आयोगको रूपमा नभई एक प्रभावकारी, बलियो “राष्ट्रिय मधेशी आयोग” को रूपमा आफ्नो पहिचान स्थापित गर्नु आवश्यक छ।

मधेशी आयोगलाई आर्थिक रूपमा स्वायत्त संस्थाको रूपमा विकसित गर्नु आवश्यक छ । मधेशी समुदायको हकहितमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरूका लागि आर्थिक स्वायत्तता जरुरी हुन्छ । मधेशी आयोग ऐन २०७४ संशोधन हुनुपूर्व कर्मचारीहरू तथा विशिष्ट श्रेणीको सचिवको दरबन्दी सम्बन्धमा रहेको व्यवस्थालाई नै निरन्तरता दिनुपर्दछ भन्ने मधेशी आयोगको माग उचित देखिन्छ । आयोगको प्रतिष्ठाका लागि समेत यी कुराहरू जायज मागहरू रहेका छन् ।

मधेशी आयोगको कार्यालयहरू प्रदेश तहमा समेत स्थापित हुनु आवश्यक छ । यसबाट मधेशी समुदायलाई आवश्यक सुविधाहरू उपलब्ध हुन्छ र मधेशी आयोगको उद्देश्य पनि कार्यान्वयनात्मक रूपमा उपलब्धिमूलक हुन्छ ।

तराई–मधेशमा गत केही वर्षदेखि ठूलो समस्याको रूपमा रहेको अर्को समस्या अव्यवस्थित गर्भपतन हो । अल्ट्रासाउन्ड भिडियोबाट छोरा वा छोरीको पहिचान गरी छोरी भए तुहाउने र छोरा भए जन्माउने प्रवृत्तिले छोरा र छोरीका जनसङ्ख्यामा गलत परिवर्तन ल्याउने अवस्था सिर्जना भएको र यसले ठूलै समस्या उत्पन्न गर्लान भन्ने अनुमान गर्न सकिन्छ । सङ्घीय सरकार र प्रदेश सरकारले तत्परताका साथ यसलाई नियमन तथा कानूनी रूपमा नियन्त्रण गर्नुपर्दछ ।

तराई–मधेश र भित्री मधेशमा रहेको चुरे क्षेत्रमा बाक्लो, घना जङ्गल रहेको थियो । मानव बस्ती विस्तारले चुरे क्षेत्र विनाश भइरहेको छ । जङ्गल र यसमा रहेका जीवजन्तुको विनाशले मानव बस्तीलाई नै खतरा बढ्दै गएको छ । वनविनाश, निर्माण सामग्रीको ओसारपसार, नदीस्रोतको दोहन जस्ता कार्यहरूले चुरे क्षेत्र खतरामा परेको छ । नेपालको कुल क्षेत्रफलको १२.७८% चुरे क्षेत्रले ओगटेको छ। देशका ३६ जिल्लाहरूमा फैलिएको छ । यसको बढ्दो विनाशले तराई मधेशमा पानीका स्रोतहरू सुक्दै गएका छन् । तसर्थ यसको संरक्षण र चुरे क्षेत्रलाई water rechargeable गर्न भनी दिइएको

सिफारिश सङ्घीय सरकार र प्रदेश सरकारका लागि वातावरणीय समस्याप्रति गहिरो ध्यानाकर्षण हो । यसका लागि योजना बनाई भावी कदमहरू चाल्नु आवश्यक छ ।

सन् १९५६ मा स्थापित नेपालको योजना आयोगले हालसम्म सङ्घीय सरकारका लागि वर्षभरिको आर्थिक योजना तयारी गर्दछ । प्रदेश तहमा पनि स्थानीय योजना आयोगले योजना तयारी गर्दछ । यसरी प्रस्तुत भएको योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन । अस्थिर सरकार, राजनैतिक दाउपेच, आर्थिक मन्दी, प्रकोपहरू जस्ता बेथिति र समस्याहरूले योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयनमा समस्या खडा गर्दछ । यस अर्थमा यसको प्रभावकारी कार्यान्वयनको माग हुनु आर्थिक अवसर र उपलब्धिका लागि जायज रहेको छ । देशविकाशमा यसको राम्रो भूमिका रहने अपेक्षा गरिन्छ ।

प्राकृतिक विपद्का लागि प्रधानमन्त्री विपद् कोष रहेको हुन्छ । प्रदेश र स्थानीय तहमा समेत यस्तो कोषको व्यवस्था हुनु स्वाभाविक हो । यसरी, स्थानीय सरकारबाट प्राकृतिक विपद्को पूर्व तयारी हुनुपर्छ भनी दिइएको सल्लाह सुझाव दिनु राम्रो कुरा हो । स्थानीय समुदायको हकहितमा दिइएको यो सुझावले प्राकृतिक विपद्को पूर्व तयारीको आवश्यकतालाई सङ्केत गर्दछ ।

वि.सं. २०४६ को प्रजातन्त्रको आगमनसँगै व्यापक फस्टाएको र अराजक बेथितिसमेत निम्त्याएको पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्न जरुरी छ । पत्रकारितालाई दमन र बन्देज गर्ने नीति नलिई नियमन र व्यवस्थापनका लागि मात्र प्रावधान तयार गर्नुपर्दछ । देशको चौथो अङ्ग भनिए पनि सरकार र जनताप्रति सहयोगी र सकारात्मक भूमिका खेल्न सके अति सुन्दर अवस्था सिर्जना हुने हो, अन्यथा अराजकता मात्र बढ्ने हो ।

तराई–मधेश र देशको अन्य भागहरूमा समेत पहिलेदेखि चल्दै आएका उद्योगहरू वि.सं. २०४६ को प्रजातन्त्रको आगमन पछि क्रमशः बन्द हुँदै गएका छन् । हेटौँडा सिमेन्ट उद्योग, भृकुटी कागज उद्योग, विराटनगर जुट उद्योग जस्तै अन्य उद्योगहरूसमेत बन्द भएका छन् । विराटनगर, वीरगन्ज, भैरहवा, आदि सहरहरूका केही उद्योगहरू बन्द भएका कारणले मधेशी आयोगले उद्योगहरू र औद्योगिक क्षेत्रहरूलाई पुनः सञ्चालनमा ल्याउने गरी व्यवस्था मिलाउन सिफारिश गरेको हुनुपर्छ । यसबाट अवसर र उपलब्धिको अपेक्षा गर्न सकिन्छ ।

नेपालमा किसानहरू सबैभन्दा बढी मर्कामा छन् । खेतीको शुरु अवस्थामा किसानहरूले गुणस्तरीय बिउ र मलका लागि तछाडमछाड गरिरहेका हुन्छन् । खेतबाट उत्पादन भएपछि बजारमा उचित मूल्य पाउँदैनन् । किसानका लागि बिउ र मल आधारभूत आवश्यकता हुन् । आफूले उत्पादन गरेको कृषिजन्य सामानको उचित मूल्य पाउनु पनि उनीहरूको जीविकाका लागि अधिकार हो । कृषिमा भरपरेको अर्थतन्त्रका लागि कृषि क्षेत्रमा विकाश गर्नुपर्दछ । कृषि क्षेत्रलाई आधुनिकीकरण तथा वैज्ञानिकीकरण गर्न सकियो भने देशको अर्थतन्त्र माथि उठ्छ । कृषिजन्य उत्पादनका लागि कृषि बजार र मन्डीहाउसको व्यवस्था हुनुपर्दछ । चिनी उद्योगीहरूले उखु किसानको बक्यौता भुक्तानी गर्दैनन् र किसानहरू झनै पीडित भएका छन् । खरिदकै अवस्थामा तत्काल नगद भुक्तानी भए उनीहरूलाई राहतसँगै उखु खेतीतर्फ प्रेरणा पनि मिल्ने छ । मधेशमा खडेरीको अवस्थामा किसानको जीवनयापन बिजोग भएको हुन्छ । यसका लागि पनि सरकारले ध्यान दिनुपर्दछ । सुख्खा क्षेत्र घोषणा गरी राहत वितरण गर्नुपर्दछ ।

किसानहरू समस्याहरूको चङ्गुलबाट पिल्सिएका छन् । तराई–मधेशको गाउँघरका जनता गाउँकै साहु–महाजनबाट मिटरब्याजबाट पीडित छन् । घरजग्गा बन्दकी राखेर ऋण लिएका यी

गाउँलेहरू चक्रवृद्धि ब्याजको चपेटामा छन् । जति ब्याज तिरे पनि सावाँबाट उम्किन सकेका छैनन् । मिटरब्याजी पीडितहरूको मागहरू सम्बोधन गरी उन्मुक्ति दिन जरुरी छ ।

तराई–मधेशमा धार्मिक गतिविधि क्रियाशील रहेको छ । विदेशी सरकार तथा विभिन्न संस्थाहरूबाट जातीय र धार्मिक गतिविधिका लागि देशभित्र रहेका गैर–सरकारी संस्थाहरूले विदेशी रकम भित्र्याइरहेका छन् । भविष्यमा यसले ठुलो द्वन्द्व निम्त्याउन सक्छ । यही कुरालाई ध्यानमा राखेर मधेशी आयोगले जातीय र धार्मिक गतिविधिका लागि भित्रिने रकम गृह र अर्थमन्त्रालयमार्फत् एकद्वार प्रणालीबाट आएको खण्डमा नियमन गर्न सहज हुन्छ भनेर सल्लाह सुझाव दिएको हो । सामाजिक सुरक्षा र सहभावका लागि धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत पनि गर्नुपर्दछ ।

मधेशी आयोगले संवेदनशील विषयहरूमा सल्लाह सुझाव दिएका छन् । वि.सं. २०६३–६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धान गरी दीर्घकालीन निरूपण र सामाजिक सांस्कृतिक समन्वय कायम हुनुपर्दछ । देशको दक्षिणी भू–भागमा कुपोषणबाट पीडितलाई स्वस्थ्य आहारा र स्वास्थ्य उपचारको व्यवस्था हुनुपर्दछ । मधेशी आयोगको सल्लाहबमोजिम अनाथ बालबालिका संरक्षण केन्द्र निर्माण गर्नुपर्दछ । हालसम्म यसका लागि बालसुधार गृह प्रयोग हुँदै आएकोमा छुट्टै संरक्षण केन्द्र निर्माणका कुराको अपेक्षा गर्नु चुनौतीपूर्ण छ । आपराधिक र असामाजिक कार्यहरूमा संलग्न बालबालिकाहरूलाई पुनर्स्थापना केन्द्रहरू स्थापना गर्नुपर्दछ ।

कोभिड–१९ को प्रकोप रहेको बेला मधेशी आयोगले प्रस्तुत गरेका सिफारिश, सल्लाह सुझावहरू स्मरणीय रहेका छन् । कोभिड–१९ को सन्दर्भमा सचेतना कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय

तहमा कोभिड परीक्षणको व्यवस्था, आइसोलेसन र भेन्टिलेटरको व्यवस्थाका लागि भएको सिफारिश उल्लेखनीय छन् ।

वि.सं. २०८० को निर्वाचनमा अवलोकनको क्रममा देखिएको समस्याहरूलाई आधार बनाइ मधेशी आयोगले सल्लाह सुझाव गरेको थियो । समस्याहरूलाई सूचीबद्ध गरेअनुसार निर्वाचन आचारसंहिताको पालना नभएको, सरकारी कर्मचारीलाई प्रभाव र दबाबमा पारेको, राजनैतिक दल, सरोकारवाला र सुरक्षा निकायबीच समन्वयको अभाव देखिएको, निर्वाचन शिक्षामा धेरै संख्यामा सहभागिता नभएको र मतगणना कार्य ढिलो र सुस्त भएको व्यहोरा उल्लेखित छन् । यी सबै पक्षहरू चुनौतीपूर्ण नै हुन्छन् । यी कुराहरूलाई मध्यनजर राख्दै आगामी चुनावहरूलाई व्यवस्थित गर्नु आवश्यक छ ।

डोजरे विकाशले पहिरो आएको, प्राकृतिक र पर्यावरणीय क्षय हुँदै गएकाले डोजरे विकाशको समुचित प्रयोग हुनेगरी जनचेतना जगाउनुपर्दछ । पहिरो, बाढी, डढेलो, हैजा, आदि दैवी प्रकोपसम्बन्धी जनचेतना जगाउनुपर्दछ । विद्युत प्राधिकरणका कर्मचारीको लापरवाही, नाङ्गो तार जडान, हाइपरटेन्सनको सुरक्षामा लापरवाही, आदि समस्याहरूबारे विद्युत प्राधिकरण सचेत हुनुपर्दछ र यी समस्याहरूबारे सर्वसाधारणलाई समेत सचेत गर्नुपर्दछ । विद्युत विपद्सम्बन्धी जनचेतना जगाउनुपर्दछ ।

| | | |
|---|---|---|
| सुकुम्बासी समस्या | कृषिमा व्यवसायीकरण | व्यवस्थित बालसुधार गृह |
| सहकारीहरूको नियमन | वैदेशिक रोजगारीबाट सामाजिक विकृति | झुट्ठा मुद्दा |
| राजनीति र अपराध | सीमावर्ती बाँधको समस्या | सिमा सुरक्षा |
| कोशी सम्झौता | कुलत, दुर्व्यशन | आयोगलाई |

| | | |
|---|---|---|
| — | कानूनी रोकथाम | आर्थिक रूपमा स्वायत्त |
| प्रदेश तहमा मधेशी आयोगको कार्यालय | अनावश्यक राजकीय संरचना खारेज | संविधानको भाग २७ को “अन्य आयोगहरू” “अन्य” दुविधा |
| आयोगमा कर्मचारीहरूको दरबन्दी (ऐन संशोधन पूर्व) | स्वायत्त आयोग | गर्भपतन सम्बन्धी समस्या |
| दोहोरो राजकीय संरचना खारेजी | कुरीति, कुसंस्कारबाट मधेशी युवालाई मुक्ति | चुरे संरक्षण (Water Rechargeable) |
| सुकुम्बासी समस्या समाधान | योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयन | स्थानीय सरकारबाट प्राकृतिक विपद्को पूर्व तयारी |
| पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन | उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालन | कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण |
| कृषि बजार मण्डीहाउसको व्यवस्था | कृषि उत्पादन न्यूनतम् मूल्य | बिउ, मलको पर्याप्त व्यवस्था |

| | | |
|---|---|---|
| उखु किसानको बक्यौता भुक्तानी, तत्काल नगद भुक्तानी | सिरहा र धनुषाको सीमाको कमला पुलको पुनः निर्माण | मधेश प्रदेशमा सुख्खा क्षेत्र घोषणा र राहत |
| चुरे संरक्षण | मिटरब्याजी पीडितहरूको मागहरू सम्बोधन | जातीय र धार्मिक गतिविधिका लागि भित्रिने रकम गृह र अर्थमन्त्रालयको एकद्वार प्रणालीबाट |
| दक्षिणी भू–भागमा कुपोषणबाट पीडितलाई स्वस्थ आहारा र स्वास्थ्य उपचार | २०६३/६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धान, दीर्घकालीन निरूपण र सामाजिक सांस्कृतिक समन्वय | तटबन्ध नियन्त्रण |
| पुनस्थापना केन्द्रहरू | अनाथ बालबालिका संरक्षण केन्द्र | धर्म सम्बन्धी भित्रिने रकमबारे गृह मन्त्रालयको निगरानी |
| धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य सूचीकृत | चुरे संरक्षण | चुरे दोहनबाट सिर्जित समस्याहरूको समाधान |

| | | |
|---|---|---|
| कोभिड–१९ सचेतना कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय तहमा कोभिड परीक्षण आइसोलेसन, भेन्टिलेटरको व्यवस्था | (२०८०) निर्वाचन आचारसंहिता, सरकारी कर्मचारीलाई प्रभाव र दबाब, दल, सरोकारवाला र सुरक्षा निकायबीच समन्वय अभाव, निर्वाचन शिक्षामा धेरै सहभागिता नभएको, मतगणना कार्य ढिलो भएको | डोजरे विकाशमा प्रतिबन्ध, प्रकृति संरक्षण, पर्यावरणीय न्याय, जनचेतना |
| दैवी प्रकोप सम्बन्धी जनचेतना | विद्युत प्राधिकरणको विपद् जिम्मेवारी र जनतालाई जनचेतना | |

### ४.३.३ उपलब्धि

मधेशी आयोगबाट प्रस्तुत सिफारिशहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारलगायत तराई–मधेशका जनताका लागि उपलब्धिमूलक छन् । 'मधेशी' शब्दको परिभाषा विभिन्न स्रोतहरूलाई उद्धृत गर्दै प्रस्तुत गरिएको छ । मधेशी आयोग ऐन २०७४ को दफा २(घ) ले तोकेअनुसार 'मधेशी समुदाय' भन्नाले आयोगको सिफारिशमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनुपर्छ । यसै मधेशी आयोगको प्रतिवेदन २०७९ को परिच्छेद–३ बुँदा १ र २ मा विस्तृत रूपमा 'मधेशी' शब्दको परिभाषा दिइएको छ । यही परिभाषित मधेशका बासिन्दा 'मधेशी' हुन् ।

समयमा हुने सार्वजनिक लेखा परीक्षण दुरुस्त, स्वच्छ हुन सके बेरुजु नियन्त्रण हुन्छ र यो उपलब्धिमूलक हुन्छ । सरकारी निकायहरू जनताप्रति उत्तरदायी हुन सके जनतामा यसको राम्रो सन्देश जानेछ । जनता र सरकारबीच राम्रो सम्बन्ध हुन्छ ।

खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन नै हुनुपर्दछ । तराई–मधेशको स्थानीय भाषाहरूमा विद्यावारिधि गर्ने व्यवस्था हुनुपर्दछ ।

तराई–मधेशमा १४९ जातहरू छन् । यस बाहेक मुस्लिम र थारु पनि तराई–मधेशका समुदायहरू हुन् ।

गरिबी र विभेदपूर्ण अवस्थाहरू हटाएर रोजगार र मानवीय विकाश सूचकाङ्कमा सुधार ल्याउनुपर्दछ ।

तराई–मधेशको बाटाघाटालाई सुदृढ गर्नुपर्दछ । हुलाकी राजमार्ग र अन्य बाटाघाटालाई समेत सुदृढ गर्ने कार्यमा जोड दिनुपर्दछ ।

परम्परागत पेशालाई आधुनिकीकरण गर्नुपर्दछ । तराई–मधेशको उत्पादनलाई निर्यात प्रवर्धन गर्नु आवश्यक छ । उत्पादनलाई बजारीकरण गर्ने, आय आर्जनको अवसर जुटाउने र यसबाट गरिबी न्यूनीकरण हुने विश्वासमा जोड दिनुपर्दछ ।

तराई मधेशका जनताको आस्थाको केन्द्र मधेशी आयोगमा वि.सं. २०७५ देखि २०८१ सम्म परेका उजुरी सङ्ख्या ६९२ मा २३७ (३४%) को छिनोफानो/समाधान भएको अवस्था छ । छानबिन र तहकिकातको अधिकार नरहे पनि ३४% उजुरीको समाधान गर्न सफल भएकोमा मधेशी आयोगले गौरव गर्नुपर्दछ । सिफारिशसम्म सीमित राखिएको आयोगको उजुरी सम्बन्धित कार्य एक उपलब्धि नै हो ।

| | | |
|---|---|---|
| "मधेशी" परिभाषा | योजनाबद्ध विकाश | सार्वजनिक लेखा परीक्षण |

| | | |
|---|---|---|
| जनता प्रति उत्तरदायी सरकारी निकायहरू | खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन | तराई मधेशको भाषामा विद्यावारिधि |
| “मधेश” परिभाषित स्थाननाम–कोष २०४४ पृष्ठ ११६ | मधेशी १४९ जात + मुस्लिम + थारू | गरिबी र विभेदपूर्ण अवस्थाहरू हटाइ रोजगार, मानवीय विकाश सूचकाङ्क सुधार |
| तराई–मधेशको बाटाघाटा सुदृढ | हुलाकी राजमार्ग र अन्य बाटाघाटालाई सदृढीकरण | परम्परागत पेशालाई आधुनिकीकरण |
| उत्पादन बजारीकरण आय आर्जन गरिबी न्यूनीकरण | तराई मधेशको उत्पादन निर्यात प्रवर्धन | |

## ४.३.४ अवसर

अवसर (Opportunity) मानिस र क्षेत्रको विकाश हुनका लागि चाहिन्छ । भइ आएका चुनौतीको सामना गर्दै समस्याहरूलाई हटाउँदै, समाधान गर्दै हामीले अवसर प्राप्त गर्दछौँ । वृद्धि र विकाश दुवैका लागि अवसर आवश्यक हुन्छ । प्रजातान्त्रिक मुलुकहरूले आफ्ना नागरिकहरूको वृद्धि र विकाशका लागि अवसरमा जोड दिएका छन् ।

मधेशी आयोगले पनि तराई–मधेशका सर्वसाधारणको वृद्धि र विकाशका लागि अवसरका आधारहरू आफ्नो सबै प्रतिवेदनहरूमा सिफारिश गरेको पाइन्छ ।

तराई–मधेशमा मातृभाषामा शिक्षाको व्यवस्था हुनुपर्दछ । प्राथमिक स्तरमा यो सुविधा देशभरिका विद्यालयहरूमा रहेको छ । विद्यालयमा माथिल्लो स्तरमा समेत यो सुविधा भएको खण्डमा मधेशी समुदायलाई अवसर र उपलब्धि प्राप्त हुन्छ। विद्यालयको पाठ्यक्रममा मधेशका विषयवस्तुसमेत समेट्नु पर्दछ। अध्ययन अध्यापन हुनुपर्छ ।

संवैधानिक आयोगहरूमा महिलाको पहुँच हुनुपर्दछ । महिलाको पहुँच मधेशी आयोगमा नै हाल उपलब्धिमूलक देखिन्छ । महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वका लागि गरिएको सिफारिश सराहनीय छ ।

मधेशभित्र सबै क्षेत्रहरूमा मधेशी समुदायको पहुँचको सिफारिश चुनौतीपूर्ण छ । ऐननियमअनुसार सबै क्षेत्रहरूमा समावेश र समानुपातिक सिद्धान्तहरू प्रयोगमा रहेकोले पहुँचको विषय यही दुई सिद्धान्तहरू मातहत नै रहने कुरामा दुईमत हुन सक्दैन ।

तराई–मधेशमा काम गरी हिँड्ने बालबालिकाका लागि घुम्ती विद्यालय सञ्चालन गर्नुपर्ने भनी दिइएको सिफारिश सर्वदा नयाँ परिकल्पना हुनुपर्छ । यो धेरै चुनौतीपूर्ण देखिए पनि स्थानीय सरकार तथा प्रदेश सरकारले सहकार्य गरी यस्तो अवसर उपलब्ध गराउन सक्छन् । घुम्ती विद्यालयसँगै अतिरिक्त (बिहान र बेलुका) कक्षाको व्यवस्थापन गर्नुपर्छ भनी सिफारिश गरिएको छ ।

तराई–मधेशमा स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण तथा पठनपाठन कार्य गरिनुपर्दछ । अभिभावक तथा विद्यार्थीहरूलाई विद्यालयसम्मको पहुँचका लागि सचेतना कार्यक्रमहरू गर्नु जरुरी छ ।

विपन्न वर्गमा देखिने विद्यालय तथा शिक्षाप्रतिको उदासीनतालाई सबै तहका सरकारले सम्बोधन गर्नु जरुरी छ । डिजिटल शिक्षा सबैका लागि पहुँचयोग्य हुनुपर्दछ । शिक्षामा र सरकारी पेशामा समेत आरक्षणको नीतिले अवसर प्रदान गर्दछ तर यसले समुदायमा द्वन्द्व पनि निम्त्याउँछ । तसर्थ, आरक्षण नीतिलाई समय समयमा पुनरावलोकन गरिनुपर्दछ । लक्षित समुदायसम्म यो नीतिले कार्य गरेको छ कि छैन भनी पुनरावलोकन गर्नु आवश्यक हुन्छ ।

मधेशी समुदायलाई शिक्षा र समानुपातिक समावेशीबाट मूलधारमा समाहित गर्नका लागि सिफारिश गरिएको छ । नेपाल सरकारको सरकारी सेवामा मधेशी समुदायको पहुँच बढाउनुपर्दछ । समावेशीकरणको प्रतिशत बढाए मात्र यो सम्भव छ । अन्यथा मधेशी समुदायले आफ्नो निजी प्रयासबाट मात्र यो सम्भव छ । सरकारको समग्र नीतिलाई प्रभाव पार्ने भएकाले समावेशीसम्बन्धी नीति समग्र परिवर्तन हुनुपर्दछ । आंशिक परिवर्तनले देशमा द्वन्द्व निम्तिने डर हुन्छ । यसै सन्दर्भमा मधेशी आयोगबाट भएको अर्को सिफारिश मननीय छ । यसमा जनसङ्ख्यालाई आधार बनाइएको छ । नियुक्ति प्रक्रियामा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व हुनुपर्छ भनी सिफारिश गरिएको छ । यो सिफारिशलाई उचित ठहराउन सकिन्छ ।

तराई–मधेशमा महिलाको राजनैतिक, आर्थिक, शैक्षिक सशक्तीकरणमा जोड दिनुपर्दछ । महिला नेतृत्व माथि विश्वास वृद्धि गर्ने अवसर दिनुपर्दछ । युवा, महिला, ज्येष्ठ नागरिकलाई विषयगत तथा सीपमूलक प्रशिक्षण दिएर स्वावलम्बी बनाउनुपर्दछ । विपन्न र दलितलाई पहिचानपत्र वितरण गरी सामाजिक सेवा सुविधामा सहभागी गराउनुपर्दछ । जातीय छुवाछुतलाई निर्मूलीकरणको प्रक्रियामा लानुपर्दछ । जातीय छुवाछुतको भेदभावबाट पीडितलाई

विशेष सामाजिक सुविधाहरू प्रदान गरी सशक्तीकरणको मार्गमा ल्याउनुपर्छ । देशको मूलधारमा यी समुदायलाई समावेश गर्नुपर्दछ ।

मधेशी आयोगले तराई–मधेशको जनताको सेवाका लागि एक विशेष काम गरेको छ । मधेशी युवायुवतीको हकहितका लागि लोकसेवा आयोगबाट सञ्चालित अधिकृत स्तरको तयारी कक्षा सञ्चालन गरेको थियो । पूर्वदेखि पश्चिमसम्मका मधेशी युवायुवतीले यसबाट फाइदा उठाएका थिए । मधेशी आयोगले सक्रिय रूपमा गरेको यो काम थियो, सिफारिश होइन । सल्लाह सुझाव सिफारिश मात्र दिने गरेको मधेशी आयोगको यो कार्य प्रशंसनीय रूपमा फरक थियो ।

सिफारिश गरिएका विषयहरूमा अवसर र उपलब्धिका कुराहरू सराहनीय छन् । मधेशी महिला सशक्तीकरणका लागि सीपमूलक शिक्षा दिनुपर्दछ । यसबाट महिलाको आर्थिक विकाशमा टेवा पुग्दछ । मधेशी दलित मधेशी पनि भएकाले मधेशी आयोगले सहयोगी भूमिका खेल्नु नितान्त आवश्यक छ । यसै कारणले मधेशी आयोगले मधेशी दलितको आरक्षणको अधिकारको सुनिश्चितताका लागि सिफारिश गरेको छ ।

धेरै जसो बैङ्किङ लगानी उच्च वर्ग र मध्यम वर्गमा रहेको छ । विपन्न समुदायलाई आर्थिक रूपमा आधारभूत कुराहरूको विकाशका लागि बैङ्किङ लगानीको आवश्यकता रहेको छ । यो समुदायलाई पनि राम्रो अवसरको अधिकार छ । तसर्थ, अवसर उपलब्धिका लागि मधेशी आयोगले बैङ्किङ लगानीको ५०% विपन्न वर्गमा हुनुपर्छ भनी सिफारिश गरिएको छ । बैङ्कको लगानी डुब्ने हो र सो लगानी उठाउन नसकिएला कि भन्ने डर समस्याको रूपमा रहेको छ ।

अवसर र उपलब्धिको सन्दर्भमा मधेशी आयोगले फोहोरलाई सदुपयोग गरी, रिसाइकलिङ् गरी नाफाजनक कार्यहरू गर्न सकिन्छ र यसबाट मोहर कमाउन सकिन्छ भनी सिफारिश गरिएको छ । उद्योग, कलकारखाना, कृषिजन्य व्यवसाय र अन्य कार्यक्रमहरू तथा व्यवसायहरूबाट स्वदेशमा नै रोजगारीको व्यवस्था मिलाउन सकियो भने विदेश पलायन हुने वा रोजगारीका लागि जाने प्रवृत्तिलाई न्यूनीकरण गर्न सकिन्छ । यही उद्देश्यले स्वदेशमा रोजगारीको व्यवस्था मिलाउनुपर्छ भनी सिफारिश गरिएको छ । कृषि, आधारभूत संरचनाहरू (Infrastructure) र उत्पादन कार्यहरू (Manufacture) मा जोड दिइएको छ । देश विकाशको लागि यी आधारभूत कुराहरू आवश्यक छन् भनी सिफारिश गरिएको देखिन्छ ।

तराई–मधेशमा उत्पादित वस्तु र सेवाका लागि सुदृढ बजार व्यवस्थापन हुनुपर्दछ । आयातलाई निरुत्साहन र नेपाली वस्तुलाई सहज बजारको व्यवस्था मिलाउनुपर्दछ ।

मधेशी आयोगबाट भएको सिफारिशअनुसार स्थानीय मातृभाषामा लोकसेवा पाठ्यक्रम निर्माण र परीक्षाको व्यवस्था मिलाउनुपर्दछ । जनसङ्ख्याको आधारमा आरक्षणको व्यवस्था हुनुपर्दछ । जनसङ्ख्याको आधारमा प्राविधिक शिक्षा र सेवामा पहुँच हुने व्यवस्था गरिनुपर्दछ । विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान गरी सहुलियतपूर्ण पुँजीको व्यवस्था गरी स्वावलम्बी र स्वरोजगारका लागि प्रेरित गर्नुपर्दछ ।

मधेशी समुदायलाई अवसरका लागि, उत्पादनको लागि आधारभूत तालिमको प्रावधान हुनुपर्दछ । यससँगै, स्थानीय बजारमै खपत र व्यवस्थापन गर्न मिल्ने सीपमूलक तालिम पनि दिनुपर्दछ ।

निजामती सेवामा ६०% प्राविधिक मधेशी समुदायबाट प्रवेशका लागि व्यवस्था मिलाउनुपर्दछ । यस किसिमको सिफारिश

विरोधाभाषपूर्ण हुन्छ । यस्तो सिफारिशको औचित्यको पुष्टि गर्न गाह्रो हुन्छ । यसले समस्या र द्वन्द्व निम्त्याउन सक्छ । विवादास्पद सिफारिशले अन्य सिफारिशहरू पछाडि रहेको मनसाय माथि प्रश्न चिह्न खडा गर्न सक्छ ।

वन्यजन्तु, वनस्पति तथा अन्य जीवजन्तुहरूको संरक्षण गर्ने र त्यसबाट बहुआयामिक आयआर्जनको प्रावधानको सिफारिश गरिएको छ । यो सराहनीय कुरा हो । जीवजन्तु र वनस्पतिको संरक्षणसँगै त्यसबाट आयआर्जन गर्न सक्ने प्रशिक्षणको जरुरी हुन्छ ।

एकल नागरिक, ज्येष्ठ नागरिक, विधवा, विधुरको सामाजिक सुरक्षा भत्ता र संरक्षणका लागि मधेशी आयोगले गरेको सिफारिश सामाजिक र सांस्कृतिक पक्षले महत्त्वपूर्ण रहेको छ । ज्येष्ठ नागरिकलाई सम्मान दिने, महिला, बालबालिका, युवाहरूको नैतिक विकाश अभिमुखीकरण हुनेगरी कार्यक्रम सञ्चालनको सिफारिश गरिएको छ ।

उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन दिनुपर्छ । घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति (Indigenous Treatment System) लाई आधुनिक प्रविधिबाट परिष्कृत गर्नुपर्दछ । यी विकाशात्मक सिफारिशहरू हुन् ।

ऐतिहासिक हस्तकलाहरूबारे अध्ययन अध्यापन हुनुपर्ने र पाठ्यक्रममा समेत समावेश हुनुपर्ने भनी सिफारिश गरिएको छ । यो विषयको सिफारिश बौद्धिक र ऐतिहासिक महत्त्वको छ ।

मातृभाषा संरक्षण, संवर्धन र सशक्तीकरणमा जोड दिइएको छ । तराई–मधेशमा मातृभाषा दिवस मनाउने कुरालाई अघि सारिएको छ । यो दोस्रो सिफारिश विवादास्पद हुन सक्छ । स्थानीय मातृभाषाहरूको सङ्ख्या धेरै भएको र कुन मातृभाषालाई महत्त्व दिएर मातृभाषा दिवस मनाउने विषय विवादास्पद हुन्छ । सबैले आ–आफ्ना मातृभाषालाई

महत्त्व दिएर एकै दिन मातृभाषा दिवस मनाएको अवस्थामा यो सिफारिश सहज हुन्छ ।

मधेश दिवसको तिथि उद्घोषका लागि लामो सूची तयार गरिएको देखिन्छ । धेरै विषयवस्तुहरूको सूची हेर्दा कुनै निश्चित ठाउँमा पुग्ने अवस्था देखिँदैन । कुनै विशेष उपलब्धि भएका दिन वा दिनहरूमा मात्र यस्तो दिवसको औचित्य सिद्ध गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| मातृभाषामा शिक्षा | पाठ्यक्रममा मधेशी विषयवस्तु | संवैधानिक आयोगहरूमा महिलाको पँहुच |
| महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व | घुम्ती विद्यालय | मधेश भित्र मधेशीको पहुँच |
| स्वरोजगार | स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण/पठनपाठन | विद्यालय सम्मको पहुँचको सचेतना |
| आरक्षण नीति पुनरावलोकन | डिजिटल शिक्षा पहुँचयोग्य | सरकारी सेवामा मधेशी समुदायको पहुँच |
| नियुक्ति प्रक्रियामा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व | महिलालाई राजनैतिक, आर्थिक, शैक्षिक सशक्तीकरण | युवा, महिला, जेष्ठ नागरिक विषयगत तथा सीपमूलक प्रशिक्षण, स्वावलम्बी |

| | | |
|---|---|---|
| विपन्न र दलितलाई पहिचानपत्र / सामाजिक सेवा सुविधा | जातीय छुवाछुत निर्मूलीकरण, विशेष सविधाहरू, सशक्तीकरण | मधेशी आयोगबाट सञ्चालित अधिकृत स्तर तयारी कक्षा |
| मधेशी महिला सशक्तीकरण सीपमूलक शिक्षा/आर्थिक विकाश | मधेशी दलितको आरक्षणको अधिकार सुनिश्चितता | बैङ्किङ लगानी विपन्न वर्गलाई |
| विपन्न समूहलाई पहिचान पत्र | मधेशमा मातृभाषा दशक | फोहोरबाट मोहर |
| कृषि व्यवसायीकरण | स्वदेशमा रोजगारीको व्यवस्था | Culture, Agriculture, Infrastructure, Manufacture |
| आयातलाई निरुत्साहन र नेपाली वस्तुलाई सहज बजार | मधेशी समुदायलाई शिक्षा र समानुपातिक समावेशीबाट मूलधारमा समाहित | मातृभाषामा लोकसेवा पाठ्यक्रम र परीक्षा |
| जनसङ्ख्याको | जनसङ्ख्याको | विपन्न दलित |

| | | |
|---|---|---|
| आधारमा आरक्षण | आधारमा प्राविधिक शिक्षा र सेवामा पहुँच | महिलाहरूको सीपयुक्त क्षमताको पहिचान र सहुलियतपूर्ण पुँजीको व्यवस्था |
| उत्पादन र बजार व्यवस्थापन | उत्पादनका लागि आधारभूत तालिम | स्थानीय बजारमै खपत र व्यवस्थापन हुने सीपमूलक तालिम |
| निजामती सेवामा ६०%प्राविधिक | एकल नागरिक, ज्येष्ठ नागरिक, विधवा, विधुरको सामाजिक सुरक्षा भत्ता र संरक्षण | वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण र त्यसबाट बहुआयामिक आयआर्जन |
| फोहोरबाट मोहर | उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन | घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत |
| देशदर्शन | महिला नेतृत्वमाथि विश्वास वृद्धि | देशदर्शन अभियान |

| | | |
|---|---|---|
| ऐतिहासिक हस्तकलाहरूलाई अध्ययन अध्यापन, पाठ्यक्रममा समावेश | मातृभाषा संरक्षण, संवर्धन र सशक्तीकरण | मातृभाषा दिवस |
| मधेश दिवसको तिथि उद्घोष | जेष्ठ नागरिक सम्मान, महिला, बालबालिका, युवाहरूको नैतिक विकाश अभिमुखीकरण | |

### ४.३.५ अपेक्षा

मधेशी आयोगले गरेका सबै सिफारिशहरू कार्यान्वयनमा आउला भनी अपेक्षा गर्नु स्वाभाविक हो । सिफारिशहरू मात्र गर्ने तर कार्यान्वयन पक्ष फितलो देखिँदा आयोग केबल सिफारिश गर्ने संस्थाको रूपमा देखिएको छ । संविधान प्रदत्त आयोगबाट जनताले धेरै अपेक्षा राखेका हुन्छन् तर सीमित काम, कर्तव्य र अधिकारबाट बाँधिएको अवस्थामा निष्क्रियता बाहेक के देखिने हो र ? छठ पर्व, जितिया पर्व जस्ता सीमित अवसरहरूमात्र बिदासम्बन्धी आयोगको सिफारिश कार्यान्वयनमा आएको देखिन्छ । असंख्य अरु सिफारिशहरू अपेक्षासम्म मात्र सीमित रहेको छ ।

मधेशी आयोगले बजार अनुगमनका लागि मूल्य निर्धारण निकायको सक्रियताका लागि सिफारिश गरेको छ । श्रम शिक्षा, सीप र तालिमको आवश्यकतामा जोड दिइएको छ । स्वास्थ्य बिमाको प्रावधानमा पनि जोड दिइएको छ । जुन गुनासो स्थानीय राष्ट्रिय

भाषाहरूमा समेत सुनुवाई हुने व्यवस्था गर्न सिफारिश गरिएको छ । मधेशी आयोगलाई उजुरीमाथि 'छानबिन तथा तहकिकात' समेतको अधिकार पाउने व्यवस्था मिलाउन सिफारिश गरिएको छ । शिक्षा क्षेत्रमा शिक्षकहरू शिक्षण कार्यप्रति जिम्मेवार भई प्रस्तुत हुनुपर्छ भनी जोड दिइएको छ ।

नेपालको संविधानको धारा ४२ बमोजिम सामाजिक न्यायको सिद्धान्तअनुसार मधेशी जनतालाई समानता, समता (Equity) र न्यायसम्मको पहुँच हुनुपर्छ भनी सिफारिश गरिएको छ । संवैधानिक आयोगहरूबाट संयुक्त अध्ययन गराइएको नेपालमा समावेशीकरणको अवस्थालाई हेर्दै यस सम्बन्धमा पुनर्मूल्याङ्कन गर्नुपर्छ ।

परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणको प्रक्रियामा लानुपर्छ । परम्परागत रूपमा आफ्नो सीपलाई प्रयोग गरी व्यवसाय गर्नेहरूलाई यो प्रक्रियाबाट फाइदा हुन्छ ।

लैङ्गिक अल्पसङ्ख्यकलाई सामाजिक सेवा सुविधा उपलब्ध गराउनुपर्दछ । मधेश प्रदेशमा ४०% वन हुनेगरी व्यवस्थापन गर्नुपर्दछ । राजविराज (सप्तरी) को एयरपोर्टमा नियमित उडान हुनुपर्छ । हाल दुई वायु सेवाले नियमित उडान गरिरहेका छन् ।

मानव संसाधन आपूर्ति सम्बन्धमा दिइएको सिफारिशअनुसार जनशक्ति र आपूर्तिमा तालमेल हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

तराई–मधेशमा खानेपानीको समुचित व्यवस्थापनका लागि कार्य गर्नु आवश्यक छ । गाउँहरूमा समेत शुद्ध खानेपानीको व्यवस्थापन गर्नुपर्दछ ।

सलहेश सर्किट मूर्तरूपमा कार्यान्वयनमा आउँछ भनी मधेशी आयोगले सिफारिशसहित अपेक्षा राखेको छ । नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी रूपमा छायाँकन हुनुपर्छ भनी अपेक्षा गरिएको

छ । मधेशी कलाको प्रभावकारी संरक्षणको अपेक्षा गरिएको छ । तराई–मधेशमा उन्नत कृषि कार्याक्रम सञ्चालन गर्नु आवश्यक छ भनी सिफारिश गरिएको छ । व्यावसायीक सुरक्षा हुनुपर्ने, व्यापारिक वातावरण राम्रो हुनुपर्ने, बजार अनुगमन र मूल्याङ्कन हुनुपर्ने छ । नहरको उचित व्यवस्थापन हुनुपर्छ र यसबाट बाह्रै महिना सिँचाइको व्यवस्था हुनुपर्छ ।

बैङ्क र अन्य वित्तीय संस्थाको लगानी आर्थिक रूपमा पिछडा समुदायमा हुनुपर्छ र यो प्रयोगात्मक लगानी हुनुपर्दछ । सामाजिक संस्कार र अन्त्येष्टिका लागि विपन्न वर्गलाई सहुलियत ऋण उपलब्ध गराउनुपर्दछ । विपन्न वर्गलाई पनि अवसर प्राप्त हुनुपर्छ । यस्ता सल्लाह सुझाव दिनुको पछाडि यी वर्गले आफ्नो घर जग्गा बन्धकी राखी संस्कारका काम गर्छन् । कृषिका अन्य कार्यहरूमा समेत ऋणकै साहारा लिन्छन् । मिटरब्याजी समस्या यस्तै ऋणका कारणले भएको हुन्छ ।

महिला र पुरुषको समान कामको समान ज्याला पाउनुपर्छ भनी सिफारिश गरिएको छ । यो असमानता उद्योग तथा अन्य क्षेत्रहरूमा काम गर्ने सिलसिलामा महिला र पुरुषलाई दिइने पारिश्रमिकमा हेर्न पााइन्छ । यसका लागि गरिएको सिफारिश र अपेक्षा सराहनीय छ । सरकारले कानूनी राज्य स्थापना गर्दै सर्वसाधारणका लागि जनचेतनाको कार्यक्रम पनि नियमित रूपमा गर्नुपर्दछ ।

मधेशी आयोगले अपेक्षासहित सिफारिश गरेको वैदिक जनचेतनामूलक कार्यक्रम एक पक्षीय हिन्दू धर्म, सनातन धर्मसँग सम्बन्धित छ । धर्मनिरपेक्ष देशमा यस्ता विषयवस्तुले विवाद र विश्वासको सङ्कट ल्याउन सक्छ ।

राजनैतिक सिफारिशको रूपमा नेतृत्वमा रहेका नेतृत्व वर्गलाई मार्गदर्शन दिइएको छ । नेतृत्व वर्गमा विचलन आएकाले यसमा

सुधारको आवश्यकता छ । राजनैतिक नीति र नियतमा एकरूपता हुनुपर्दछ । सर्वसाधारणको दृष्टिकोणले यो सही हुन सक्छ तर एउटा संवैधानिक आयोगले राजनैतिक नेतृत्वलाई दिएको यस किसिमको सिफारिशले नकारात्मक सन्देश जान सक्छ । समन्वय र सहकार्यमार्फत् दिइएको सिफारिशले सही प्रतिफल दिन्छ ।

| | | |
|---|---|---|
| मूल्य निर्धारण निकायको सक्रियता | श्रम शिक्षा सीप, तालिम स्वास्थ्य बिमा | जनगुनासो स्थानीय राष्ट्रिय भाषाहरूमा |
| आयोगलाई "छानबिन तथा तहकिकातमा" समेतको अधिकार | शिक्षक जिम्मेबारी/जिम्मेवार | सामाजिक न्याय (धारा ४२) समानता, समता (equity) न्याय पँहुच |
| सवैधानिक आयोगहरूबाट संयुक्त अध्ययन गराइएको नेपालमा समावेशीकरणको अवस्था | लैङ्गिक अल्पसंख्यकलाई सामाजिक सेवा सुविधा | परम्परागत सीप आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण |
| प्रदेश २ मा वन ४०% हुनुपर्ने | राजविराज एयरपोर्ट नियमित | जनशक्ति माग र आपूर्तिमा तालमेल |
| शुद्ध खानेपानीको व्यवस्थापन | सलहेश सर्किट मूर्तरूप | नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी छायाङ्कन |

| | | |
|---|---|---|
| कलाको प्रभावकारी संरक्षण | मधेशमा उन्नत कृषि कार्यक्रम | व्यावसायीक सुरक्षा व्यापारिक वातावरण बजार अनुगमन र मूल्याङ्कन |
| नहरको उचित व्यवस्थापन र बाह्रै महिना सिंचाइको व्यवस्था | सामाजिक संस्कार र अन्त्येष्टिका लागि सहुलियत ऋण | महिला र पुरुषको समान ज्याला |
| हस्तकलाको विकाश, संरक्षण र प्रवर्धन, आय आर्जन कार्यक्रम | वैदिक जनचेतनामूलक कार्यक्रम | नेतृत्त्वमा विचलन, नीति र नियतमा एकरूपता |

### ४.३.६ सुझाव

मधेशी आयोगबाट प्रस्तुत भएका सुझावहरू मधेशी समुदायका लागि लोकहितकारी छन् । तराई–मधेशमा सहर र दुर्गम क्षेत्रमा प्रसूती केन्द्रहरू खोल्नु आवश्यक छ । बैङ्कहरूको सामाजिक उत्तदायित्व पनि हुन्छ । त्यो उत्तरदायित्व स्पष्ट देखिनुपर्छ ।

तराई–मधेशमा सहरहरूको सङ्ख्या धेरै रहेका छन् । बाक्लो बस्ती विस्तारले वन तथा जीवजन्तुलाई नोक्सान भइरहेको छ । तसर्थ, व्यवस्थित बसोबासको व्यवस्था मिलाउन सुझाव दिइएको छ । मधेशी समुदायसम्बन्धी कार्य वा कानून सम्बन्धमा आयोगसँग समन्वय गर्नुपर्ने र सल्लाह सुझाव लिनुपर्ने सुझाव दिइएको छ । प्रत्यक्ष सरोकार भएको संस्था रहेको हुनाले मधेशी आयोगको यो सुझाव औचित्यपूर्ण रहेको छ ।

विद्यालयमा दिइने शिक्षा जीवनमैत्री शिक्षा हुनुपर्छ । वैदिक समाजको शिक्षा हुनुपर्छ । रोजगारमूलक शिक्षा हुनुपर्दछ । शिक्षामा विषयगत रूपमा एकद्वार प्रणाली हुनुपर्दछ । नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षाको सिद्धान्तअनुरूप शिक्षाको प्रारूप तयार हुनुपर्दछ ।

मध्यस्तता न्यायालयको अवधारणा बनाउनुपर्दछ । मध्यस्तताकै पहलमा मेलामिलापको प्रक्रिया हाल अदालतमा अभ्यासमा रहेको छ । अलग्गै मध्यस्तता न्यायालयको प्रावधान नेपालमा छैनन् ।

मधेशी समुदायको आरक्षणमा प्रवेश उमेर ४० वर्ष र निवृत्तिभरण उमेर ६० वर्ष कायम गरिनुपर्छ । आरक्षणअन्तर्गत जनजातिलाई ६०% र वर्गलाई ४०% आरक्षण हुनुपर्दछ ।

नेपालमा एउटै संविधान रहेको छ। सबैका लागि यही संविधान लागु हुन्छ । One Nation: One Constitution को सुझाव किन भएको हो दुविधात्मक देखिन्छ । यो सुझाव स्पष्ट छैन ।

सामाजिक सुझावअन्तर्गत मधेशी आयोगद्वारा विवाहमा स्थिरता तथा निरन्तरताका लागि विवाह अगाडि नै स्थानीय वडाबाट विवाहको सिफारिश लिनुपर्ने प्रावधान जारी गर्न सुझाव दिइएको छ ।

लोकसेवा आयोगको परीक्षा प्रणालीमा सुधारात्मक कदमका लागि सिफारिश गरेको छ । मधेशी आयोगको सुझावअनुसार लोक सेवा आयोगको परीक्षा प्रणाली विविधतामैत्री हुनुपर्दछ । सम्भवतः यही कारणले हाल क्षेत्रीयताको आधारमा प्रादेशिक परीक्षा प्रणाली लागु भएको छ । स–साना समुदायमा आधारित विविधतामैत्री परीक्षा प्रणाली व्यावहारिक नहुने देखिन्छ । यो महँगो, समय र ठाउँ धेरै प्रयोग हुनुपर्ने भएर असम्भव नै देखिन्छ ।

महिलाको अधिकारका लागि केही भिन्न सुझाव पनि प्रस्तुत भएको छ । सुझावअनुसार महिलाको मासिक रक्तश्राव अवधिमा

कम्तीमा ३ दिन बिदाको प्रावधान हुनुपर्छ । यो सुझाव प्रयोगमा ल्याउन सम्भव देखिँदैन । चुनौतीपूर्ण रहेको यो सुझावले नागरिक समाजमा बहस निम्त्याउन सक्छ ।

नदीनाला बचाऊ अभियान सञ्चालन गर्नुपर्ने, पोखरी तालको संरक्षण हुनुपर्ने, रैथाने मधेशीको संरक्षण हुनुपर्ने, ऐतिहासिक र पुरातात्त्विक सम्पत्तिको संरक्षण गर्नुपर्ने र नेपालका विश्व बौद्धिक सम्पत्तिको सूचीकरण गर्नुपर्ने सुझावहरू पनि छ । यी सबै सुझावहरू बौद्धिक रूपमा प्रशंसनीय छन् ।

Language technology (जस्तै कम्प्युटरमा) देवनागरी लिपिको पनि व्यवस्था हुनुपर्ने सुझाव छ । देवनागरी लिपिको प्रयोग वास्तवमा लामो समयदेखि भइरहेको हुनाले यो सुझावको कार्यान्वयन पक्षलाई बुझ्नु जरुरी छ ।

नेपालमा पाइने वनस्पतिहरूको अभिलेखन र patent right को प्रावधान हुनु आवश्यक छ । देशको सम्पत्तिको सूचीकरण र संरक्षणको दृष्टिकोणले यो सुझाव आएको हुनुपर्दछ । साथै, पर्यावरणको संरक्षण हुनु आवश्यक छ । यसको सुझाव पनि प्रतिवेदन दिइएको छ ।

किसानहरूको सहुलियत र सुविधाका लागि एक मल कारखानाको आवश्यकता महसुस गरेर मधेशी आयोगले यसका लागि पनि सुझाव दिएको छ ।

धर्म निरपेक्षता लागु भए पनि हिन्दू धर्मको बाहुल्यता भएका कारणले गाईको संरक्षणमा जोड दिँदै यसका लागि पनि सुझाव प्रस्तुत भएको छ ।

सर्वसाधारणको स्वास्थ्यसम्बन्धी हकहितलाई ध्यानमा राखी आयुर्वेद स्वास्थ्य सेवामा ध्यान दिन पनि सुझाव प्रस्तुत भएको छ । नेपालमा सिंहदरबार आयुर्वेद र कीर्तिपुरमा आयुर्वेद स्वास्थ्य सेवा

अस्पताल तथा आयुर्वेद क्याम्पसको स्थापना भई लामो समय देखि कार्यान्वयनमा रहेको छ ।

नदीको बगरमा वृक्षारोपणसम्बन्धी सुझाव पनि प्रस्तुत भएको छ । यसलाई राम्रो परियोजनाको रूपमा विकशित गर्न सकिन्छ । तराई–मधेशमा सांस्कृतिक संग्रहालय निर्माण गर्नुपर्ने आवश्यकता बताउदै सुझाव गरिएको छ । बाल श्रम र सरसफाइबारे जनचेतना जगाउनुपर्दछ । सामाजिक सुधारका लागि सडक नाटक प्रदर्शनी धेरै प्रभावकारी हुन्छ भनी सुझाव गरिएको छ ।

अन्तरधार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलापहरूका लागि कार्यक्रमहरूको योजना बनाउनुपर्छ । सर्वसाधारणमा श्रमदान र अन्नदानको भावना जगाइ सामाजिक र सांस्कृतिक विकाश र सदभावमा वृद्धि गर्नुपर्दछ ।

पुरातात्त्विक सम्पदाहरूको खोजी र संरक्षणमा जोड दिनुपर्छ । कुरीतिहरूको अन्त्य हुनुपर्दछ । यी सुझावहरू व्यावहारिक र प्रयोजनमा ल्याउन मिल्ने किसिमका छन् ।

मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको व्यवस्थापनबारे सुझाव गरिएको छ । प्रदेश सरकारबाट तराई मधेशमा महत्त्वपूर्ण चाडपर्वमा सार्वजनिक बिदा दिने चलन गर्नुपर्दछ ।

केही सुझावहरू ऐतिहासिक र धार्मिक विषयहरूसँग सम्बन्धित छन् । नेपाल–अङ्ग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिका स्थित 'मधुवन गोठ' को अध्ययन, अनुसन्धान र विकाश गर्नुपर्दछ । राजा विराटको गृहनगरलाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्दछ । जानकी मन्दिर (जनकपुर), लक्ष्मीनारायण मन्दिर (सप्तरी), लक्ष्मीनारायण मठ तथा मन्दिर (महोत्तरी) सबैलाई सूचीकृत गर्नुपर्दछ । तौलेश्वर मन्दिर (कपिलवस्तु) लाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नु जरुरी छ । ३०४ वर्ष पुरानो श्री राजकीय संस्कृत पाठशाला (महोत्तरी) लाई सूचीकृत गर्नुपर्दछ ।

श्री छिन्नमस्ता भगवती सखडेश्वरी (सप्तरी) लाई निजी गुठीबाट सार्वजनिक गुठीमा परिणत गर्नुपर्ने भनी सुझाव छ । छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा.वि. (सप्तरी) लाई संस्कृत शिक्षाका लागि व्यवस्थित गर्नुपर्ने भनी सुझाइएको छ ।

राजगढ गा.पा. वडा नं. २ (सप्तरी) को १०० वर्ष पुरानो नवदुर्गा भगवती मन्दिरको संरक्षण र संवर्धन हुनुपर्छ । शिव मन्दिर (हरि नगरा गाउँपालिका, सुनसरी), कङ्कालीनी भगवती मन्दिर (सप्तरी), राजदेवी पञ्चावली मन्दिर (सिरहा), सहलेश फूलबारी मन्दिर (सिरहा), पताइर पोखरी, मानिक दह, कमल दह (सिरहा), गढीमाई (बारा), माइस्थान (पर्सा), बागेश्वरी मन्दिर (बाँके), त्रिवेणी धाम (नवलपरासी), तिलौराकोट (कपिलवस्तु) आदि सबैको संरक्षण र संवर्धन हुनुपर्ने भनी सुझाव गरिएको छ ।

सीताराम मन्दिर (दाङ्ग), विराट दरबार (मोरङ), धनुषाधाम (धनुषा) सबैलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्छ । मिथिलाक्षर–देवनागरी लिपि, कैथी लिपि, महाजनी लिपि आदिको संरक्षण जरुरी छ भनी सुझाव दिइएको छ ।

पोखरी, सरोवर आदिको पिँध सफाइ गर्नु आवश्यक छ । यी सबैलाई जलचर मैत्री बनाउनुपर्दछ । जल संस्कृतिको संरक्षण गर्नुपर्दछ ।

काठमाडौँ थापाथलीमा रहेको लक्ष्मीनारायण मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ । जङ्गबहादुर राणा देहावसान भएको स्थानको रूपमा परिचित रजवा शिवालय र धर्मशाला (सिरहा, हरिपुर–४) को संरक्षण आवश्यक छ । जनक दरबारका चार महादेव मन्दिरहरू उत्खनन गरी, पुनर्निर्माण र संरक्षण गर्नुपर्दछ ।

विदेह र अवध सभ्यताको अनादिकालीन र आदिकालीन उपचारपद्धति (Eternal & Indigenous Treatment System) को वैज्ञानिक संरक्षण र विकाशका लागि सुझाव गरिएको छ ।

हस्तकलाकारहरूलाई 'कलाकारिता सुरक्षा भत्ता' को प्रावधानमा जोड दिइएको छ । सांस्कृतिक सम्पदाहरूलाई नेपाल सम्पदा र विश्व सम्पदामा सूचीकृत गर्न भनी सुझाव प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| प्रसूती केन्द्रहरू | बैंकहरूको सामाजिक उत्तरदायित्त्व | व्यवस्थित बसोबास |
| मधेशी समुदायसम्बन्धी कार्य/कानूनमा आयोगको सल्लाह/समन्वय | जीवनमैत्री शिक्षा वैदिक समाज शिक्षा रोजगारमूलक शिक्षा विद्यालयहरूमा | मध्यस्थता न्यायालयको अवधारणा |
| शिक्षामा विषयगत एकद्वार प्रणाली | नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा | मधेशी समुदायको आरक्षणमा प्रवेश ४० वर्ष र निवृत्तिकरण ६० वर्ष |
| आरक्षण जनजाति ६०% र वर्ग ४०% | विवाह अगाडि नै वडाबाट विवाहको सिफारिश | One Nation: One Constitution |
| लोकसेवा आयोगको परीक्षा प्रणाली विविधतामैत्री | नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा | मधेशमा मातृभाषा दशक |
| महिलाको मासिक उच्च रक्तश्राव अवधिमा कम्तीमा ३ दिन बिदा | विवाहपूर्व वडाबाट विवाहको सिफारिश | |

| | | |
|---|---|---|
| नदीनाला बचाऊ अभियान | पोखरी तालको संरक्षण | रैथाने मधेशीको संरक्षण |
| विश्व बौद्धिक सम्पत्तिको सूचीकरण | ऐतिहासिक र पुरातात्त्विक सम्पत्तिको संरक्षण | वनस्पतिहरूको अभिलेख र Patent Right |
| Language Technology देवनागरी लिपिमा | पर्यावरण संरक्षण | मलका लागि मल कारखाना |
| गाईको संरक्षण | आयुर्वेद स्वास्थ्य सेवा | बगरमा वृक्षारोपण |
| तराई–मधेशमा सांस्कृतिक संग्रहालय निर्माण | बालश्रम र सरसफाइबारे जनचेतना | सामाजिक सुधारबारे सडक नाटक |
| अन्तर धार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप | श्रमदान र अन्नदानको भावना | पुरातात्विक सम्पदाहरूको खोजी र संरक्षण |
| कुरीतिहरूअन्त्य | मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको व्यवस्थापन | प्रदेश सरकारबाट तराई–मधेशमा महत्त्वपूर्ण चाडपर्वमा सार्वजनिक विदा |
| नेपाल–अङ्ग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिका स्थित "मधुवन गोठ" को अध्ययन, अनुसन्धान, विकाश | राजा विराटको गृहनगरलाई पर्यटकीय स्थलको रूपमा विकाश | श्री राजकीय संस्कृत पाठशाला (महोत्तरी) ३०४ वर्ष पुरानो, सूचीकृत हुनुपर्ने |

| | | |
|---|---|---|
| लोकतन्त्र र सनात हिन्दू संस्कृतिको संरक्षण | श्री छिन्नमस्ता भगवती सखडेश्वरी (सप्तरी) लाई निजी गुठीबाट सार्वजनिक गुठीमा परिणत गर्नुपर्ने | छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा.वि. (सप्तरी) लाई संस्कृत शिक्षाका लागि व्यवस्थित |
| हस्तकारिगरहरूलाई "कलाकारिता सुरक्षा भत्ता" | राजगढ गा.पा. वडा नं. २ (सप्तरी) को १०० वर्ष पुरानो नवदुर्गा भगवती मन्दिरको संरक्षण र संवर्धन | शिव मन्दिर (हरिनगरा गाउँपालिका (सुनसरी), कंकालीनि भगवती मन्दिर (सप्तरी), लोक नायक दिनाभद्री (सप्तरी), राजदेवी पञ्चावली मन्दिर (सिरहा), सहलेश फूलबारी मन्दिर (सिरहा), पताइर पोखरी, मानिक दह, कमल दह (सिरहा), गढीमाई (बारा), माईस्थगान (पर्सा), बागेश्वरी मन्दिर (बाँके), त्रिवेणी धाम (नवलपरासी), तिलौराकोट (कपिलवस्तु) आदि सबैको संरक्षण र संवर्धन |
| सांस्कृतिक सम्पदाहरूलाई नेपाल सम्पदा र विश्व | सीताराम मन्दिर (दाङ्ग) विराट दरबार | मिथिलाक्षर देवनागरी लिपि, कैथी लिपि, |

| | | |
|---|---|---|
| सम्पदामा सूचीकृत | (मोरङ), धनुषाधाम (धनुषा) सबैलाई विश्व सम्पदा सूचीमा सूचीकृत | महाजनी लिपि आदिको संरक्षण |
| पोखरी, सरोवर आदिको पिँध सफाइ जलचरमैत्री, "जल संस्कृति" संरक्षण | काठमाडौँ थापाथलीमा रहेको लक्ष्मीनारायण मन्दिरर्ला राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत | जङ्गबहादुर राणा देहावसान भएको स्थानको रूपमा परिचित रजवा शिवालय र धर्मशाला (सिरहा, हरिपुर–४) को संरक्षण |
| विदेह र अवध सभ्यताको अनादिकालीन र आदिकालीन उपचारपद्धति (Eternal and Indigenous Treatment system) को वैज्ञानिक संरक्षण र विकाश | जनक दरबारका चार महादेव मन्दिरहरू उत्खनन गरी, पुनः निर्माण र संरक्षण | |

### ४.३.७ भावी कदमहरू

मधेशी आयोगले गरेका सिफारिशहरूको प्रतिफलका लागि सिफारिशका विवरण कार्यक्रमहरूमार्फत् जनतामा लग्नु उचित हुन्छ । यसका उपलब्धिहरू पनि बताउनुपर्ने हुन्छ । सिफारिश गरिएका विषयवस्तुहरू ठोस रूपमा र सीमित सङ्ख्यामा आउनुपर्दछ । कुनै निश्चित सिफारिशका सन्दर्भमा ठोस नीति र योजना तर्जुमा गरी सम्माननीय राष्ट्रपतिमार्फत् सम्बन्धित सङ्घीय सरकार, प्रदेश सरकार

वा स्थानीय सरकारलाई प्रस्तुत गर्नुपर्दछ। त्यसको कार्यान्वयन पक्षलाई अवलोकन तथा अनुगमन गर्नु आवश्यक हुन्छ।

प्रविधिका साधनहरूका लागि देवनागरी लिपिको विकाश हुनुपर्छ भनी गरिएको सिफारिशभन्दा जनसङ्ख्याको आधारमा आरक्षण सिटको व्यवस्था हुनुपर्छ भन्ने सिफारिश ठोस र उपलब्धिमूलक हुन सक्छ।

जनसङ्ख्याको आधारमा प्राविधिक शिक्षा र नियुक्तिको प्रक्रियालाई जोड दिनुभन्दा परम्परागत सीपहरूलाई आधुनिकीकरण गर्नुपर्ने विषयमा जोड दिँदा यसको कार्यान्वयन पक्षको बलियो सम्भावना हुन्छ।

धनुषाको कमला पुलको पुनः निर्माणमा जोड दिनु राम्रो कुरा हो तर यसका लागि सम्बन्धित मन्त्रालय तथा विभागसँग समन्वय गरी कार्यान्वयन पक्षमा जोड दिँदा यसको परिणाम राम्रो हुन्छ। हालसम्म यो पुलको निर्माण हुन सकेको छैन।

ठोस र जनतासँग प्रत्यक्ष सरोकारको विषय मलको समस्या हो। मल कारखानाको माग राख्दै सिफारिश गरेको व्यहोरा अति उत्तम छ। यो सिफारिशको जानकारी जनतामा, खासगरी किसानको माझ पुऱ्याउन सक्यो भने मधेशी आयोगको प्रतिष्ठा बढ्छ। साथै, यसको कार्यान्वयन पक्षलाई जोड दिँदै सम्बन्धित निकायलाई सम्बोधन गर्दै मल कारखाना स्थापना गराउन सकियो भने मधेशी आयोगको सक्रिय भूमिकाबारे राम्रो प्रचार हुन्छ।

मिटरब्याजी पीडितको समस्या र यसबाटै भूमिहीन बनाइएका किसानको समस्या समाधानमा सिफारिश गरेसँगै प्रत्यक्ष नेतृत्वदायी भूमिकासमेत देखाउँन सक्दा समस्याको समाधानमा पहल हुनेछ। यसबाट मधेशी आयोगको महत्त्व पनि बढ्ने छ।

चुरे संरक्षणको विषय बारम्बार उठेको छ । यसका लागि राष्ट्रपति चुरे तराई–मधेश संरक्षण समिति पनि छ । त्यो समितिसँग समन्वय गरेर नीति र कार्ययोजना तर्जुमा गरेर सहकार्य गरेको खण्डमा राम्रो परिणाम आउने निश्चित छ । हालसम्म भइरहेको चुरे क्षेत्रको विनाश रोकिने छ।

हुलाकी मार्गको निर्माण कार्य जटिल अवस्थामा छ । पूर्व–पश्चिम सबै क्षेत्रहरूलाई सडक मार्गमा जोड्ने, देश विकाशसँग जोड्ने र जनतालाई सामाजिक तथा सांस्कृतिक रूपमा जोडिने महत्त्वाकांक्षी उद्देश्य रहेको छ। तर लामो एउटा युग नै बिते जस्तै अवस्था छ र यसले सम्पूर्णता कहिले पाउने हो भन्ने कुरा अझै अस्पष्ट छ । सङ्घीय सरकार र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरी हुलाकी मार्ग निर्माणको कार्यान्वयन पक्षलाई जोड दिन सकिन्छ।

छिमेकी मुलुक भारतसँग पूर्व–पश्चिम तराई–मधेश सीमा जोडिएको छ। मधेशी आयोग तराई–मधेशकै लागि नेतृत्वदायी भूमिका खेल्ने एक महत्त्वपूर्ण संस्था हो । नेपाल सरकारको समन्वय र सहकार्यमा सीमा विवाद तथा बाँध निर्माण विवादको विषय समितिमा सहभागी भएर समस्या समाधानका लागि सहजकर्ताको भूमिका निर्वाह गर्न सक्छ । यस विषयमा हुने सक्रियताले देश विदेशमा समेत आयोगको पहिचान बढ्छ।

मधेशी पहिचानको प्रमाणीकरणको कुरालाई पनि सहजीकरण गर्ने कार्य केन्द्रबाट पनि गर्न सकिन्छ । मधेशी आयोगबाट अनुमोदन लिनुपर्ने व्यवस्था गरिएको अवस्थामा स्थानीय तहले इमेल वा अन्य प्रविधिको माध्यमले सम्पर्क गरी अनुमोदन लिएर थप आवश्यक प्रक्रियामा जान सकिन्छ। मधेशी आयोगको सक्रियता बढ्छ। यसका लागि नीति र योजना तर्जुमा गर्नुपर्दछ।

नेपाललाई विभिन्न सुविधाहरू प्राप्त हुने अपेक्षा राख्दै OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review/UPR) मा सहभागिताका लागि मधेशी आयोगबाट सिफारिश सहित उत्प्रेरित गरिएको छ ।

प्राकृतिक स्रोतसाधन र मानव स्रोतसाधनलाई गरिबी न्यूनीकरणका लागि प्रयोजनमा ल्याउनुपर्दछ ।

सिफारिशमा बाटाघाटा निर्माण, नहर निर्माण जस्ता विषयहरूलाई पनि जोड दिइएको छ । पूर्व–पश्चिम नहर निर्माण हुनु आवश्यक छ । हुलाकी सडकको पुनः निर्माण हुनुपर्दछ । सखरेश्वरी–ओखलढुङ्गा जोड्ने बाटोको निर्माण हुनुपर्दछ ।

मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य आदिमा खोज अनुसन्धान हुनु जरुरी छ । मधेशी प्रमाणीकरणको कार्य मधेशी आयोगबाट गर्नुपर्ने सुझाव प्रस्तुत भएको छ ।

मधेशमा उद्योग सञ्चालन र उत्पादनका लागि भण्डारणको व्यवस्था हुनु जरुरी छ । तराई–मधेशमा प्रभावकारी उत्कृष्ट औद्योगिक वातावरण सिर्जना गर्नुपर्दछ । उत्तर–दक्षिणको सडक पूर्वाधारहरूको निर्माण हुनुपर्दछ । तराई–मधेशमा आधुनिक तथा सामूहिक खेती गर्न प्रोत्साहन दिनु आवश्यक छ ।

मधेशी समाजका लोकनायकहरू (दिनाभद्री, बन्ठाचमार, आल्हा–उदल, सलेहस) को अध्ययन अनुसन्धान गरेर विद्यालयको पाठ्यक्रममा समेत समावेश गर्नुपर्दछ भनी भावी कदमका लागि सुझाव प्रस्तुत गरिएको छ ।

मिथिला, भोजपुरा, अवधि आदि क्षेत्रहरूमा सङ्ग्रहालय निर्माण गर्नु जरुरी छ । सांस्कृतिक प्रतिष्ठानको स्थापना गर्न पनि जरुरी छ । प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार हुनुपर्छ । प्रदेशस्तरमा

ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा  प्रतिष्ठानको स्थापना गर्नुपर्दछ ।

मैथली, भोजपुरी, अवधि, थारु आदि भाषा तथा लिपिको संरक्षण गरेर राष्ट्रिय स्तरको मान्यता दिनुपर्दछ । भाषाविज्ञ र संस्कृतिविज्ञबाट मधेशी संस्कृतिको संरक्षण र संवर्धन हुनु आवश्यक छ ।

नेपालको विभिन्न निकायहरूमा कार्यरत मधेशी समुदायको सूचीकरणमा सम्पर्क नम्बर पनि उल्लेख गरी प्रकाशित भएमा सबैका लागि सहज हुने भनी विज्ञहरूको सुझाव रहेको छ।

तराई–मधेशमा रहेको भोज–भतेरको विकृतिलाई सामाजिक समस्याको रूपमा सम्बोधन गर्ने र यसको समाधान तर्फ मधेशी आयोग क्रियाशिल हुनुपर्ने कुरा स्मरणीय छ । गाउँघरमा हुने गरेको Orchestra तथा नृत्यले निम्त्याएको विकृतिहरूलाई पनि सम्बोधन गर्नुपर्दछ। आयोगको कार्यक्षेत्र तथा शाखाहरू प्रदेशहरूमा विस्तारित गर्नु आवश्यक छ।

मधेशी आयोग र यसका क्रियाकलापहरूबारे सामाजिक सञ्चारहरूमा समेत प्रचार प्रसार हुनुपर्दछ । मन्त्रिपरिषद्, विभिन्न ओहदाहरूमा नियुक्ति, राजदूत नियुक्ति जस्ता कार्यहरूमा आयोगले प्रत्यक्ष रूपमा चासो लिएर त्यसबारेमा छलफल तथा सूचनाहरू प्रकाशित गर्नुपर्दछ।

सिफारिश तथा विभिन्न योजना/परियोजनाहरूको सिफारिश तथा कार्यान्वयनबारे छलफल गर्नुपर्दछ। यसका उपलब्धिबारे छलफल गर्नुपर्दछ। मधेश प्रदेशकै सरकार पनि समावेशी हुनु जरुरी छ। यसका लागि सिफारिश गर्नुपर्दछ।

धनुषाको कमला माई क्षेत्रमा चौध–पन्ध्र सय विगाह सार्वजनिक जग्गा बाँझो रहेको छ। त्यसमा रूखबिरुवा रोपेर तथा पार्कका अन्य

सुविधाहरू पुऱ्याउने गरी सदुपयोगमा ल्याउन नीति र कार्यक्रम तर्जुमा गरी सिफारिश गर्नुपर्दछ।

| | | |
|---|---|---|
| मधेशी समुदायसम्बन्धी कार्य/कानूनमा आयोगको सल्लाह/समन्वय | जीवनमैत्री शिक्षा वैदिक समाज शिक्षा रोजगारमूलक शिक्षा विद्यालयहरूमा | मध्यस्थता न्यायालयको अवधारणा |
| शिक्षामा विषयगत एकद्वार प्रणाली | OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review/UPR) सहभागिता | पूर्व–पश्चिम नहर निर्माण |
| हुलाकी सडक पूनर्निर्माण | सखरेश्वरी–ओखलढुङ्गा बाटो निर्माण | धर्म संस्कृतिकमा अनुसन्धान |
| मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य आदिमा खोज अनुसन्धान | मधेशी प्रमाणीकरण मधेशी आयोगबाट | मधेशमा उद्योग र भण्डारण |
| तराई मधेशमा औद्योगिक वातावरण | उत्तर–दक्षिणको सडक पूर्वाधारहरू | आधुनिक तथा सामूहिक खेतीमा प्रोत्साहन |

| | | |
|---|---|---|
| चुरे क्षेत्रमा वाटर रिचार्ज | समाजका लोकनायकहरू (दिनाभद्री, बन्ठाचमार, आल्हा–उदल, सलेहस) को अध्ययन अनुसन्धान/पाठ्यक्रम | मिथिला, भोजपुर अवधि आदि क्षेत्रहरूमा संग्रहालय निर्माण |
| सांस्कृतिक प्रतिष्ठानको स्थापना | प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार | प्रदेशस्तरमा ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान |
| मैथिली, भोजपुरी, अवधि, थारु आदि भाषा तथा लिपिको संरक्षण, राष्ट्रिय स्तरको मान्यता | भाषा विज्ञ र संस्कृति विज्ञबाट मधेशी संस्कृति संरक्षण र संवर्धन | |

❑❑❑

# परिच्छेद–५

## खोज तथा निष्कर्ष (Findings and Conclusions)

### ५.१ खोज (Findings)

मधेशी आयोगले वि.सं. २०७६–२०८१ अवधिमा प्रस्तुत गरेका प्रतिवेदनहरूमा देहायबमोजिमका विधाहरूमा सिफारिशहरू भएका छन् ।

- **सामाजिक**

| | | |
|---|---|---|
| जेष्ठ नागरिक सम्मान | गरिब, दलित, सशक्तीकरण | फरक क्षमता भएकाको संरक्षण |
| विपन्न वर्गलाई विशेष सामाजिक भत्ता | विद्वत्वृत्तिको व्यवस्था | शैक्षिक, सामाजिक, सांस्कृतिक आर्थिक, कानूनी वातावरणको विकास |
| बालसुधार गृह सुधार र व्यवस्थापन | खुल्ला दिशामुक्त क्षेत्रको अनुगमन | प्रभावकारी जनता आवास योजना |
| व्यवस्थित बालसुधार गृह | वैदेशिक रोजगारीबाट सामाजिक विकृति | व्यवस्थित बसोबास |
| विपन्न समुदायलाई जग्गा वितरण | मधेशी १४९ जात + मुस्लिम + थारू | विवाह अगाडि नै वडाबाट विवाहको सिफारिस |

| | | |
|---|---|---|
| लैङ्गिक अल्पसंख्यकलाई सामाजिक सेवा सुविधा | विपन्न र दलितलाई पहिचानपत्र / सामाजिक सेवा सुविधा | मधेशी दलितको आरक्षणको आधिकारमा सुनिश्चितता |
| गरिबी र विभेदपूर्ण अवस्थाहरू हटाइ रोजगार, मानवीय विकास सूचकाङ्क सुधार | विपन्न समुहलाई पहिचान पत्र | विवाहपूर्व वडाबाट विवाहको सिफारिस |
| सुकुम्बासी समस्या समाधान | रैथाने मधेशीको संरक्षण | स्थानीय सरकारबाट प्राकृतिक विपद्को पूर्व तयारी |
| देश दर्शन | शुद्ध खानेपानीको व्यवस्थापन | महिला र पुरुषको समान ज्याला |
| एकल नागरिक, ज्येष्ठ नागरिक, विधवा, विधुरको सामाजिक सुरक्षा भत्ता र संरक्षण | जेष्ठ नागरिक सम्मान, महिला, बालबालिका, युवाहरूको नैतिक विकास अभिमुखीकरण | वैदिक जनचेतनामूलक कार्यक्रम |
| दैवी प्रकोपसम्बन्धी जनचेतना | अति विपन्न, विपन्न र मध्यम वर्गको पहिचान पत्र व्यवस्था | पुनर्स्थापना केन्द्रहरू |

| | | |
|---|---|---|
| अनाथ बालबालिका संरक्षण केन्द्र | महिला नेतृत्व माथि विश्वास वृद्धि | बालश्रम र सरसफाइबारे जनचेतना |
| सामाजिक सुधारबारे सडक नाटक | | |

- **सांस्कृतिक**

| | | |
|---|---|---|
| महिला शिक्षा र स्वास्थ्य | नाबालिक बिबाह नियन्त्रण | कुरीति कुसंस्कार अन्त्य |
| थर सूचीकरण | महिलालाई राजनैतिक, आर्थिक, शैक्षिक सशक्तीकरण | कुरीति, कुसंस्कारबाट मधेशी युवालाई मुक्ति |
| जातीय छुवाछुत निर्मुलीकरण, विशेष सुविधाहरू, सशक्तीकरण | मधेशी महिला सशक्तीकरण सीपमूलक शिक्षा/ आर्थिक विकास | मधेशमा मातृभाषा दशक |
| महिलाका मासिक उच्च रक्तश्राव अवधिमा कम्तीमा ३ दिन बिदा | सलहेश सर्किट मूर्तरूप | धर्म संस्कृतिमा अनुसन्धान |
| मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य आदिमा खोज अनुसन्धान | प्रदेश सरकारबाट तराई–मधेशमा महत्त्वपूर्ण चाडपर्वमा सार्वजानिक बिदा | नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी छायाङ्कन |

| | | |
|---|---|---|
| कलाको प्रभावकारी संरक्षण | गाईको संरक्षण | मारवाडीहरूलाई सांस्कृतिक पहिचान |
| मुलुक दर्शनको व्यवस्था | जनअपेक्षाअनुसार पहिचान, प्रतिनिधित्व र पँहुचको अवस्था लक्षित वर्गसम्म | मातृभाषा संरक्षण, संवर्धन र सशक्तीकरण |
| मातृभाषा दिवस | हस्तकलाको विकास, संरक्षण र प्रवर्द्धन, आय आर्जन कार्यक्रम | सांस्कृतिक प्रतिष्ठानको स्थापना |
| प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार | प्रदेश स्तरमा ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान | ऐतिहासिक हस्तकलाहरूलाई अध्ययन अध्यापन, पाठ्यक्रममा समावेश |
| मैथिली, भोजपुरी, अवधी, थारू आदि भाषा तथा लिपिको संरक्षण, राष्ट्रिय स्तरको मान्यता | भाषाविज्ञ र संस्कृतिविज्ञबाट मधेशी संस्कृतिको संरक्षण र संवर्धन | हस्तकारिगरहरूलाई 'कलाकारिता सुरक्षा भत्ता' |

- **आर्थिक**

| | | |
|---|---|---|
| स्थानीय उत्पादन (PAD) प्रोत्साहन | MEDPA | फोहोरबाट मोहर |
| स्वरोजगार जनशक्ति उत्पादन | उत्पादनमुखी र निर्यातमुखी अर्थ व्यवस्था | वैदेशिक रोजगार संरक्षण |
| दैवीप्रकोप व्यवस्थापन | दैवीप्रकोप | योजनाबद्ध विकास |
| सार्वजनिक लेखा परीक्षण | स्वरोजगार | खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन |
| श्रम शिक्षा, सीप, तालिम स्वास्थ्य बीमा | युवा, महिला, जेष्ठ नागरिक विषयगत तथा सीपमूलक प्रशिक्षण, स्वावलम्बी | परम्परागत सीप आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण |
| प्राकृतिक स्रोतसाधन, मानव स्रोतसाधन, गरीबी न्यूनीकरणको लागि प्रयोजन | हुलाकी सडक पुनर्निर्माण | पूर्व–पश्चिम नहर निर्माण |
| राजविराज एयरपोर्ट नियमित | सखरेश्वरी–ओखलढुङ्गा बाटो निर्माण | स्वदेशमा रोजगारीको व्यवस्था |

| | | |
|---|---|---|
| योजनाबद्ध विकासको प्रभावकारी कार्यान्वयन | Culture, Agriculture, Infrastructure, Manufacture | वनस्पतिहरूको अभिलेख र Patent Right |
| आयातलाई निरुत्साहन र नेपाली वस्तुलाई सहज बजार | हुलाकी राजमार्ग र अन्य बाटाघाटालाई सदृढीकरण | उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालन |
| परम्परागत पेशालाई आधुनिकीकरण | उत्पादन बजारीकरण आयआर्जन गरिबी न्यूनिकरण | मधेशमा उद्योग र भण्डारण |
| तराई मधेशमा औद्योगिक वातावरण | व्यावसायिक सुरक्षा व्यापारिक वातावरण बजार अनुगमन र मूल्याङ्कन | तराई मधेशको उत्पादन निर्यात प्रवर्धन |
| सिरहा र धनुषाको सीमाको कमला पुलको पुनः निर्माण | उत्तर–दक्षिणको सडक पूर्वाधारहरू | उत्पादनको लागि आधारभूत तालिम |
| स्थानीय बजारमै खपत र व्यवस्थापन हुने सीपमूलक तालिम | | |

- **राजनैतिक**

| | | |
|---|---|---|
| समानुपातिक-समावेशिता | शहीदका र घाइतेका सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी | EVM को व्यवस्थापन |
| 'मधेशी' परिभाषा | संवैधानिक आयोगहरूमा महिलाको पँहुच | महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व |
| मधेशभित्र मधेशीको पहुँच | राजनीति र अपराध | कोशी सम्झौता |
| संविधानको धारा २७ बमोजिम गठित आयोगहरूलाई समान अधिकार | जनगुनासो स्थानीय राष्ट्रिय भाषाहरूमा | 'मधेश' परिभाषित स्थाननाम-कोष २०४४ पृष्ठ ११६ |
| नीति कार्यक्रम तर्जुमा आयोगसँग समन्वय | मधेशी आयोग सम्पर्क प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आयोगको प्रतिवेदन उपर राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल |
| Conflict होइन Connectivity | (२०८०) निर्वाचन आचारसंहिता, सरकारी कर्मचारीलाई प्रभाव र दबाब, दल, सरोकारवाला र सुरक्षा निकायबीच समन्वय अभाव, निर्वाचन | अनावश्यक राजकीय संरचनाहरू खारेजी |

| | | |
|---|---|---|
| — | शिक्षामा धेरै सहभागिता नभएको, मतगणना कार्य ढिलो भएको | — |
| नेतृत्त्वमा विचलन, नीति र नियतमा एकरूपता | | |

- **शैक्षिक**

| | | |
|---|---|---|
| प्राविधिक शिक्षा | मातृभाषामा शिक्षा | पाठ्यक्रममा मधेशी विषयवस्तु |
| घुम्ती विद्यालय | गुणस्तरीय शिक्षा | प्राविधिक शिक्षा |
| वैकल्पिक शिक्षा | प्रौढ शिक्षा | अनिवार्य नैतिक शिक्षा |
| साक्षरता अभियान | तराई मधेशको भाषामा विद्यावारिधि | संस्कृत शिक्षा, नैतिक शिक्षा, योग शिक्षा |
| Learning with Earning | विद्यालय सम्मको पहुँचको सचेतना | अत्तरिक्त (विहान बेलुका) कक्षाको व्यवस्थापन |
| शिक्षक जिम्मेवारी | डिजिटल शिक्षा पहुँचयोग्य | जीवनमैत्री शिक्षा वैदिक समाज शिक्षा रोजगारमुलक शिक्षा विद्यालयहरूमा |

| | | |
|---|---|---|
| शिक्षामा विषयगत एकद्वार प्रणाली | नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा | Language Technology देवनागरी लिपिमा |
| नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा | मातृभाषामा लोकसेवा पाठ्यक्रम र परीक्षा | |

- **बैङ्किङ**

| | | |
|---|---|---|
| मिटरब्याजी पीडित समस्या समाधान | बैङ्कहरूको सामाजिक उत्तरदायित्त्व | सहकारीहरूको नियमन |
| बैङ्किङ लगानी ५०% विपन्न वर्गलाई | सामाजिक संस्कार र अन्त्येष्टिको लागि सहुलियत ऋण | प्रयोगात्मक लगानी |
| बैङ्क, वित्तीय संस्थाको लगानी पिछडा समुदायमा | विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान र सहुलियतपूर्ण पुँजीको व्यवस्था | |

- **कृषि**

| | | |
|---|---|---|
| कृषि बीमा | उखु किसानको वक्यौता | कृषिका लागि नक्षत्रको सूचना |
| कृषिमा व्यवसायीकरण | मधेशमा उन्नत कृषि कार्यक्रम | उत्पादित वस्तु र सेवाको लागि बजार व्यवस्थापन |
| कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण | कृषि बजार मण्डीहाउसको व्यवस्था | कृषि उत्पादनको न्यूनतम् मूल्य तोकिनुपर्ने |
| बिउ, मलको पर्याप्त व्यवस्था | उखु किसानको बक्यौता भुक्तानी, तत्काल नगद भुक्तानी | मधेश प्रदेशमा सुख्खा क्षेत्र घोषणा र राहत |
| नहरको उचित व्यवस्थापन र बाह्रै महिना सिंचाइको व्यवस्था | मलको लागि मल कारखाना | उत्पादन र बजार व्यवस्थापन |
| आधुनिक तथा सामुहिक खेतीमा प्रोत्साहन | उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन | किसान आन्दोलन वार्ता र छलफल |

- **न्यायिक/कानूनी**

| | | |
|---|---|---|
| मानव तस्करी ओसारपसार नियन्त्रण | कारागार सुधार र व्यवस्थापन | बालसुधार गृह सुधार र व्यवस्थापन |

| | | |
|---|---|---|
| अन्धविश्वास कुरीति न्यूनीकरण र नीति नियम र प्रभावकारी न्यायिक कार्यान्वयन | झुट्टा मुद्दा | कुलत, दुर्व्यसनको कानूनी रोकथाम |
| मधेशी समुदायसम्बन्धी कार्य/कानूनमा आयोगको सल्लाह/समन्वय | आयोगलाई 'छानविन तथा तहकिकातमा' समेतको अधिकार | आरक्षण नीति पुनरावलोकन |
| मिटरब्याजी पीडितहरूका मागहरू सम्बोधन | उजुरी सङ्ख्या<br>१८३ (०७६/ ७७)<br>१९० (०७७/ ७८)<br>११६ (०७८/ ७९)<br>१३३ (०७९/ ८०)<br>५८ (०८०/ ८१) | |

- **भौगोलिक**

| | | |
|---|---|---|
| चुरे, महाभारत पर्वत संरक्षण | चुरे संरक्षण | सीमावर्ती बाँधहरूबाट उत्पन्न समस्याहरू |
| सीमावर्ती बाँधको समस्या | प्राकृतिक सम्पदाहरूको संरक्षण र पयर्टन अभिवृद्धि | पर्यावरण संरक्षण |
| सीमाको बाँधले जमीन डुबानको समस्या; गैरकानूनी रूपमा बनाइएको | कोशीको पानी सप्तरीको सिंचाईको लागि; कोशी सम्झौता कार्यान्वयन | सीमा सुरक्षामा कडाइ |

| | | |
|---|---|---|
| बाँध कुटनीतिक वार्ताबाट भत्काउने | र पालना | — |
| नदीहरूबाट सिंचाइ, अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन र पालना | खुल्ला सीमा रहेकोले सीमा क्षेत्रमा सामाजिक, सांस्कृतिक र आर्थिक कार्यहरूलाई सङ्घीय सरकारबाट व्यवस्थापन | सीमा क्षेत्रमा आतङ्ककारी, अपराधी, तस्करी र सीमा अतिक्रमण रोक्ने व्यवस्था |
| पोखरी तालको संरक्षण | प्रदेश २ मा वन ४०% हुनुपर्ने | चुरे क्षेत्रमा वाटर रिचार्ज |
| वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण र त्यसबाट बहुआयामिक आयआर्जन | बगरमा वृक्षारोपन | डोजरे विकासमा प्रतिबन्ध, प्रकृति संरक्षण, पर्यावरणीय न्याय, जनचेतना |

- **प्रशासनिक**

| | | |
|---|---|---|
| स्थानीय भाषामा गुनासाहरू | सीमावर्ती क्षेत्रमा डुबान, अपराध, तस्करी नियन्त्रण | मूल्य निर्धारण निकायको सक्रियता |
| सुकुम्बासी समस्या | सीमा क्षेत्रमा परिचयपत्र | जनता प्रति उत्तरदायी सरकारी निकायहरू |
| सीमा सुरक्षा | विशिष्ट श्रेणीको सचिवको दरबन्दी | प्रदेश तहमा मधेशी आयोगको कार्यालय |

| | | |
|---|---|---|
| आयोगमा कर्मचारीहरूको दरबन्दी (ऐन संशोधन पूर्व) | OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षामा (Universal Periodic Review/ UPR) सहभागिता | सरकारी सेवामा मधेशी समुदायको पहुँच |
| मधेशी समुदायको आरक्षणमा प्रवेश ४० वर्ष र निवृत्तिभरण ६० वर्ष | संवैधानिक आयोगहरूबाट संयुक्त अध्ययन गराइएको नेपालमा समावेशीकरणको अवस्था | आरक्षण जनजाति ६०% र वर्ग ४०% |
| नियुक्ति प्रक्रियामा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व | लोकसेवा आयोगको परीक्षा प्रणाली विविधतामैत्री | मधेशी आयोगबाट सञ्चालित अधिकृतस्तर तयारी कक्षा |
| सीमा व्यवस्थापन/परिचय पत्र | जनशक्ति माग र आपूर्तिमा तालमेल | पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन |
| मधेशी प्रमाणीकरण मधेशी आयोगबाट | मधेशी समुदायलाई शिक्षा र समानुपातिक समावेशीबाट मूलधारमा समाहित | जनसङ्ख्याको आधारमा आरक्षण |
| जनसङ्ख्याको आधारमा प्राविधिक शिक्षा र सेवामा पहुँच | स्थानीय प्रादेशिक र सङ्घीय तहमा समन्वय र सहकार्य | निजामती सेवामा ६०% प्राविधिक |

| | | |
|---|---|---|
| तटबन्ध नियन्त्रण | विद्युत प्राधिकरणको विपद जिम्मेवारी र जनतालाई जनचेतना | मधेशी दिवसको तिथि उद्घोष |

- **सवैधानिक**

| | | |
|---|---|---|
| 'राष्ट्रिय' मधेशी आयोग | आयोगलाई आर्थिक रूपमा स्वायत्त | अनावश्यक राजकीय संरचना खारेज |
| संविधानको भाग २७ को 'अन्य आयोगहरू' 'अन्य' दुविधा | सिफारिस गर्ने वा निर्देशन गर्ने ? | स्वायत्त आयोग |
| दोहोरो राजकीय संरचना खारेजी | सामाजिक न्याय (धारा ४२) समानता, समता (equity) न्याय पँहुच | मध्यस्थता न्यायालयको अवधारणा |
| One Nation: One Constitution | | |

- **ऐतिहासिक तथा पुरातात्त्विक**

| | | |
|---|---|---|
| समाजका लोकनायकहरू (दिनाभद्री, बन्ठाचमार, आल्हा–उदल, सलेहस, आदि) को अध्ययन अनुसन्धान/पाठ्यक्रम | विश्व बौद्धिक सम्पत्तिको सूचीकरण | ऐतिहासिक र पुरातात्त्विक सम्पत्तिको संरक्षण |
| तराई–मधेशमा सांस्कृतिक संग्रहालय निर्माण | अन्तरधार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप | पुरातात्विक सम्पदाहरूको खोजी र संरक्षण |

| | | |
|---|---|---|
| मिथिला, भोजपुरा अवधी आदि क्षेत्रहरूमा संग्रहालय निर्माण | मैथिली, भोजपुरी, अवधी, थारू आदि भाषा तथा लिपिको संरक्षण, राष्ट्रिय स्तरको मान्यता | मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको व्यवस्थापन |
| प्रदेश सरकारबाट तराई–मधेशमा महत्त्वपूर्ण चाडपर्वमा सार्वजानिक विदा | नेपाल–अङ्ग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित 'मधुवन गोठ' का अध्ययन, अनुसन्धान, विकास | राजा विराटको गृहनगरलाई पर्यटकीय स्थलको रूपमा विकास |
| जानकी मन्दिर (जनकपुर) लक्ष्मीनारायण मन्दिर (सप्तरी), लक्ष्मीनारायण मठ तथा मन्दिर (महोत्तरी) सबैलाई सूचीकृत | तौलेश्वर मन्दिर (कपिलवस्तु) लाई पर्यटकीय स्थलको रूपमा विकास | श्री – राजकीय संस्कृत पाठशाला (महोत्तरी) ३०४ वर्ष पुरानो, सूचीकृत हुनुपर्ने |
| धार्मिक गतिविधिका लागि भित्रिने रकमबारे गृहमन्त्रालयको निगरानी | धर्मावलम्बीहरूको शिक्षण संस्थाहरू अनिवार्य सूचीकृत | लोकतन्त्र र सनातन हिन्दू संस्कृतिको संरक्षण |
| श्री छिन्नमसता भगवती सखडेखरी (सप्तरी) लाई निजी | छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा. वि. (सप्तरी) लाई | राजगढ गा.पा. वडा नं. २ (सप्तरी) को १०० |

| | | |
|---|---|---|
| गुठीबाट सार्वजनिक गुठीमा परिणत गर्नुपर्ने | संस्कृत शिक्षाको लागि व्यवस्थित गर्नुपर्ने | वर्ष पुरानो नवदुर्गा भगवती मन्दिरको संरक्षण र संवर्धन |
| शिव मन्दिर (हरिनगर गा.पा.) (सुनसरी) कङ्कालनी भगवती मन्दिर (सप्तरी) लोकनायक दिनाभद्री (सप्तरी) राजदेवी पञ्चावली मन्दिर (सिरहा), सहलेश फूलबारी मन्दिर (सिरहा), पताइर पोखरी, मानिक दह, कमल दह, (सिरहा) गढीमाई (बारा) माईस्थान (पर्सा), बागेश्वरी मन्दिर (बाँके) त्रिवेणी धाम (नवलपरासी), तिलौराकोट (कपिलवस्तु) आदि सबैको संरक्षण र संवर्धन | सांस्कृतिक सम्पदाहरूलाई नेपाल सम्पदा र विश्व सम्पदामा सूचीकृत | सिताराम मन्दिर (दाङ्ग), विराट दरबार (मोरङ), धनुषाधाम (धनुषा) सबै विश्व सम्पदा सूचीमा सूचीकृत |

| | | |
|---|---|---|
| काठमाडौं, थापाथलीमा रहेको लक्ष्मीनारायण मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत | जङ्गबहादुर राणा देहावसान भएको स्थानको रूपमा परिचित रजवा शिवालय धर्मशाला (सिरहा, हरिपुर – ४) को संरक्षण | विदेह र अवध सभ्यताको अनादिकालीन र आदिकालीन उपचार (पद्धति (Eternal and Indigenous Treatment System) को वैज्ञानिक संरक्षण र विकास |
| जनक दरबारका चार महादेव मन्दिरहरू उत्खनन् गरी, पुनर्निर्माण र संरक्षण | | |

- **स्वास्थ्य**

| | | |
|---|---|---|
| स्वास्थ्य खानेपानी | स्थानीय भाषामा स्वास्थ्य सेवा | बालमृत्यदर, मातृमृत्युदर न्यूनीकरण |
| कुपोषण निराकरण | प्रसूती केन्द्रहरू | दक्षिणी भू–भागमा कुपोषणबाट पीडितलाई स्वस्थ आहारा र स्वास्थ्य उपचार |

| | | |
|---|---|---|
| गर्भपतनसम्बन्धी समस्या | आयुर्वेद स्वास्थ्य सेवा | घरेलु उपचार पद्दति वा स्वदेशी उपचार पद्दति (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत |
| कोभिड–१९ सचेतना कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय तहमा कोभिड परीक्षण आइसोलेसन, भेन्टिलेटरको व्यवस्था | | |

- **धार्मिक**

| | | |
|---|---|---|
| जातीय र धार्मिक गतिविधिको लागि भित्रिने रकम गृह र अर्थमन्त्रालयको एकद्वार प्रणालीबाट | २०६३/६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धान, दीर्घकालीन निरुपण र सामाजिक सांस्कृतिक समन्वय | श्रमदान र अन्नदानको भावना |

## ५.२ निष्कर्ष (Conclusions)

नेपालको संविधान, २०७२ को भाग २७ को धारा २६२ बमोजिम गठित मधेशी आयोगका कार्यहरू सबै मधेशी आयोग ऐन, २०७४ बमोजिम निर्देशित तथा व्यवस्थित छन् । यो ऐनको परिच्छेद–३ दफा ७ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ । दफा ७ मा दिएबमोजिम यो आयोगले (१) नेपाल सरकारसमक्ष सिफारिश गर्ने, सुझाव दिने, (२) समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र (३) आयोगको आचारसंहिता बनाइ लागु गर्ने र वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्नेछ । जनचेतनामूलक कार्यक्रम गर्ने; मधेशी समुदायसम्बन्धी अध्ययन गर्ने, हकहित संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने, (कार्यान्वयन नेपाल सरकारले गर्ने); संरक्षण र संवर्धन तथा सशक्तीकरणको प्रभावकारिता अध्ययन र अनुसन्धान गर्ने, कानूनी, नीतिगत तथा संस्थागत गर्नुपर्ने सुधारका लागि सिफारिश गर्ने, नीति तथा कायर्क्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने, आर्थिक वा सामाजिक रूपमा रहेका पिछडावर्गको विकाश र सशक्तीकरणका लागि कार्यक्रम गर्ने भनी उल्लेख गरिएको छ ।

विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यसका संरक्षण र विकाशका लागि कार्यक्रम तर्जुमा गर्ने, विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गर्ने, अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गर्ने, अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गर्ने, थर सूचीकृत गर्ने, नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, आयोगका लागि आचारसंहिता

बनाउने, र आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने भनी उल्लेख गरिएको छ ।

दफा ७ बमोजिम नेपाल सरकारसमक्ष मधेशी समुदायका सम्बन्धमा सल्लाह, सुझावसहित सिफारिश गरिएको छ । कार्यक्रम तथा सिफारिशका कार्यन्वयन पक्षको समीक्षा अनुगमन तथा मूल्याङ्कन कार्य पनि गरिएको छ । आयोगको अचार–संहिता बनाइएको छ । वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया भएको छ ।

सिफारिशका विषयमा प्रस्तुत अध्ययन प्रतिवेदनमा विभिन्न विधाहरूमा सिफारिश भएको स्पष्ट देखिन्छ । सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, बैङ्किङ, कृषि, न्यायिक/कानूनी, भौगोलिक, प्रशासनिक, संवैधानिक, ऐतिहासिक, पुरातात्विक, स्वास्थ्य र धार्मिक गरी केही विधाहरूमा वर्गीकरण्ण गरी यी सिफारिशहरूलाई राखिएको छ । हरेक वर्ष प्रस्तुत गरिएका प्रतिवेदनमा धेरै सङ्ख्यामा सिफारिशहरू भएका छन् । वि.सं. २०७६ मा २८ वटा सिफारिशहरू छन् । वि.सं. २०८१ मा ४४ वटा सिफारिशहरू छन् । यी सबैका कार्यान्वयन पक्ष फितलो हुनु स्वाभाविकै देखिन्छ । यी सिफारिशहरूबाट वा स्वतः संज्ञानबाट नेपाल सरकारले कार्यहरू गरेका छन् भन्ने कुरा अस्पष्ट छ । उदाहरणका लागि, आयुर्वेद क्याम्पस तथा अध्ययन संस्थान स्थापना भई यसले आयुर्वेदसम्बन्धी अनुसन्धान, अध्ययन, अध्यापन गर्दै आएको छ । सिंहदरबार वैद्यखाना लामो समयदेखि आफ्नो तोकिएको कार्य गर्दै आएको छ । गोरखा आयुर्वेद कम्पनीले पनि कार्य गरिरहेको छ । यी सबै मधेशी आयोगको सिफारिशको परिणाम हो भन्ने लाग्दैन ।

सीमा क्षेत्रसम्बन्धी विवाद सदैव रहेको छ । नेपालको नयाँ नक्सा पारित भएको केही वर्ष बितिसक्यो तर चुच्चे भाग भारतसँग वार्ता गरी अझै प्राप्त गरेको छैन । सीमा क्षेत्रका एकतर्फी

तटबन्धहरूले नेपालको दक्षिण भू–भागहरू जलमग्न गर्छन् । खेतबारी बगाएर लान्छन् । दुवै देशका प्रतिनिधिहरू यस विषयमा छलफल गर्न बस्छन् तर निकास आउँदैन । दुवैतर्फ सेना प्रहरी तैनाथ छन् तर पनि तस्करी भइरहेको छ ।

विद्यालयमा प्राथमिक शिक्षा मातृभाषामा दिइने व्यवस्था गरिएको छ । पाठ्यक्रमहरू पनि परिवर्तन भइरहन्छन् । समूहगत र विषयगत पाठ्यक्रम निर्माण गरिन्छन् । के शिक्षाविद्हरूले मधेशी आयोगको सिफारिशलाई मध्यनजर गरी यी सबै कार्यहरू गरेका हुन् ? यो औपचारिकतामा सीमित नरहेको हो भने शिक्षा वा पाठ्यक्रमसम्बन्धी छलफलमा शिक्षा मन्त्रालय वा सम्बन्धित सरोकारवाला निकायले मधेशी आयोगलाई वा यसका प्रतिनिधि विज्ञलाई निम्त्याएर सहभागी गराएको छ त ?

उद्योग सञ्चालन र बजार व्यवस्थापनका विषयमा समेत सिफारिशको कार्यान्वयन पक्षको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्न असहज नै अनुभूति हुन्छ । सन् १९३६ मा स्थापित विराटनगर जुट मिल बारम्बार बन्द हुने र सञ्चालनमा आउने कथा नै भइसकेको छ । सन् २०२४ को जुनमा समेत नेपाल सरकारले यसलाई सञ्चालनमा ल्याएको समाचार छापिएको थियो । यसका लागि पनि उद्योग मन्त्रालयले यससम्बन्धी सिफारिश हेरेको वा पढेको थियो र ? यससम्बन्धी छलफलमा सहभागी गराएको हो र ?

सिफारिश गरेसँगै सम्बन्धित सरोकारवाला मन्त्रालय वा विभागले मधेशी आयोगलाई छलफलमा बोलाएर सरसल्लाह लिने हो भने सिफारिशको सन्दर्भ र महत्त्वसँगै यसको कार्यान्वयन पक्ष बलियो भएको ठहरिने छ ।

मधेशी आयोग यसको ऐन २०७४ को दफा ७ मा रहेको सिफारिश गर्ने कार्यसम्म सीमित रहेको देखिन्छ । तर आयोगको

सिफारिशको औचित्य पुष्टि गर्नका लागि मधेशी समुदायको हकहित संरक्षण र सम्बर्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्य महत्त्वपूर्ण रहेको बुझिन्छ । मधेशी आयोगलाई राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने अधिकार रहेको छ । उदाहरणका लागि तराई–मधेशको कुनै गाउँ वा ठाउँमा विपन्न वर्गका बालबालिकाका लागि विद्यालय खोल्न भनी नीति तथा कार्यक्रम तर्जुमा गर्न सकिन्छ । यसलाई एउटा परियोजनाको रूपमा अगाडि बढाउन सकिन्छ । नेपाल सरकारलाई सिफारिश गरेसँगै सम्बन्धित सरोकारवाला मन्त्रालय तथा विभागसँग सम्पर्क गरी त्यो परियोजना पूरा गर्न पहल गर्न सकिन्छ । यसको कार्यान्वयन नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा विभागले गर्नेछ तर सिफारिश तथा पहल गर्ने कार्य मधेशी आयोगले गर्न सक्छ । मधेशी समुदायका लागि राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्ने मधेशी आयोगको महत्त्वपूर्ण अधिकार हो । यस्तो कार्य राष्ट्रिय स्तरमा नेपाल सरकारले गर्दछ ।

अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भएनभएको अनुगमन गर्ने अधिकार मधेशी आयोगलाई छ । अनुगमनको सिफारिशसँग सोही विषयसँग मात्र सीमित भएर प्रतिवेदन तयार गरी नेपाल सरकारलाई प्रस्तुत गर्ने हो भने यसको भिन्नै महत्त्व हुन्छ । मधेशी समुदाय वा व्यक्तिको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलनसँगै छानबिन तथा तहकिकात पनि गर्न सक्ने अधिकारको माग मधेशी आयोगले सिफारिशमा गरेको छ । यो मधेशीको हकहितका लागि सर्वदा उचित माग हो । मधेशी आयोग सिफारिश गर्ने कामसम्म सीमित हुँदा निष्क्रियता मात्र रहन्छ । आयोगको सक्रिय भूमिका जरुरी हुन्छ ।

मधेशी आयोगले धेरै जसो चुनौतीपूर्ण सिफारिश गरेको छ । विपन्न वर्गमा बैङ्कको लगानी हुनुपर्ने सिफारिश विरोधाभाषपूर्ण छ । लगानी उठाउन नसक्ने क्षेत्रमा बैङ्कले लगानी नै गर्दैन । यसका

लागि, बेरोजगार र विद्यार्थीहरूलाई सहुलियत दरमा दिइने ऋणको नेपाल सरकारले गरेको राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा जस्तै गरी मधेशी आयोगले विपन्न वर्गमा बैङ्कको लगानीसम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी सिफारिशसँगै प्रस्तुत गर्नुपर्दछ । भाषा, लिपि, संस्कृति, साहित्य, कला आदि विषयहरूमा पनि यस्तै गरी दोहोरो कार्य तयार गरी प्रस्तुत गर्नुपर्दछ । संवैधानिक रूपमा बलियो संस्था मधेशी आयोगले आफ्नो सक्रियता र बलियो पक्ष अगाडि सार्नुपर्दछ ।

सिफारिशका केही बुँदाहरू दोहोरिएका छन् । त्यसो हुनुपर्ने कारण नेपाल सरकारे त्यस सम्बन्धमा कुनै सम्बोधन वा कार्य नगर्नु नै हो । नेपाल सरकारकोध्यान आकर्षणका लागि समेत यसो गर्नु आवश्यक परेको हो।

मधेशी आयोगले २०७५–८१ को ६ वर्षको अवधिमा २३७ निर्णयहरू गरेको छ र लगभग ९७% निर्णयहरू उपर काम भएकाले यो राम्रो उपलब्धि नै हो। ६ वर्षको अवधिमा लेखा परीक्षण हुँदा हरेक वर्ष बेरुजु ० (शुन्य) रहेको व्यहोरा यस आयोगबाट विवरणमा रहेको कुरा सहर्ष जानकारीमा आएको छ। यो एक महत्त्वपूर्ण उपलब्धि नै हो । मधेशी आयोग संविधान तथा ऐनले उल्लेख गरेका काम, कर्तव्य र अधिकारहरूलाई नियमित रूपमा प्रयोजनमा ल्याएको स्पष्ट देखिन्छ ।

❑❑❑

# सन्दर्भ सामग्री


Bhattachan, Krishna et al. *Existing Practices of caste-based Untouchability in Nepal and Strategy for a Campaign for its Elimination.* Actionaid-Nepal, Kathmandu, 2003.

Duvey, Dipak. Comparison of Socio Economic Development of Terai and Nepal. *Research Nepal Journal of Development Dtudies*, May 2020, Issue 1.

Hachhethu, Krishna. *Diagnostic Study of Local Governance in Federal Nepal*. The Asia Foundation, 2017.

ICG (International Crisis Group). 2011. *Nepal: Identity Politics and Federalism*. Asia Report no. 199. Brussels: IC

Nepal Health Fact Sheets 2024. Sagun's Blog, January 14, 2014.

Nepal Multidimensional Social Inclusion Index. Central Department of Sociology/Anthropology, Tribhuvan University, Kathmandu, March 2014.

Sah, Sailendra. The Impact of Climate Change in Nepal's Terai Region. *City Tech Blog*. <https://climateyou.org/2024/04/01/the-impact-of-climate-change-in-nepals-terai-region/>

नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण, २०८०, मधेशी आयोग, नेपाल।

राष्ट्रिय जनगणना, २०७८, नेपाल।

आचार्य, बाबुराम, नेपालको सांस्कृतिक, परम्परा, २०११।

मधेशी आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६, मधेशी आयोग नेपाल।

मधेशी आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७७, मधेशी आयोग नेपाल।

मधेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७८, मधेशी आयोग नेपाल।

मधेशी आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९, मधेशी आयोग नेपाल।

मधेशी आयोगको पाँचौँ वार्षिक प्रतिवेदन, २०८०, मधेशी आयोग नेपाल।

मधेशी आयोगको छैठो वार्षिक प्रतिवेदन, २०८१, मधेशी आयोग नेपाल।

❑❑❑